# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ९६

**मूल्याङ्कनका प्रधान सम्पादक लगायत बौद्धिकहरूको अपहरण !**




# चर्को गृहयुद्ध कि शान्तिवार्ता ?

कसरी रोकिनसक्छ रक्तपात ?
- डा. देवेन्द्रराज पाण्डे

माओवादीहरुलाई सरकारले बाटो दिनुपर्छ
- खड्ग ओली

के संविधान संशोधनले निकास दिनसक्छ ?
- नवराज सुवेदी

एमालेले किन 'संकटकाल'लाई अनुमोदन गऱ्यो ?
- प्रकाश




## अल्बर्ट आइन्स्टाइन

महानतम वैज्ञानिक

( चिन्तन र कर्म )

*लेखकहरू* : तुल्सीदास महर्जन
प्रज्ञानरत्न र राजेन्द्र महर्जन
*सम्पादक* : राजेन्द्र महर्जन

## एउटा कथा भन्नु न हजुरआमा

प्रख्यात साहित्यकार
रमेश विकल



## संझनाको ऐनाका तस्वीरहरू

प्रख्यात साहित्यकार
खगेन्द्र संग्रौलाको
आत्मकथा



## चाँडै बजारमा आउँदैछ




## आइज्याक न्यूटन र अन्य वैज्ञानिकहरू

चन्द्रशेखर बेंकटरामन, जोहान ग्रेगर मेण्डल, क्यारोलिन हर्स्चेल, जोसेफ लिस्टर, र दिमित्री इवानोभिच मेण्डलिफका जीवनगाथाहरु

*लेखक : तुल्सीदास महर्जन*



## विश्वविख्यातहरूको सफलताको कथा


वैज्ञानिक, दार्शनिक, राजनीतिज्ञ, शिक्षाशास्त्री तथा लेखकहरूको जीवनको झाँकी

- लेखक : राजेन्द्र महर्जन

## ढुवै पुस्तक बजारमा उपलब्ध छन्







# २०५९ सालको नयाँ आकर्षक

# रंगीन क्यालेण्डर

## सर्वत्र बजारमा उपलब्ध छ ।

अन्तर्क्रिया प्रकाशन प्रा. लि.

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष-२०, पूर्णाङ्क- ९६
चैत, २०५८



संरक्षक
डा. मथुराप्रसाद श्रेष्ठ
सल्लाहकार
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल
प्रधान सम्पादक
श्याम श्रेष्ठ
कार्यकारी सम्पादक
हरिगोविन्द लुइँटेल
सह-सम्पादक
राजेन्द्र महर्जन
सहायक-सम्पादक
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
सम्पादन सहयोगी
चन्द्र खाकी
प्रबन्ध निर्देशक
स्नेह सायमि
प्रमुख व्यवस्थापक
श्याम खड्का
लेखा व्यवस्थापक
वीरप्रसाद भंसारी
बजार व्यवस्थापक
दुर्गा खड्का
सहायक बजार व्यवस्थापक
जमुनाप्रसाद चौधरी



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित
कार्यालय
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
क - ३/८०, टेकू, काठमाडौं-१२
फोन/फ्याक्स : २६८७९१ /२१९०८५
पो. ब. नं. ७०५०, काठमाडौं
इमेल : yuwa@ntc.net.np

मूल्य : रु. २०/-


## चर्को गृहयुद्ध कि शान्तिवार्ता ?

## कसरी रोकिन सक्छ रक्तपात ?
- डा. देवेन्द्रराज पाण्डे

## माओवादीहरूलाई सरकारले बाटो दिनुपर्छ
- खड्ग ओली

## के संविधान संशोधनले निकास दिन सक्छ ?
- नवराज सुवेदी

## एमालेले किन 'संकटकाल'लाई अनुमोदन गर्‍यो ?
- प्रकाश

## सम्पत्ति जाँचबुझ न्यायिक आयोग : भ्रष्टहरू वास्तवमै कार्वाहीमा पर्लान् ?

## किन पछाडि परेका छन् राजनीतिमा महिलाहरू ?

- एमालेप्रति अपेक्षा बढेको छ
- के रोज्ने ? एमाले, माओवादी, वा....! - *हरि रोका*
- प्रधानमन्त्रीको भारत भ्रमण
- खुलामञ्चमा गिरिजाले बोल्दा हुटिङ भयो - *निर्मल लामा*
- वामदेव ? नम्बरका भ्रष्टाचारी नै हुन् त ?
- चिलीको त्रासदी फेरि दोहोरिने संभावना

**मूल्यांकनका प्रधान सम्पादक लगायत बौद्धिकहरूको अपहरण !**


**हाम्रो मूल्यांकन :**
अपहरण : अस्थिरता र अशान्ति चाहने तत्वहरूको षडयन्त्र ! ४

**घटना र प्रवृत्ति :**
गिरिजासमेत शान्तिवार्ताको पक्षमा
- *समीर थापा* ५
एमालेप्रति अपेक्षा बढेको छ ६
एकीकृत एमालेमा मालेको अनुभव मिसिएको छ
- *वामदेव गौतम* ६
सम्पत्ति जाँचबुझ न्यायिक आयोग : भ्रष्टहरू वास्तवमै कार्वाहीमा पर्लान् ?
- *विनोद ढुंगेल* १३
पुराना नामहरूमा झुण्डिरहनुको के अर्थ ?
- *हरिगोविन्द लुइँटेल* ३३

**संक्षेप :**
कम्युनिष्ट आन्दोलनको शक्तीकरण मेरो मूल प्रयत्न हुनेछ
- *सी.पी. मैनाली* ७

**बहस :**
के रोज्ने ? एमाले, माओवादी, वा...!
- हरि रोका ८
प्रधानमन्त्रीको भारत भ्रमण
- *तुल्सीदास महर्जन* १०

**अर्थतन्त्र :**
कस्तो हुन्छ वाणिज्य सन्धि नवीकरणको असर ?
- *राजकुमार के.सी.* ११
'हामी पनि प्रतिस्पर्धी भएर बढ्नै पर्छ'
- *राजेन्द्रकुमार खेतान* १२
नेपालको कुल विदेशी ऋण यसरी बढ्दैछ : ४५
नेपाली अर्थतन्त्र : आधारभूत परिसूचकहरू ४५

**विश्व कम्युनिष्ट आन्दोलन :**
चिलीको त्रासदी फेरि दोहोरिने संभावना
- *राजेन्द्र महर्जन* १७

**व्यंग्य :**
धोका
- *विमल निभा* १९

**खोज :**
किन पछाडि परेका छन् राजनीतिमा महिलाहरू ?
- *मुक्ता श्रेष्ठ* २०

**कविता / साहित्य :**
तिमी फेरि फर्क है
- *राजव* २५

**किताब :**
एमालेको हिजो र आज
- *गोविन्द वर्तमान* २६

**दर्शन :**
अन्तर्वस्तु र रूपको द्वन्दवाद
- *प्रज्ञानरत्न* २८

**आत्मकथा :**
खुलामञ्चमा गिरिजाले बोल्दा हुटिङ भयो
- *निर्मल लामा* २९

**पर्दा / रंगमञ्च :**
के संकटकाल पनि सकारात्मक हुनसक्छ ?
- *नवीन सुब्बा* ३१

**नीति-संस्कृति :**
वामदेव १ नम्बरका भ्रष्टाचारी नै हुन् त ?
- *चन्द्रदेव नेपाली* ३२

**आवरण कथा :**
चर्को गृहयुद्ध कि शान्तिवार्ता ?
- *श्याम श्रेष्ठ* ३४
कसरी रोकिन सक्छ रक्तपात ?
- *डा. देवेन्द्रराज पाण्डे* ३६
माओवादीहरूलाई सरकारले बाटो दिनुपर्छ
- *खड्ग ओली* ३८
के संविधान संशोधनले निकास दिन सक्छ ?
- *नवराज सुवेदी* ४०
एमालेले किन 'संकटकाल'लाई अनुमोदन गर्‍यो ?
- *प्रकाश* ४२

**पर्दा / रंगमञ्च :**
तामाङ्ग भाषाको छेह्रेङ्गै ४५


**पाठकको कुरो** ४६



आवरणमा : सज्जा : टाइम्स क्रिएशन, पुतलीसडक, फोनः ४३१६५२ । कलर सेपरेशनः पोलिइमेज, फोनः २५२५७१ ।
कलाकारहरूः लक्ष्मण भुजेल, जि.डि. सारू, यति ग्राफिक्स, फोन : ४३०७५२ । मुद्रणः इन्द्रेणी अफसेट प्रेस, फोनः ४३७४४८

◄ हाम्रो मूल्यांकन

# अस्थिरता र अशान्ति चाहने तत्वहरूको षडयन्त्र !



श्याम श्रेष्ठ



डा. महेश मास्के



प्रमोद काफ्ले

यस मासिकका प्रधान सम्पादक तथा समाजवादी आन्दोलन, नेपालका केन्द्रीय संयोजक एवं प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलनका सचिव श्याम श्रेष्ठलाई सरकारले अपहरण गऱ्यो । वौद्धिक ऐक्यवद्धता समूह नेपालका सह-संयोजक एवं चिकित्साकर्मी, त्रि.वि. शिक्षण अस्पतालका प्राध्यापक, नेपालको प्रजातान्त्रिक आन्दोलनका एक सक्रिय वौद्धिक व्यक्तित्व एवं यस मासिकका सल्लाहकार डा. महेश मास्केलाई पनि अपहरण गरियो । यसैगरी, मानवअधिकार संस्था 'अन्तर्राष्ट्रिय ऐक्यवद्धता समूह' (ग्रिन्सो)का अध्यक्ष एवं मानवअधिकार संरक्षण मंच (मासम)का सचिव, सक्रिय मानवअधिकारकर्मी प्रमोद काफ्ले पनि यो अपहरणको शिकार हुनुभयो ।

वरिष्ठ भारतीय पत्रकार, 'समकालीन तिसरी दुनियाँ'का सम्पादक एवं नेपालमा भुटानी शरणार्थी समस्या, कमैया समस्या, महाकाली नदी सीमा समस्यालगायतका विषयहरूमा नेपाली वौद्धिकहरू र भारतीय वौद्धिकहरूबीच विगतमा पनि बिचार आदानप्रदानका विविध आयोजनाहरूका सक्रिय अगुवा रहेका आनन्दस्वरूप वर्मालगायतका मित्रहरूको आयोजनामा हुने एक अन्तर्क्रिया गोष्ठीमा भाग लिन उहाँहरू तीनजना नयाँ दिल्लीतर्फ जाँदै हुनुहुन्थ्यो । वौद्धिक ऐक्यवद्धता समूह नेपालको पहलमा उहाँहरू त्यता जाँदै हुनुहुन्थ्यो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पुग्नु भएपछि सो विमानस्थलबाटै वा नयाँ दिल्ली पुग्नु भएपछि त्यहींबाट उहाँहरू अपहरित हुनुभयो भन्ने कुरा प्रष्ट भएको छैन ।

सरकारले उहाँहरूलाई अपहरण गरेको कुरा शुरूमा स्वीकारेन । पछि मानवअधिकारवादीहरू, नै, यसबाहेक यो कदमले सरकारको स्वेच्छारितापूर्ण निरंकुशतावादी एवं गुण्डागर्दी हदको गैरजिम्मेवार प्रवृत्तिको पनि स्पष्ट प्रदर्शन गरेको छ । अपराधीहरूबाट अपहरित हुने वा कुनै भवितव्यवश हराउने नागरिकहरूको खोजीमा नागरिकलाई मद्दत गर्नुपर्ने दायित्व बोकेको सरकार स्वयंले नागरिकहरू, त्यसमाथि पनि सार्वजनिक जीवनका प्रतिष्ठित नागरिकहरूलाई यसरी गायब पार्छ भने मुलुकमा अब कसैले पनि सुरक्षाबोध गरेर बस्न सक्ने स्थिति नरहेको प्रष्ट हुन्छ । हामी सरकारको यो तानाशाही कदम र प्रवृत्तिको घोर निन्दा गर्दछौं र उहाँहरू तीनै जनाको स्थिति सार्वजनिक गर्न र तत्कालै उहाँहरूलाई रिहा गर्न जोडदार माग गर्दछौं । यस जघन्य अपराधका निम्ति सरकारले जनतासामु सार्वजनिक रूपमा क्षमायाचना गर्नुपर्छ भन्ने माग पनि हामी यतिखेर गर्न चाहन्छौं । उहाँहरूलाई भन्दा अगाडि नै बेपत्ता पारिएका वार्ता, वार्ता, वार्ता र शान्तिपूर्ण रूपमा राजनीतिक निकासको खोजी । हामीले माथि भनेझैं यो देशलाई अनन्तसम्म अशान्तिको भुंग्रोमा धकेलिदिएर आफ्ना निहित प्रतिगामी र साम्राज्यवादी स्वार्थहरू सिद्ध गर्न चाहने तत्वहरू र राष्ट्रिय ढुकुटीबाट अन्धाधुन्ध खर्च गर्ने एवं कमिशन खाने स्वार्थ बोकेका तत्वहरू, अनि अहंकार र गैरजिम्मेवार प्रवृत्तिका भकारीहरूबाहेक यतिखेर अरू सबैको निष्कर्ष योभन्दा फरक हुन सक्दैन भन्ने हामीलाई लाग्छ । यो वस्तुगत निष्कर्ष जति आकर्षक छ, यसको क्रियान्वयन आफैं भने त्यति नै सरल वा जटीलताविहिन छैन भन्ने कुरामा पनि हामी प्रष्ट छौं । तर देशको सामु यही बाटोबाहेक अर्को उपयुक्त बाटो विद्यमान नरहेपछि यो देशका जिम्मेवार नागरिकहरूले यसनिम्ति चिन्तन र पहलमा अग्रसर हुनु अपरिहार्य छ । यो अपरिहार्यताजनित सक्रियताका लागि आज देशका स्वतन्त्र वौद्धिकहरू र चिन्तकहरूको

वौद्धिकहरू र सं.ज.मो.का अध्यक्ष अमिक शेरचन, रा.ज.मो.का महासचिव नवराज सुवेदी र नेकपा एमालेका महासचिव माधवकुमार नेपालको विशेष पहलपछि भोलिपल्ट मात्र प्र.म. शेरबहादुर देउवाले अनौपचारिक रूपमा उहाँहरूको अपहरण स्वीकार्नु भयो । ससदमा कतिपय सासदहरू र बाहिर मानवअधिकारवादीहरू, पेशागत वौद्धिकहरू, पत्रकारहरूलगायतको ठूलो दवावपछि बल्ल चैत्र ७ गते अज्ञातस्थलमा राखिएका उहाँहरू तीन जनालाई प्रमुख प्रतिपक्षी नेता माधवकुमार नेपालसँग भेट गराइयो । यो पंक्ति लेखुञ्जेल उहाँहरू रिहा हुनुभएको छैन, उहाँहरू कहाँ राखिनुभएको छ भन्ने जानकारी पनि दिइएको छैन, परिवारका सदस्यहरूलाई समेत भेट गर्न दिइएको छैन र सरकारले उहाँहरूको औपचारिक जिम्मा पनि लिएको छैन ।

शेरबहादुर देउवा सरकारले संकटकालको नाम र निहुँमा श्याम श्रेष्ठ, डा. महेश मास्के र प्रमोद काफ्लेलाई यसरी अपहरण गरेर नागरिकहरूको वाक् र हिंडडुल गर्न पाउने नैसर्गिक हक खोस्ने निन्दनीय र प्रजातन्त्र विरोधी काम गरेको त छ साँघु साप्ताहिकका सम्पादक गोपाल बुढाथोकी, प्राध्यापक डा. प्रकाशमान श्रेष्ठ, अधिवक्ता रामनाथ मैनालीलगायत, संचारकर्मी र वौद्धिक व्यक्तिहरू र अन्य सर्वसाधारण निर्दोष जनताको पनि शीघ्र रिहाइको माग हामी गर्दछौं ।

हाम्रा प्रधान सम्पादकलगायतको यो सरकारी अपहरणमा देशमा अनन्त समयसम्म अस्थिरता र अशान्ति चाहने तत्वहरूको षडयन्त्र रहेको छ भन्ने कुरा प्रष्ट छ । कारण, डा. मास्के, प्रमोद काफ्ले वा वौद्धिक ऐक्यवद्धता समूहका वा प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलनका सहकर्मीहरूलगायत हामी 'मूल्यांकन' परिवार निरन्तर युद्धविराम र शान्तिवार्ताको पक्षमा दृढतापूर्वक आवाज उठाइरहेका छौं । सरकार र माओवादी दुवैका हठहरू र ज्यादतीहरूका विरुद्ध हामी स्वतन्त्र र निष्पक्ष ढंगले तीव्र आलोचनात्मक रहँदैआएका छौं । कुनै पूर्वाग्रह वा निहित स्वार्थभन्दा माथि उठेर देशको वर्तमान स्थिति, औकात र मनोविज्ञानको वस्तुगत समीक्षा गरी निकालिने निष्कर्ष यहीमात्र हुनसक्छ भन्ने हाम्रो दावी छ- भूमिका अरू महत्वपूर्ण हुने निश्चित छ । कोही शेरबहादुरहरू चिढिएलान् वा कोही प्रचण्डहरू चिढिएलान् भनेर आज अशान्तिको भुंग्रोमा जलिरहेको देशलाई टुलुटुलु हेरेर बस्नु स्वयंमा गैरजिम्मेवार हुनु हो भन्ने हामीलाई लाग्छ ।

यो जिम्मेवारीबोध आज वर्तमान नेपाली कांग्रेसको सरकारलाई सुपाच्य नहुनु दुर्भाग्यपूर्ण कुरा हो । अझ, त्यसमाथि पनि प्र.म. शेरबहादुर देउवालाई यो सुपाच्य नहुनु थप विस्मयकारीसमेत रहेको छ, जो स्वयंले श्याम श्रेष्ठलाई वार्ताको निम्ति सहजकर्ताको रूपमा काम गरिदिन र वार्ताको निम्ति पहल गरिदिन आग्रह गर्नुभएको थियो । यसैअनुरूप विगतको तेस्रो चरणको वार्ता सम्पन्न भएको, असोज ५ को राजधानीमा आयोजित चर्चित भयंकर स्वरूपको माओवादी प्रदर्शन रोकिएको र यसको लगत्तैपछि माओवादीले आफ्नो मागमा लचकता देखाएको कुरामा अरूलाई शंका रहेछ भने पनि प्र.म. देउवा र उहाँका निकटतम् सहयोगी, सल्लाहकारहरूलाई शंका नरहनु पर्ने हो । दश वर्षअघि प्रचण्डको अतिवादी लाइनका विरुद्ध

सुस्पष्ट वैचारिक मतभेद राखी र मुलुकको वाम तथा प्रजातान्त्रिक आन्दोलनमा वैचारिक अस्पष्टताको विकराल समस्या रहेको बोध गरी सो समस्या हल गर्ने दिशामा आफ्नो सामर्थ्यको सीमाभित्र रही यथाशक्य प्रयत्न गर्ने प्रतिबद्धता बोकी श्याम श्रेष्ठलगायत 'मूल्यांकन'को संस्थापक कार्यकारी टिम पार्टी छोडेर स्वतन्त्र रूपमा सक्रिय रहेको हो । यो *कुरा संकटकाल* लागु भएपछि राजनीति पढ्न थालेका सुरक्षा-*नोकरशाहहरू* र पढ्ने-लेख्ने, बुझ्ने कामलाई आफ्नो एजेण्डाबाट कोसौंकोस पर फालिसकेका केही हचुवा र सुविधाखोर सत्ताधारी राजनीतिक व्यक्तिहरूबाहेक सबै गम्भीर अध्येता र जिम्मेवार बौद्धिकहरूलाई राम्ररी नै थाहा भएको कुरा हो ।

यही पृष्ठभूमिमा परिचय र विश्वासको पात्रको खोजीमा श्याम श्रेष्ठसम्म आइपुगेको 'मध्यस्तता'को प्रस्तावलाई हामीले राष्ट्रिय दायित्वको रूपमा सोचेर स्वीकारेका हौं । बाँकी, न हामी सरकारसँग हुबहु सहमत छौं, न त माओवादीसँगै नै । यस अर्थमा हामी कसैको पनि निहितार्थका बाहक हुन सक्दैनौं र भएका छैनौं । यसको प्रमाण खुला रूपमा 'मूल्यांकन'का आजसम्मका ९६ वटा अंकहरूको ठेली रहेको छ । यो स्थितिमा श्याम श्रेष्ठसमेतको यो अपहरण भनेको भविष्यमा देशको निम्ति जरूरी र सम्भावित कुनै पनि वार्तामा मध्यस्तकर्ताको भूमिका खेल्नेहरूलाई हतोत्साहित तुल्याउने षडयन्त्रपूर्ण मित्रघातसमेत हो भन्ने हामीलाई लाग्छ ।

सरकारद्वारा चालिएको यो नितान्त गैरकानूनी कदम सत्ताधारीहरूद्वारा संकटकालको दुरूपयोगको पनि ज्वलन्त नमूना हो । यतिखेर संकटकाललाई अनुमोदन गर्ने राजनीतिक पार्टीहरूले यस्तो दुरूपयोग रोक्नु र यस्तो दुरूपयोगको मौका प्रदान गर्ने संकटकाल घोषणाबारे नै तुरुन्तै पुनर्विचार गर्नु जरूरी छ भन्ने कुराको थप पुष्टि निर्दोष जनताहरू यसरी थुनिएका मात्र होइनन्, कतिपय त मुलुकका विभिन्न स्थानमा अनाहकमा मारिएका समेत घटनाहरूले गरेका छन् । प्रस्तावक नेपाली कांग्रेसमात्र होइन, समर्थक एमाले, राप्रपा र सद्भावना पार्टीहरू यो दुरूपयोग र ज्यादतीहरू रोक्न सक्दैनन् र आफू सुरक्षा निकायहरूको फगत लाचार छायाँ मात्र बन्छन् भने यो उनीहरूको कायरता मात्र होइन, मुलुकप्रतिको जघन्य अपराध नै ठहरिनेछ । यस सन्दर्भमा उनीहरू गम्भीर भएको नपाइनु मुलुकको प्रजातान्त्रिक आन्दोलनका निम्ति अर्को दुर्भाग्यको कुरा हो ।

जिम्मेवार नेपालीहरूले आफ्ना अडानसहित जसलाई पनि भेट्ने अधिकार रहन्छ । त्यसमाथि पनि आनन्दस्वरूप वर्माहरू भारतमा कुन विचारप्रति झुकाव राख्छन् वा राख्दैनन्, त्यो हाम्रो सरोकारको विषय रहेन । मुख्य कुरा, उनीहरू बर्षौं अघिदेखि नेपाली जनताका समस्याहरूप्रति चिन्तित र नेपालका विविध विषयप्रति चासो राख्दै आएका प्रतिष्ठित र खुला व्यक्तिहरू हुन् । र, उनीहरूले नेपालीहरूलाई बेलाबेलामा आफ्ना विचार तथा मान्यताहरू भारतीय जनतामा प्रस्तुत गर्ने मंच प्रदान् गर्दै आएका छन् । करीब डेढ महिना अघिदेखि नै आमन्त्रण आएको यो अन्तर्क्रिया-गोष्ठीमा यसै आधारमा श्याम श्रेष्ठहरू जान लाग्नुभएको हो । यसमा कुनै 'रहस्य'को शंका गर्नु शेरबहादुर देउवाहरूको निकृष्टतामात्र हैन, निरीहता पनि हो भन्ने हामी ठान्दछौं । कारण, त्यस्तो कुनै रहस्यमय यात्रा गर्नु थियो भने श्रेष्ठ, मास्के र काफ्ले वा जो कोही पनि यसरी विमानबाट खुला रूपमा जाँदैनथे । नयाँदिल्लीसम्म पुगेको अवसरमा त्यहाँ रहँदाका एक-दुई दिनको समयावधिमा श्याम श्रेष्ठले पत्रिकासम्बन्धी अन्य कामहरू, डा. मास्केले आफ्नो चिकित्सा विषयक अनुसन्धानसँग सम्बन्धित कामहरू वा प्रमोद काफ्लेले मानवअधिकारसम्बन्धी अन्य जरूरी कामहरू पनि सम्पन्न गरेर फर्कने योजना गर्नुभएको थियो ।

'मूल्यांकन'को आजसम्मको वस्तुनिष्ठता र निर्भिकताबाट तिल्मिलाएका केही प्रतिगामी तत्वहरूले विगतका यसका विविध अंकहरूका सत्यनिष्ठ विश्लेषणहरूका विरुद्ध 'बदला लिने' अवसरको रूपमा आजको स्थितिलाई उपभोग गर्न सक्ने सम्भावनाबारे पनि हामी सचेत छौं । यतिखेर हामी हाम्रा तमाम पाठकहरूलाई के कुरामा आस्वस्त पार्न चाहन्छौं भने, कुनै पनि स्थितिमा हामी हाम्रो वस्तुनिष्ठ क्रियाशीलतालाई निस्क्रिय पार्ने छैनौं । हामी यो देशको वाम तथा प्रजातान्त्रिक आन्दोलनमा विचार-स्पष्टताको पहलका निम्तिको हाम्रो प्रतिबद्धतामा जति गौरवान्वित छौं, त्यति नै हाम्रा प्रवुद्ध सल्लाहकारहरू, सहयोगी लेखक र चिन्तकहरूको हार्दिकतापूर्ण सहयोगमा गौरवान्वित छौं । यसैगरी हामी गौरवान्वित छौं- देश-विदेशका हज्जारौं प्रवुद्ध ग्राहकहरू र लाखौं पाठकहरू, जसले हामीलाई हरेक मोड र अवसरहरूमा न्यानो साथ दिंदै आउनुभएको छ । ❑

# गिरिजा समेतले शान्ति-वार्ताको कुरा उठाए

मुलुकको गम्भीरतम् समस्याको रूपमा रहेको गृहयुद्धको स्थितिलाई अन्त्य गरेर शान्तिको स्थापना गरिनुपर्ने विचार अहिले चारैतिरबाट उठ्न थालेको छ । खासगरी सत्तारूढ नेपाली कांग्रेस पार्टीभित्र पनि विद्यमान संकटकाल र युद्धका विपक्षमा मतहरू प्रकट हुन थालेका छन् । मुलुकलाई शान्तिपूर्ण बाटोमा हिंडाउन यो मतलाई व्यवस्थित रूपले राजनीतिक वृत्तमा सामेल गराउनु अहिलेको प्रमुख आवश्यकता देखिएको छ ।



यतिबेला नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालादेखि लिएर कांग्रेसका दोस्रो पुस्ताका नेता चक्रप्रसाद बाँस्तोला र खुमबहादुर खड्कासमेत प्रधानमन्त्री देउवाको शान्तिवार्ताविरोधी हठको विपक्षमा देखिएका छन् । यो सकारात्मक कुरा हो । यसले विद्यमान गृहयुद्ध र त्यसले ल्याएको संकटकाललाई समाप्त पार्न प्रभावकारी पाइलो चालिन सक्ने संकेत देखाएको छ ।

यस्तो लाग्छ, विद्यमान संकटकाल र गृहयुद्धको समाप्तिका निम्ति वैकल्पिक प्रयासहरू कांग्रेसभित्रैबाट पनि केही मात्रामा शुरू भएका छन् । एक समाचारअनुसार, कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाकै निर्देशनमा नेकाको दोस्रो पुस्ताका नेता चक्रप्रसाद बाँस्तोलाले तीन हप्ता अघिमात्र माओवादीका केन्द्रीय नेता ईश्वरी दाहालसँग भेट गरेका थिए । बाँस्तोलाले फागुनको दोस्रो साता भारत जाँदा त्यहीं नै ती नेतासँग भेट गरेको अनुमान गरिएको छ । वास्तोलालाई गिरफ्तार गर्नुपर्छ भनी केही कांग्रेसी सांसदहरूले संसदमा कुरा उठाउंन थालेको कारण यो भेटको खबरलाई गिरिजाप्रसाद कोइरालाले पछि इन्कार गर्नु अर्को कुरा हो । तर उंता, नेपाली कांग्रेसको केन्द्रीय समितिको बैठकमा पनि बाँस्तोलाले संविधानसभाका लागि जनमत संग्रह गर्नुपर्ने विचारसमेत अप्रत्यक्ष रूपमा व्यक्त गरेको कुरा प्रकाशमा आउनुले बास्तोला आज राजनीतिक लचकको आवश्यकता रहेको निष्कर्षको नजिकमा पुग्नुभएको संकेत गरेको छ । यस्तो विचारमा बहालवाला गृहमन्त्री खुमबहादुर खड्काको पनि सहमति सार्वजनिक भैसकेको छ ।

यसबाट नेपाली कांग्रेसभित्रको गिरिजाप्रसाद कोइराला पक्षधरहरूको एउटा हिस्साले वर्तमान संकटको निकास पहिल्याउने प्रयत्न थालेको प्रतीत हुँदैछ ।

यिनै घटनाचक्रहरूका बीचमा गएको फागुन २९ गते नेकपा माओवादीले एक वक्तव्य जारी गरी संविधानसभा र त्यसको चुनावका निम्ति अन्तरिम सरकारको मागलाई शान्तिवार्ताको पूर्व शर्तका रूपमा राख्दै वार्ताका निम्ति आफू तयार रहेको घोषणा गरेको छ । यसरी मुलुकका बुद्धिजीवीहरू, आमनागरिकहरू र नेपाली कांग्रेसकै बहुमत पक्षले समेत अहिले युद्धरत दुबै पक्षलाई वार्ता र युद्धविरामका निम्ति वातावरण बनाउन प्रत्यक्ष तथा अप्रत्यक्ष शैलीमा अपील गरिरहेका छन् । त्यस्तो युद्धविरामपछि सभव हुनसक्ने शान्तिवार्ताका निम्ति सरकारले गम्भीरतापूर्वक विचार गरेर वातावरण बनाउन थालेमा निर्दोष तथा युद्धरत थुप्रै नेपालीहरूको ज्यान जोगिने थियो । सबैलाई थाहा हुनुपर्ने हो- मानिस मार्नु बहादुरी होइन, उनीहरूलाई ठीक ढंगले जोगाउनु र उनीहरूको वैचारिक परिमार्जन गर्नु बहादुरी हो । गृहयुद्धकै बीचबाट पनि पाठ सिकेर देउवा सरकारले त्यस्तो बहादुरी देखाउने आँट गर्न सक्ला ? यो प्रश्न अहिलेको महत्वपूर्ण प्रश्न हो । यदि यस प्रश्नलाई निरन्तर उपेक्षा गरिरहने हो भने यस मुलुकको कल्याण मृगमरीचिका मात्रै साबित हुनेछ । त्यसैले पनि संकटको निकास शान्तिवार्ता नै हुनुपर्छ र त्यस वार्ताद्वारा साँचो अर्थको शान्ति पुनर्स्थापना हुनु पर्दछ भन्नेमा अहिले जनमत. निर्माण भइरहेको छ ।

❑ *समीर थापा*



# एमालेप्रति अपेक्षा बढेको छ

चार वर्षपछि हालै आएर ने.क.पा. एमालेमा वामदेव गौतमहरूको ने.क.पा. माले एकीकृत भएपछि छैठौं महाधिवेशनअघिको समयावधि अघिदेखि यी दुईथरिका बीच रहेको तीव्र कटुताको अन्त्य भई एक हदसम्मको हल निस्किएको छ । वाम एकताप्रेमी नेपाली जनतालाई यो एकताको खबर एउटा उत्साहप्रद खबर भएर आएको छ । नेपाली कांग्रेसले एक दशकभन्दा बढी समय गरेको कुशासनबाट वाक्क-दिक्क भएका नेपाली जनताले एमालेको यो पुनः एकीकरणबाट एउटा उल्लेखनीय राहत अनुभव गरेका छन् । विगतमा एमालेको बीचमा आएको फूटका कारण आफूमा समस्त अयोग्यताका बावजूद सांसद पदहरूमा ने.का.ले बहुमत सिट जितेको थियो । अब एकता भएपछि विगतको यो राष्ट्रिय नोक्सानीलाई एमालेले दोहोरिन दिनेछैन भन्ने विश्वास आम जनतामा पर्न गएको छ । यद्यपि फूटको अवधिभित्रका अनावश्यक कटुताहरूबाट एमालेको साविक शक्तिमा केही क्षति पुग्न गएको त छ नै । तर पनि अब कांग्रेसको विकल्पमा उभिन सक्ने एकमात्र शक्तिको रूपमा एमाले नै देखापरेकोले त्यो क्षतिलाई पनि आवश्यक उपचार गरी जनताले एमालेप्रति आफ्नो आशा खन्याउने सम्भावना बढेर गएको छ ।

यो स्थिति एमाले नेतृत्वका लागि एकातिर ठूलो अवसर हो भने, अर्कातिर यो ठूलो चुनौती पनि हो भन्ने हामीलाई लाग्छ ।

अवसर यसकारण कि यो एकताले एमाले-मालेबीचमा विभाजित शक्ति एकै ठाउँ आएको छ । दोहोरो खर्च र प्रयत्नहरू घट्ने भएका छन्, जनशक्ति थपिएको छ । दुईथरीले टक्कर गरेर खर्चिनु परिरहेको समय, शक्ति र स्रोतको बचत हुने भएको छ ।

चुनौती यसकारण कि यो एकताले माथि भनिएझैं जनतामा बढाएको अपेक्षाका साथै यसले दुईबीचका विद्यमान भिन्न मतहरूको उचित व्यवस्थापनको कौशलको पनि माग गरेको छ । यो कौशलको मामलामा छैठौं महाधिवेशनताका एमाले नेतृत्व अपेक्षित दक्ष हुन नसकेकै कारण अनावश्यक फूट भएको थियो । यसबाहेक एकतामा आएका दुई पक्षहरूका भिन्नभिन्न तल्ला सांगठनिक इकाईहरूको सम्मानजनक एकता हासिल गर्नु पनि नेतृत्वका सामु रहेको अर्को चुनौती नै हो । नेता-नेताहरू त मिले, तर तल हिजोसम्म तीव्र विवाद गरेर बसेका कार्यकर्ताहरूबीच आपसी सम्मान र विश्वास कसरी सिर्जना गर्ने ? -यो प्रश्नको उचित हल खोज्न सकेमा मात्र एमालेको वर्तमान एकता संख्यात्मक जोडमात्र नभई उर्जापूर्ण गुणन हुन सक्नेछ ।

मुलुकको संसदीय राजनीतिको परिदृश्यमा यसै पनि प्रमुख प्रतिपक्षीको जिम्मेवारी बोकिरहेको एमालेका सामु एकीकृत भई 'ठूलो' भएपछि यो जिम्मेवारीलाई कसरी सशक्त बनाउने भन्ने ध्याउन्ना नथपिने हो भने जनतामा एमालेप्रति बढेको आशा एकाएक निराशामा बदलिने भय विद्यमान रहेको छ । हाल एमालेले विविध कारण देखाई अनुमोदन गरेको संकटकाललाई नेपाली कांग्रेसको सरकारले व्यापक रूपमा दुरूपयोग गर्ने संभावना व्यवहारमा देखिएको छ । यस मामलामा कांग्रेस सरकारको भुलभुलैयामा नफसीकन आमजनताको पक्षमा एमालेको दह्रो जनपक्षीय उपस्थिति जनताले चाहेको छ । एमाले यसमा चुक्यो भने कांग्रेसले गरेको 'पाप'को भागीदार ऊ स्वयं पनि हुनुपर्ने हुनाले यतिखेर एमाले एकदमै चनाखो, दृढ र बुद्धिमान हुनु जरूरी छ । सरकारले गरिरहेका सम्पूर्ण ज्यादतीहरूको समयमै नियन्त्रण गर्ने आफ्नो ठूलो दायित्वलाई सम्हाल्न जरूरी संगठनात्मक व्यवस्थापनसमेत गरी एमालेले आफूलाई चुस्त, सक्रिय र दृढ बनाउनु जरूरी छ । यस निम्ति अन्य वामपन्थी मित्रहरूसँगको सम्भव स्तरको एकता र अन्तर्क्रियालाई पनि एमालेले उच्च प्राथमिकतासाथ अगाडि बढाउनु जरूरी छ ।

हेरौं, हिजोभन्दा बलियो र ठूलो भएको एमालेका नेता-कार्यकर्ताहरू यी सवालहरूमा आज कत्तिको गम्भीर हुने हुन् !

❑ सूर्य शर्मा

## एकीकृत एमालेमा मालेको अनुभव मिसिएको छ



- वामदेव गौतम -

**निश्चितै रुपमा हिजो मालेमा भिन्न विचारहरु थिए र अहिले एमालेमा पनि त्यो स्थिति कायम नै छ**

❁ माले र एमालेको एकीकरणपछि अब एकीकृत एमाले कसरी अगाडि बढ्दै छ ?


– नयाँ किसिमले अगाडि बढ्ने भन्ने त्यस्तो केही छैन । यो पार्टी पहिले जसरी अगाडि बढिरहेको थियो, अहिले पनि त्यसरी नै अगाडि बढ्छ । यसको नयाँ सिद्धान्त नयाँ विचार भन्ने त्यस्तो कुरो केही छैन ।

तर एउटा कुरा के सत्य हो भने अहिले एमालेमा मालेको अनुभव पनि आएर मिसिएको छ । त्यस्तैगरी एमालेमा मालेको शक्ति पनि मिसिन आएको छ । यी कुराहरुको जोड नै अहिलेको एमालेको राजनीतिक निष्कर्ष बनेको छ ।

❁ केन्द्रीय स्तरमा एकीकरण भएपनि स्थानीय स्तरमा एकीकरण हुन अझै बाँकी छ । स्थानीय स्तरमा हेर्दा एकीकरणका निम्ति मानसिक समस्या पनि छ जस्तो देखिन्छ । यो समस्यालाई कसरी हल गर्ने सोचाइ बनाउनु भएको छ ?

– समस्या आउनु स्वभाविक छ । त्यसरी केही पनि समस्या नभएको भए त यो एकीकरण धेरै पहिले नै भइसक्ने थियो । निश्चितै रुपमा हिजो मालेमा भिन्न विचारहरु थिए र अहिले एमालेमा पनि त्यो स्थिति कायम नै छ । त्यसैले समस्या आउनुमा कुनै अस्वभाविकता रहेन । तर यो समस्यालाई स्थानीय स्तरदेखि जिल्ला, अंचल गरी क्रमिक रुपमा हल गर्दै लाने काम पार्टीले गर्दैछ । यसका लागि नेकपा (एमाले)को संगठन विभागले योजना बनाउँदैछ । ❑

# कम्युनिष्ट आन्दोलनको सशक्तीकरण मेरो मूल प्रयत्न हुनेछ



**सी.पी. मैनाली**

*यसपटक सी. पी. मैनालीसँग गरिएको वार्ता- संक्षेप प्रस्तुत छ । जीतवीर लामा, लव प्रधान, टंकराई र ऋषि कट्टेलसहित उहाँ अहिले मालेको पुनर्निर्माणमा जुटिरहनुभएको छ । यो पार्टी निर्माण मार्क्सवादी लेनिनवादी दर्शन र सिद्धान्तअनुरूप मालेभित्र शुद्धीकरणको आधारमा पुनर्गठन गरेर सम्पन्न गर्ने कुरा उहाँले 'मूल्यांकन'लाई बताउनुभएको छ ।*

*+ एमालेमा जानुभएन, अब के गर्दै हुनुहुन्छ ?*

- नेकपा मालेलाई शुद्धीकरणको आधारमा पुनर्गठन गर्ने काममा लागेका छौं ।

*+ पुनर्गठनको प्रक्रिया कस्तो हुनेछ ?*

- हामी नेकपा मालेको चार वर्षदेखि खडा गरिएको संरचनालाई नै पुनर्गठन गर्छौं । र, त्यसको गुदीमा शुद्धीकरण गर्छौं । मार्क्सवाद, नयाँ जनवादको सिद्धान्त र अरू धेरै मार्क्सवादी नीतिको आधारमा पुनर्गठनको काम अघि बढ्छ ।

*+ तपाईंसँग देशभक्त तथा प्रजातान्त्रिक मंच पनि छ । तपाई त्यसमै बढी सक्रिय हुनुहुन्छ कि कम्युनिष्ट आन्दोलनमै प्रत्यक्ष रुपले सक्रिय हुने विचार छ ?*

- कम्युनिष्ट पार्टीको पुनर्गठन तथा कम्युनिष्ट आन्दोलनको एकताबद्धता र सशक्तीकरण मेरो मूल प्रयत्न रहनेछ । त्यसलाई अघि लानकै निम्ति हामी मोर्चा संगठनको निर्माणलाई प्रोत्साहित गर्नेछौं । त्यतिमात्र नभएर अहिले सामाजिक संकटको राजनीतिक निकास निकाल्नका निम्ति अधिकतम सुधारको कार्यक्रमको आधारमा एउटा वृहत् वाम प्रजातान्त्रिक मोर्चा संगठन बनोस् र मोर्चा-आन्दोलन विकास होस् भन्ने कुरामा पनि हामी सक्रियतासाथ लाग्नेछौं ।

*+ निकै सानो शक्तिबाट विकसित हुनका लागि के के उपायहरु अवलम्बन गर्नुहुन्छ ?*

- संगठनको, आन्दोलनको पहिलो कुरा भनेको उसले अपनाउने दर्शन, सिद्धान्त, लक्ष्य, कार्यक्रम र कार्यक्रम परिचालनका कार्यनीति आदिहरू नै हुन् । पहिले यिनै कुराहरूमा दोषहरू भएकाले मालेले चरम असफलता भोग्नुपर्‍यो । त्यसलाई सच्याउन आँट नहुनेहरू पलायन भएर एमालेमा छिर्न पुगे । हामी विगतकालमा मालेभित्र भएका गल्ती-कमजोरीहरूलाई सच्याउँदै अगाडि जान्छौं । दोस्रो कुरा, अगाडि जाने पहिलो आधारचाहिँ साइनबोर्ड-अनुसारको सिद्धान्त हुनुपर्‍यो । कम्युनिष्ट पार्टीअनुरूपको जनवादी रूपान्तरणको सिद्धान्त हुनुपर्‍यो । जनता र राष्ट्रको आवश्यकता-अनुरूपको तत्कालीन कार्यक्रम हुनुपर्‍यो । र, तेस्रो त्यसलाई लागू गर्ने प्रतिबद्धता हुनुपर्‍यो । यी तीनवटै कुरालाई लिएर हामी पार्टी बनाउँछौं ।

*+ अहिलेको राष्ट्रिय आवश्यकता-चाहिँ के हो त ?*

- देशको अहिलेको आवश्यकता भनेको न नेपाली कांग्रेसले अवलम्बन गरिरहेजस्तो यथास्थितिवाद हो, न हिंसात्मक बलले शीघ्र खोजिएको आमूल परिवर्तन नै हो । विवादास्पद रहेको संविधान सभाका निम्ति जनमत संग्रह गरेर भए पनि अधिकतम सुधारमा जानु र त्यसलाई कार्यान्वयन गर्नु नै अहिले देशको आवश्यकता हो । त्यही अधिकतम सुधारका निम्ति हामी एउटा वृहत् वाम-प्रजातान्त्रिक मोर्चा बनाउँदै मोर्चा-आन्दोलनको विकासमा लाग्छौं । यस्तो प्रयत्नले बनाउने सकारात्मक वातावरणभित्र हामी कम्युनिष्ट पार्टीको निर्माणलाई प्रोत्साहित गर्छौं ।

*+ जसलाई पनि पार्टीमा हुल्ने दृष्टिकोणले पनि एमालेमा यो हदको विचलन आएका हो । तपाईंहरु पनि मार्क्सवादमा सरोकारै नभएकाहरुलाई पार्टीमा हुलेर संगठन बढाउने सुरसारमा त हुनुहुन्न ?*

- एमालेको विचलनको पहिलो दोष उसको दृष्टिकोणको दोष नै हो । एमालेले कम्युनिष्ट पार्टीलाई खालि भोट बटुल्ने सिद्धान्तविमुख मास पार्टीमा विकसित गर्‍यो । हामी भुक्तभोगीसमेत भएकाले यी सबै कुराका बारेमा जानकार छौं । त्यसकारण अहिलेको राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवेशमा, देशभित्रको पूंजीवादी प्रजातन्त्रको यो विशिष्ट अवस्थामा हामीहरू पार्टी निर्माणका मापदण्ड र नीतिहरू बडो सुविचारित ढंगले अघिसार्ने छौं ।

*+ त्यसको अर्थ तपाईंहरु प्रतिगामी र प्रतिक्रियावादी वर्गका व्यक्तिहरुलाई पार्टीभित्र हुल्नु हुन्न भन्ने हो ?*

- बिल्कुल ! यसमा कुनै शंकै छैन । यस कुरामा हामी एकदम स्पष्ट छौं । पार्टी नीति, विचार र सिद्धान्तप्रति जागरूक र प्रतिबद्ध मानिसहरू नै हाम्रो पार्टीमा पस्नेछन् ।

*+ एमालेसँग तपाईंहरुको अबको सम्बन्ध कस्तो हुनेछ ?*

- एमाले भनेको वास्तवमा बिग्रिएको र नाम मात्रको कम्युनिष्ट पार्टी हो । राजनीतिक चरित्रको दृष्टिले त्यो सोशियल डेमोक्रेटिक संगठन हो । राष्ट्रिय राजनीतिमा हेर्ने हो भने त्यो अझै एउटा वामपन्थी पार्टी हो । एमाले मार्क्सवादी लेनिनवादी लेफ्ट होइन कि सोशियल डेमोक्रेटिक लेफ्ट हो । एमालेको त्यही हैसियतअनुसार हामी उसँग व्यवहार गर्छौं । ❑

**प्रस्तुति : गोविन्द वर्तमान**

सूचना !
सूचना !!!
सूचना !!!

"राष्ट्रिय कृषि गणना- २०५८ संचालन भइरहेको छ । घरदैलोमा आउने कर्मचारीहरुलाई सही विवरण दिई सहयोग गरौं ।"

केन्द्रीय तथ्यांक विभाग

◀ बहस

# के रोज्ने ?
# एमाले, माओवादी, वा...!



- हरि रोका -

मेरा मित्र टंक राईले भेट्नासाथ सोध्नुभयो, "कमरेड ! बाँकी रहेको खरानीमा आगोको फिल्को खोज्ने होइन ?"

म एकछिन अकमक्क परें, टोल्हाएँ र सम्झिएँ । झण्डै दुई वर्षअघि 'कान्तिपुर' दैनिकमा मैले एउटा लेख लेखेको थिएँ, शीर्षक थियो- 'मालेको खरानीमा नयाँ जीवनको खोजी' । त्यतिखेर म मालेको केन्द्रीय सदस्य थिएँ । संझना भएअनुसार नेकपा मालेका तत्कालीन महासचिव वामदेव गौतमले निर्वाचन सुधार सुझाव आयोगलाई एउटा लिखित सुझाव पेश गरेका थिए । त्यसमा प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन, प्रधानमन्त्री उम्मेदवारका लागि राजाको अनुमोदन, प्रधानमन्त्री राजतन्त्रप्रति उत्तरदायी हुने आदि कुरा थिए । समग्रमा, त्यो सुझावको मूल आशय संवैधानिक राजतन्त्रको तत्कालीन भूमिकाबाट राजालाई उचाल्ने र सक्रिय राजतन्त्र ल्याउने थियो ।

हुन त, कमरेड वामदेव गौतमका कामकारवाही र बोलीव्यवहार तथा लसपसले उहाँ कुनै पनि अवसर छोड्नु हुन्न भन्ने दर्शाइरहेका थिए । तथापि यसरी लिखित कुरा लेखेर पार्टीमा अनुमोदनार्थ प्रस्तुत गर्नु होला भन्ने लागेको थिएन । थोरै कुरा सच्याएर केन्द्रीय कमिटीले यसलाई पारित गर्‍यो । त्यसबेला आफ्नो मतभिन्नता जनाई तत्कालीन केन्द्रीय कमिटीका पाँच जनाले भिन्नमत लेखेका थियौं । तर त्यो भिन्नमतको नेकपा मालेमा कुनै अर्थ थिएन । त्यो घटनाले गर्दा मैले ठानें- एउटा मार्क्सवादी-लेनिनवादी पार्टीको वैचारिक रूपमा अवसान भयो, बाँकी केही छ भने प्रयत्न गरौं भन्ने अर्थमा मैले त्यो लेख लेखेको थिएँ । लेख चर्चित भयो तर त्यसवापत, केही महिनापछि भएको मालेको प्रथम राष्ट्रिय सम्मेलनमा वामदेव गौतम पक्षधर कमरेडहरूले सम्मेलनको हलमा मेराविरूद्ध घण्टौं नारावाजी गरेका थिए । र, मैले जीवनमा सबैभन्दा पहिलो पटक एउटा गतिलो हुटिङ्ग भेटेको थिएँ ।

एमालेसँग राजनैतिक, वैचारिक तथा व्यावहारिक मतभेद राखेर पार्टी फुटाएपछि हामी माले बनाउने अभियानमा लागेका थियौं । तर शुरूवातका केही दिनभित्रै के पत्ता लाग्यो भने, नयाँ माले बनाउन आएकाहरूमध्ये हामी चार खालका मान्छेहरू थियौं । पहिलोथरी, व्यक्तिगत इर्ष्या र उच्च महत्वाकांक्षाका कारण एमाले नेतृत्वलाई 'देखाइदिन' आएका थिए । दोस्रोथरी, हङ् पार्लियामेन्टको तात्कालीन शक्ति सन्तुलनमा बन्ने मन्त्रिपरिषदमा मन्त्री र अन्य पदहरू हात पार्न आएका थिए । तेस्रोथरी, केन्द्र तथा जिल्लाका बहुमतपक्षीय पार्टी नेता, कार्यकर्ताहरूबाट पीडित भएर खप्न नसकी न्यानो छहारी खोज्न आएका थिए । र चौथोथरी, एमालेसँग सैद्धान्तिक-वैचारिक भिन्नता राखेर एमाले दक्षिणपन्थी भासमा पुगेको ठहर गर्दै क्रान्तिकारी पार्टीको निर्माण गर्न आएका थिए ।

केही मिटिङ, केही क्रियाकलापबाट थाहा भयो कि मालेभित्र एकमत हुन सक्दैन । माले क्रान्तिकारी पनि बन्न सक्तैन । अरू भनौं, माले सुधारवादी पनि हुन सक्तैन । माथि उल्लेखित पहिलो र दोस्रो पंक्तिका साथीहरूको केन्द्रीय संगठन कमिटीमा बहुमत थियो । तथापि के गर्ने ? -पार्टी फुटिसकेको थियो र त्यहाँ फर्कनुभन्दा अर्को विकल्प थिएन । चुनाव आयो, गयो, हारियो, तर नेतृत्वले न त पाठ सिक्यो न त आफूलाई बदल्यो । महासचिव विस्तारै गल्दै जानुभएको थियो । उहाँको भित्री मनशाय एमाले पस्ने थियो । आफ्नो कोटेरीभित्र उहाँ सबै सल्लाह-मसविरा गर्नुहुन्थ्यो । भित्रभित्रै वार्ताहरू शुरू भैसकेका थिए ।

यसले कार्यकर्तामा निराशा र कुण्ठा शुरू भयो । पोखराको पहिलो भेलापछि विस्तारै गल्ती र क्षमायाचनासहित केही एमाले फर्किए, केही क्रान्तिकारी बाटो समात्न माओवादीतिर लागे । तैपनि माले हल्लिरह्यो, 'ओल्लो घाट न पल्लो तीर' भनेझैं । किनभने एमाले चाहिं माले बनेकाहरूको सेखी झारेर मात्र उनीहरूलाई आफूमा लिन चाहन्थ्यो । त्यसैले यो बीचमा कहिले वामदेवले यसलाई हल्लाइरहे, कहिले सी.पी.मैनालीले यसलाई तताइरहे । माले नचल्ने निश्चित थियो । त्यसैले विकल्पको रूपमा हामीले पनि तेस्रो धारको कल्पना गर्‍यौं । तेस्रो धारको अवधारणा र स्वरूपलाई मूर्त रूप दिने प्रयत्न गर्‍यौं, तर थुप्रै राजनीतिक कारणले मूर्त रूप दिन सकेनौं । उता माले छरपष्टियो । केन्द्रीय बहुमत नेतृत्वले आफ्नो आधार गुमाउँदै गयो । नेकपामा माओवादीको प्रचण्ड वेग सहन गर्न वा आफ्नो अस्तित्वलाई बलशाली बनाउन एमाले नेतृत्व र वामदेवको नेतृत्वले सकार्‍यो । र, अन्त्यमा नेकपा एमालेमा बहुमत माले समावेश भयो ।

कामरेड वामदेवले नेकपा मालेलाई खरानी पार्नु नै भयो । बसाइं हिंडेको मान्छेले घरको मझेरीमा माटो र खरानीको मलमा उम्रिएको खोर्सानीको बोट उखेलेर फालेझैं माले नामको पार्टीलाई उखेलेर एमालेमा आफ्ना दलबलसहित उहाँ फर्कनुभयो ।

तथापि, मेरो विचारमा विगतको मालेले खासगरी मुलुकलाई पछाडि धकेल्न र नेपालको कम्युनिष्ट आन्दोलनलाई क्षयीकरण गर्न एउटा छोटो अवधिमा तीनवटा राजनीतिक चक्र पूरा गर्‍यो । (१) एमालेलाई तत्कालीन सत्तामा जान रोक्यो (२) नेकपा माओवादीले खडा गरेको जनयुद्धलाई पर्याप्त उर्जाशील कामरेडहरू उपलब्ध गराएर सीमित क्षेत्रमा रहेको माओवादी जनयुद्धलाई देशव्यापी बनाउन मद्दत गर्‍यो (३) र, देशमा विद्यमान संसदीय व्यवस्थालाई राजनैतिक रूपमा टाट पल्टाउन पर्याप्त मलजल पुर्‍यायो ।

कानूनी रूपमा माले नामको पार्टी, उसको चुनाव चिन्ह र झण्डा हालमा कहींकतै छैन । तर माले बनाउन एकथरी साथीहरू पुनः आस्था र विश्वासका साथ लागिरहेका छन् । तर उनीहरूको गन्तव्य निकै टाढा छ र बाटाहरू निकै अप्ठ्यारा छन् ।

केही साथीहरूले मलाई सोध्नुभयो- अब के हुन्छ ? सिङ्गो भनिएको एमालेले केही गर्ला ? कांग्रेस, एमाले, दरवार मिले भने केही हुन्छ ? माओवादी वार्तामा आउँछ, आउँदैन ? समग्रमा देशमा के हुन्छ ? छिट्टै र सुदूर भविष्यमा ?

मसँग कुनै ठोस र सपाट उत्तर छैन । दलहरू विशेषतः सक्रिय दलहरू आफ्नै खुट्टामा उभिएर आफ्नै सैद्धान्तिक वैचारिक आस्थालाई ओढेर/बोकेर नहिंडेकाले गर्दा अनुमान लगाउन गाह्रो छ । त्यसमाथि अन्तर्राष्ट्रिय परिस्थिति र क्षेत्रीय राजनीति तथा तीनै क्षेत्रमा सीमा सम्बन्ध भएको भारत र त्यसको राजनीतिले धेरै असर पार्छ नेपाललाई । त्यसैले विश्लेषण गर्न निकै गाह्रो छ । तथापि, खास गरेर एमालेको भूमिका के हुनसक्छ भन्ने चाहिं अनुमान लगाउन सकिन्छ ।

### वैचारिक एकता

भर्खरै एकीकृत भएको मालेका थुप्रै साथीहरू माले-एमाले यो एकतालाई वैचारिक एकता भएको ठान्दछन् । जनताको बहुदलीय जनवाद तिनको आस्थाको सिद्धान्त भएको छ । बहुदलीय व्यवस्था, संविधानमा सुधारका केही कुरा, विश्वव्यापी आर्थिक व्यवस्था बन्न पुगेको वर्तमान वित्तीय पूँजीवाद, वर्तमान संरचनालाई नबिथोलिकन गरिने भूमिसुधार अहिलेको नेकपा एमालेका आदर्शहरू हुन् । यिनै आदर्शहरू उसका तत्कालीन र दीर्घकालीन, कम्युनिष्ट भाषामा कार्यनीति र रणनीतिहरू हुन् । लेख्नलाई वा व्याख्या गरेर अलमल्याउनलाई बहुदलीय समाजवादसम्मका आदर्शवाणीहरू कमरेड मदन भण्डारीले रचना गर्नुभएको बहुदलीय जनवादमा थुप्रै छन् । तर उहाँको निधनपछि उहाँका उत्तराधिकारीहरूले उहाँको बहुदलीय जनवादलाई माथि उल्लेखित आदर्शहरूमा सीमित पारिदिए । त्यस विचारका अनुयायी र केही मूर्धन्य प्रचारकहरूसँग भेट हुँदा उहाँहरू सिधै भन्ने गर्नुहुन्छ - एमालेको आदर्श 'बहुदल' हो ।

थुप्रै साथीहरूसँग छलफल र

**एमालेदेखि माओवादीसम्म रोजाइका पक्ष होइनन् भने गर्ने के ? तेस्रो विकल्पको निर्माण गर्ने ?**

कुरा गर्दा म उनीहरूभित्र 'बहुदल' र 'बहुलवाद' शब्दमा एउटा अत्यन्त ठूलो भ्रम (Confusion) पाउँछु । मलाई लाग्छ, यी दुई शब्दमा ठूलो अन्तर छ । ठूलो अन्तरद्वन्द छ ।

माले-मार्क्सवादी मिलनपछि २०४७ सालमा नेकपा एमाले बन्दा त्यो बहुदलवादी बन्यो । बहुलवादी बन्न सकेन । बहुलवाद एउटै संरचना (frame-work) भित्र थुप्रै विचारहरू फष्टाउन पाउने व्यवस्था हो । एमालेको तत्कालीन संरचना थुप्रै वैचारिक, अलग व्यवहार र अलग अलग अनुभूति संगालेर आएकाहरूको एउटा संयुक्तमोर्चा थियो । तर त्यसभित्रको मूलधार (main stream) मालेले यतिविघ्न थिच्यो कि त्यहाँ बहुलवाद हुर्कनै सकेन । भिन्नमत भएकाहरू या त लाखापाखा लागे वा मूलधारबाट हटे । र अर्काथरीहरू मूलधारमा आफ्ना असहमति नदेखाउने शर्तमा आत्मसमर्पण गर्नपुगे । त्यसले, दलभित्रको जनवादी केन्द्रियता पूर्ण रूपमा सकियो र त्यहाँ केन्द्रियतामात्र बाँकी रह्यो । बहुदलवादी हुने भन्नेबित्तिकै बहुलवादी (Pluralist) कोही हुँदैन । नेकपा एमालेको तुलनामा नेपाली कांग्रेस ठूलो बहुदलवादी हो । तर व्यवहारमा के देखियो भने, गिरिजाप्रसाद कोइराला प्रधानमन्त्रीका रूपमा या पार्टी सभापतिका रूपमा कहिल्यै बहुलवादी बन्न सकेनन् । त्यस हिसावले हेर्दा २०४६ को परिवर्तनपछि शक्ति संरचनाको रूपान्तरण एउटा तानाशाहबाट अर्को तानाशाहमा सरेजस्तो मात्र भयो । त्यही संरचना अहिलेसम्म कांग्रेसमा विद्यमान छ र त्यसै संरचनाको सिको एमालेले गऱ्यो र त्यो हालसम्म विद्यमान छ ।

बहुलवाद नभएको पार्टीमा व्यक्ति र उसको समूहमात्र हावी हुन्छ । अनि हावी हुन्छन्- उसको नासमझ, उसका विचार र भावना, जो उसले भनेको सिद्धान्त वा भन्ने गरेको विचारबाट त्यसमा फेरबदल भैरहन सक्छ । अनि पटक पटक दोहोऱ्याएर गरिने गल्तीहरू समेत सिद्धान्त बन्न सक्छन् । बहुलवादको अभावमा एमालेभित्र अन्तरपार्टी संघर्ष कुण्ठित भयो । त्यसपछि 'बहुदल' हावी हुँदै गयो, पार्टीभित्र । त्यसैले महाकाली एकीकृत सन्धि पारित हुनपुग्यो । संसदीय व्यवस्था अपरिहार्य ठानिन थालियो । विश्व साम्राज्यवादद्वारा पस्किएको बित्तीय पूँजीवादी अर्थतन्त्रलाई अँगालो हालियो र विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोषले उत्पादन गरेको संरचनागत समायोजन कार्यक्रमलाई आर्थिक विकासको मूल मन्त्र ठहऱ्याइयो ।

-यी सारा मुद्दाहरूमा नेकपा मालेबाट एमालेमा गएका कमरेडहरूले निःशर्त आत्मसमर्पण गर्नुभयो । यसको अर्थ हो -एकीकृत एमालेभित्र बहुलवाद फेरि पनि स्थापित हुन सक्तैन र यताबाट जानेहरूले सकारात्मक हस्तक्षेप (positive intervention) पनि गर्न सक्तैनन् ।

## सकारात्मक हस्तक्षेप

एउटा राजनैतिक पार्टी सबल र सक्षम बन्न कम्तिमा उसको दश वर्षे स्थिर कार्यनीतिक कार्यक्रम बन्नुपर्ने हुन्छ । देशभित्र चलखेल गरिरहेका राजनीतिक शक्तिहरूको मूल्यांकन र तिनलाई शत्रु र मित्रको कित्ता छुट्याउने सवालमा, आर्थिक-सामाजिक रूपान्तरणको सन्दर्भमा, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय शक्ति सन्तुलन र त्यसभित्र आफ्नो सक्रियता वा सहभागिताको सन्दर्भमा पनि त्यो कुरा आवश्यक छ । नेकपा एमाले माथि उल्लिखित सन्दर्भहरूमा बितेको ११ वर्षमा कहिल्यै स्पष्ट हुन सकेन । दरवार हत्याकाण्डपछि आयोगमा बस्ने वा नबस्ने वा राजदरवारलाई हेर्ने वा माओवादीलाई राजनीतिक वा आतंककारी भनेर कित्ताकाट गर्ने कुरामा, कांग्रेसलाई प्रतिक्रियावादी कित्तामा राख्ने वा सुधारवादी मध्यमार्गीका रूपमा हेर्ने दृष्टिकोणमा, अन्य वामहरूसंगको सहकार्य वा भिन्नताका कुरामा, पूर्वपञ्चहरूसँग साँठगाँठ गर्ने, नगर्ने सवालमा एमाले सँधै अस्पष्ट र अन्यौलग्रस्त रह्यो । यति मात्र होइन, आफैंमा भर्खरै समावेश गराइएको मालेलाई हेर्ने सवालमा समेत सँधै अन्यौलग्रस्त रह्यो । सैद्धान्तिक, वैचारिक दृष्टिकोणमा सुस्पष्ट नभएपछि यसरी अस्पष्टता र अन्यौल हुनु स्वमभाविक थियो ।

कुनैदिन आमूल परिवर्तनको नारा बोकेको एमाले आर्थिक-सामाजिक रूपमा कहिल्यै प्रष्ट हुन सकेन । १२ वर्षको खुला परिस्थितिमा उब्जन सक्ने प्रशस्त जमिन भएकाले उब्जिएका र उब्जन पर्ने (क) जाति, भाषा, धर्मका आधारमा समान अधिकारका लागि मुलुकका जनजातिहरूले उठाउन खोजेको आन्दोलन (ख) विश्व स्तरमा उर्लिरहेको नारी आन्दोलन र नेपालमा उनीहरूले आर्थिक-सामाजिक र राजनैतिक क्षेत्रमा खोजेको बराबरीको अधिकार तथा (ग) अहिले पनि छुवाछूतको शिकार भइरहेका र आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक सबै क्षेत्रमा अत्यन्तै, वर्णन गर्नै नसकिने रूपमा पिछडिएका ठूलो संख्यामा रहेका दलितहरूको मानव बन्न पाउने अधिकारको सवालमा सकारात्मक हस्तक्षेप कसरी गर्ने ?

यी आवाजहरूमा, यी सवालहरूमा, उनका संघर्षहरूमा एमाले कहिल्यै प्रष्ट हुन सकेन । त्यसैले उसले संघर्षमा साथ दिने कुरै आएन । यसो हुनुमा एमालेको सैद्धान्तिक अवधारणा बहुदलीय जनवादजति जिम्मेवार छ, त्योभन्दा बढ्ता उसको नेतृत्व पंक्तिमा बितेका १२ वर्षमा हुर्किएको नयाँ वर्ग र त्यो वर्गको 'more than equal' वाला सिद्धान्त बढी जिम्मेवार छ । त्यसैले उसले अन्तर्राष्ट्रिय क्षेत्रमा पनि आफूजस्तै मित्रमण्डली खोज्यो र अनुकरण गर्न थाल्यो, बदलिंदो परिस्थितिमा त्यसमाथि सकारात्मक हस्तक्षेप गर्न सकेन । नेपालमा एमाले मूलतः कांग्रेस विरूद्धको वैकल्पिक शक्तिको रूपमा उभिएको थियो र छ । तर आर्थिक-सामाजिक, राजनैतिक एवं सैद्धान्तिक रूपले कांग्रेसभन्दा व्यवहारमा एक रत्ती पनि फरक नभएकोले ऊ विकल्प बन्न सकिरहेको छैन । त्यतिमात्र होइन, यो विषम परिस्थितिमा समेत र निकट भविष्यमा समेत त्यस्तो संभावना देखिन्न । जबसम्म एउटा वैकल्पिक शक्तिको रूपमा उभिएको राजनैतिक दल सकारात्मक हस्तक्षेप गर्न सक्तैन र निरन्तर रूपमा एउटा असफल राजनीतिक दलको नीति र क्रियाकलापलाई पछ्याइरहन्छ, त्यो कहिल्यै विकल्प बन्न सक्तैन र बनिहाल्यो भने पनि टिकाउ रहन सक्तैन ।

## रोजाइका कुरा

नेकपा एमाले उसको सैद्धान्तिक अस्पष्टताले गर्दा ऊ न त संसदवादी, न त राजावादी, न त गणतन्त्रवादी, न त समाजवादी नै बन्न सकिरहेको छ । समग्रमा, एमालेभित्र यी सबै वादीहरू छन् र निर्क्यौल चाहिं कहिल्यै निकाल्न नसक्ने अवस्थामा छ एमाले । दरबार हत्याकाण्डमा आयोगमा नबसेकोले नयाँ दरबारको विश्वास पात्र बन्न सकेन । गणतन्त्रको लडाईंमा सामेल नभएकोले माओवादीसँग कार्यगत एकता उसका लागि संभव भएन । सत्तामा पुग्ने उसको अत्यन्त हतारोले गर्दा उसले कांग्रेसको विश्वास जित्न सकेन । अहिले आएर युद्धको पक्षमा उसको नाङ्गो हस्ताक्षरका कारण युद्धबाट आजित भएका जनताका सामु उभिनसक्ने अवस्था अहिले ऊसँग रहेन । उसको सहकार्य हाललाई कसैसँग हुन सक्तैन । त्यसैले होला पश्चिम बंगालको अनुभव वा 'फलामलाई फलामले काट्न लाउने' नीतिअनुरूप महामहिम बेलायती प्रधानमन्त्री टोनी ब्लेयर महोदय पनि एमाले महासचिव माधव नेपाललाई भेटेर आफ्नो अभिष्टमा असफल हुनुभयो ।

यस्तो अवस्थामा रोजाइको कुरा आएको छ । के रोज्ने ? कसलाई रोज्ने ?

माथि प्रष्ट भनियो, एमाले रोजाइको कुनै विषयवस्तु रहेन । रगतको आहालमा उभिएर लडाइँ लडिरहेको र सानो अर्थतन्त्र, भू-राजनीति र सानो जनसंख्या भएको मुलुक नेपालले धान्नै नसक्ने माओवादी जनयुद्ध रोज्ने कुरै भएन । पत्रु भैसकेको कांग्रेस वा राप्रपा कुनै पनि प्रगतिशीलका लागि रोजाइ त के, सोचाइका विषय पनि होइनन् । तर मुलुकको माग भैरहेको छ, सकारात्मक हस्तक्षेपको । त्यसका लागि यी अति दक्षिणपन्थी र उग्र वामबाट अलग नयाँ तेस्रो विकल्पको आवश्यकता छ ।

जो जहाँ छौं, त्यहाँबाट गोलबन्द हुन थालौं । ❑

**सारा मुद्दाहरूमा नेकपा मालेबाट एमालेमा गएका कमरेडहरूले निःशर्त आत्मसमर्पण गर्नुभयो ।**



सहाना प्रधान र वामदेव गौतम एमालेसँगको एकतामञ्च अगाडि

# प्रधानमन्त्रीको भारत भ्रमण

## कुर्सी स्वार्थको लागि भारत गुहार्ने परम्परा कहिले तोडिने ?



भर्खरै सम्पन्न प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणको पूर्वसन्ध्यामा सत्तारूढ पार्टी नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले समेत 'भ्रमणमा नेपालको हित प्रतिकूल हुने कुनै पनि सन्धि नहोस्' भनी सरकारलाई सचेत गराएका थिए । साथै उनले प्र.म. देउवाको भारत भ्रमण उपलब्धिमूलक हुने संभावना न्यून रहेको कुरा पनि बताएका थिए । त्यस्तैगरी, संसदमा विपक्षी पार्टीहरू सबैले नै प्रधानमन्त्रीको भारत भ्रमण कुनै तयारीबिना नै हुन लागेकोमा आश्चर्य व्यक्त गरेका थिए । पूर्व परराष्ट्रमन्त्री चक्रप्रसाद बाँस्तोलालगायत सत्तारूढ नेपाली कांग्रेस पार्टीका केही सांसदहरूले पनि प्रधानमन्त्रीको भ्रमण पूर्व तयारीबिनाको भएको टिप्पणी गरेका थिए । तर ती टिप्पणीहरूलाई वास्तै नगरी ८३ जनाको जम्बो टोलीसहित प्रधानमन्त्री शेरबहादुर देउवाले भारत भ्रमण सम्पन्न गर्नुभएको छ । आखिर यसरी हचुवामा नै भारत भ्रमण गर्न प्रधानमन्त्री किन हतारिनुभयो त ? के सदियौंदेखि भारतीय शासकहरूको हेपाहा दृष्टिको फलस्वरूप आर्थिक, राजनीतिक, भौगोलिक, व्यापारिक र सांस्कृतिक रूपमा पिल्सिएका नेपाली जनताका लागि ठूलै उपलब्धि हासिल गर्न उहाँ त्यसरी हतारिनुभएको थियो ?

प्रधानमन्त्रीले भ्रमणको अवसरमा भारतीय प्रधानमन्त्रीसँग मुख्य रूपमा नेपालमा माओवादी विद्रोहलाई दबाउन सहयोग माग्नुभयो । प्रतिउत्तरमा भारतले सकारात्मक जवाफ दिएको बताइन्छ । र, 'नेपालमा आतंक मच्चाउन भारतमा गतिविधि गर्नेहरूको सूचना' पाउन भारतले माग गरेको छ । त्यस्तै गरी भारतले नेपाली सुरक्षा निकायहरूलाई सैनिक उपकरण र दीर्घकालीन तालिम उपलब्ध गराउने र ती विषयमा चाँडै निर्णयमा पुगिने बताइएको छ ।

अर्को कुरा, प्रधानमन्त्री देउवाले भारतीय गृहमन्त्री लालकृष्ण आडवाणी, विदेशमन्त्री जसवन्त सिंह र रक्षामन्त्री जर्ज फर्नान्डिजसँगको भेट वार्तामा सन् १९५३ को सुपुर्दगी सन्धिलाई अद्यावधिक गराउनुपर्ने कुरा उठाउनुभएको छ । तर यस सवालमा भारतले आवश्यक परेमा नेपालले तेस्रो मुलुकका नागरिकलाई पनि सुपुर्दगी गर्नुपर्छ भन्ने प्रस्ताव राखेपछि नेपाली पक्ष त्यससँग सहमत हुन सकेन । खासगरी भारतले धेरै समय पहिलेदेखि नेपालमा भारतविरोधी पाकिस्तानी आतंकवादीहरूको गतिविधि भइरहेको भन्ने आरोप लगाइरहेको सन्दर्भमा यो कुरा बढी अर्थपूर्ण रह्यो ।

यसरी प्रधानमन्त्री देउवा माओवादी विद्रोहलाई दबाउन भारतको हस्तक्षेपको निम्ति ऊसँग गुहार्न भारत भ्रमणमा हतारिनुभएको प्रष्ट हुन्छ । जुनसुकै कारणबाट शुरू भएको भए पनि माओवादी विद्रोह वस्तुतः नेपालको आन्तरिक मामिला हो । नेपाल एक स्वतन्त्र सार्वभौम राष्ट्र हो । तसर्थ, नेपालको आन्तरिक मामिलामा भारतले हस्तक्षेप गर्न मिल्दैन । यो भारतीय शासकवर्गले बुझ्नु पर्ने कुरा हो । तर आफ्नो स्वार्थका लागि सधैं नेपाललाई आफ्नो छातामुनि राखिराख्न कुनै न कुनै चाल चालिराख्ने हैकमवादी चिन्तनशैलीका भारतीय शासक वर्गको निम्ति प्रधानमन्त्री देउवाको यो गुहार नेपाल र नेपाली जनताको निम्ति धेरै खतरनाक सावित हुनसक्छ ।

> प्रधानमन्त्री देउवा माओवादी विद्रोहलाई दबाउन भारतको हस्तक्षेपको निम्ति ऊसँग गुहार्न भारत भ्रमणमा हतारिनुभएको प्रष्ट हुन्छ

यसअघि भ्रमणमा जानुअघि प्रधानमन्त्री शेरबहादुर देउवाले सर्वदलीय बैठकमा भारतसँग आतंकवाद नियन्त्रण, वाणिज्य सन्धि, कालापानी, सीमा व्यवस्थापन, तटबन्धन, सुख्खा बन्दरगाह, सन् १९५० को सन्धि, भूटानी शरणार्थी समस्यालगायत नौं वटा बुँदाहरूमा केन्द्रित भई वार्ता गरिने कुरा जानकारी गराउनुभएको थियो । तर वार्तामा उल्लेखित विषयहरूमा ठोस रूपमा उपलब्धिमूलक निष्कर्ष ननिक्लेको बुझिएको छ ।

भारतले नेपाली सीमानजिक एकपक्षीय रूपले निर्माण गरेका लक्ष्मणपुर, रसीयावाल खुर्दलौटन लगायतका बाँधहरूबाट नेपाली भूभागहरू डुबानमा पर्दै आएको छ । अहिले बर्षात्को समय शुरू हुन लागेको छ । यस अर्थमा पनि प्रधानमन्त्रीको यो भ्रमणमा त्यसबारे ठोस टुङ्गो लाग्ने कुराको अपेक्षा गर्नु अस्वभाविक होइन । सबैलाई थाहा भइसकेको कुरा के हो भने भारतले अन्तर्राष्ट्रिय कानूनलाई समेत मिचेर नेपाललाई हेपेर निर्माण गरेका ती बाँधहरू तत्काल भत्काउनु सिवाय अर्को विकल्प छैन । तर प्रधानमन्त्रीको भारत भ्रमणले त्यस्तो सहमति भारतलाई गराउन सकेन । दुई साताभित्र दुबै पक्षका प्राविधिज्ञहरूको बैठक बसी त्यसबारे निर्णय गर्ने भन्ने कुरामा मात्र सहमति भएको छ । महाकाली सन्धिमा ६ महिनाभित्र डि.पि.आर. तयार हुन्छ भनिएकोमा आज ६ वर्ष वितिसक्दा पनि तयार गरिएको छैन भने अहिले यो दुई साताभित्र निर्णय लिइने भन्ने कुरालाईमात्र कसरी विश्वास गर्ने ? अर्कोकुरा, नेपाली भू-भागहरू डुबानमा पार्ने ती बाँधहरूबारे विगत समयमा त्यत्रो निरीक्षण, सर्भेक्षण आदि भइसकेपछि पनि फेरि अध्ययनको के जरूरी भयो ? त्यसैले भारतको यो आलटाल गर्ने चाल सिवाय अरू केही होइन । तर प्रधानमन्त्री देउवा भने यसै कुरामा चित्त बुझाई फर्कनु भएको छ ।

त्यसैले प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमण मूलतः आफ्नो कुर्सी जोगाउन भारतीय शासकवर्गलाई गुहार्न सिवाय अरू केहीको लागि भएको देखिदैन । साँच्ची नै शासनको कुर्सी जोगाउन भारतलाई गुहार्ने यो परम्परा नेपालमा कहिले तोडिन्छ ?

❑ *तुल्सीदास महर्जन*

# कस्तो हुन्छ वाणिज्य सन्धि नवीकरणको असर ?

**- राजकुमार के.सी. -**

झण्डै ८ महिना लामो विभिन्न चरणको वार्तापछि अन्ततः नेपाल र भारतबीच सन् १९९६ मा सम्पन्न बाणिज्य सन्धिको मूल भावनालाई यथावत् राखी सन्धिको प्रोटोकलमा परिवर्तन गर्ने द्विपक्षीय सहमतिका साथ यही फागुन १८ (मार्च २) मा भारतको राजधानी नयाँ दिल्लीमा सन्धि नवीकरण भयो ।

पाँच वर्षअगाडि भारतले नेपालको औद्योगिक विकास र आर्थिक उन्नतिको जुन सदाशयता देखाएर नेपालबाट निर्यात हुने खास केही वस्तुहरूका लागि आफ्नो बजारमा शतप्रतिशत भन्सार छूटको सुविधा प्रदान गरेको थियो, फागुन २२ देखि ती सुविधाहरूबाट नेपाल बचित भएको छ । नेपालबाट निर्यात हुने सामानहरूमा अब प्रोटोकलमा भएका परिवर्तनअनुसार नेपाली वस्तुहरूमा मूल्य अभिवृद्धि, परिमाणात्मक बन्देज (कोटा प्रथा), उत्पत्तिको नियम र अन्य विभिन्न किसिमका बन्देजहरू लाग्नेछन् । नेपालको निर्यात व्यापार अब भारतको नियन्त्रणमा रहनेछ । सन् १९९६ मा भएको बाणिज्य सन्धिको प्रावधानअनुसार नेपालबाट विनाभन्सार भारत निकासी भइरहेका पाँचवटा वस्तुहरूको भारतमा अत्यधिक निर्यात भएको र त्यसले भारतीय उद्योगहरूमा नकारात्मक असर पारेको कारण देखाई भारतीय पक्षले त्यस्ता वस्तुहरूको आयातमा नियन्त्रण गर्ने उद्देश्यले सन्धिमा संशोधन गर्न गत भाद्र (अगष्ट) मा नै नेपाललाई औपचारिक रूपमा पत्र पठाएको थियो । भारतीय पक्षले अत्यधिक निर्यात (सर्ज) भएको भनिएका वस्तुहरूमा फलामे पाइप, बनस्पति घ्यू, तामाको तार, जिङ्क अक्साइड, एक्रेलिक यार्न पर्दछन् ।

स्मरणीय छ, नेपालबाट निर्यात हुने वस्तुहरूले भारतको कुल व्यापारको केवल ०.१ प्रतिशत भागमात्र ओगट्दछ । यद्यपि, भारतले किन यस्तो खोंचे थाप्यो त ? वास्तवमा यो गम्भीर अध्ययनको विषय हो ।

एकातिर, भारत विश्वव्यापार संगठनको सदस्य भइसकेको, अर्कोतिर दक्षिण एशियाली स्वतन्त्र व्यापारमा जाने सहमति भइसकेको, त्यसमाथि सन् १९५० को सन्धि कायम नै रहेको स्थिति, यी सबैको परिणामस्वरूप भारतले नेपाललाई दिनुपर्ने जुन सुविधा हो, त्यसबाट नेपाललाई किन बन्चित गरियो त ? यी कुराहरू शायद नेपालले दरिलो हिसाबले राखेको भए भारत यस विषयमा सोच्न बाध्य हुन्थ्यो कि ?

वास्तवमा निर्यातमा अत्यधिक बृद्धि भएका भनिएका वस्तुहरूमाथि भारतमा नियन्त्रण गर्ने उद्देश्यले शुरूदेखि नै भारतले ५० प्रतिशतको नेपाली मूल्य अभिवृद्धि हुनुपर्ने प्रस्ताव राख्दै आएको थियो र अहिलेको सहमतिअनुसार नवीकरण गरिएको सन्धि कार्यान्वयनको पहिलो वर्ष २५ प्रतिशत र त्यसपछिका वर्षहरूमा ३० प्रतिशत मूल्य अभिवृद्धि हुने भएको छ । सहमतिअनुसार, 'सर्ज' भएको भनिएका चारवटा वस्तुहरूलाई संवेदनशील वस्तुहरूको रूपमा राखी त्यस्ता वस्तु भारतमा निर्यातका लागि 'कोटा' तोकिएको छ । त्यसअनुसार भारतले नेपाललाई प्रतिवर्ष १ लाख मेट्रिक टन बनस्पति घ्यू, प्रतिवर्ष १० हजार मेट्रिक टन एक्रेलिक यार्न, ७५०० मेट्रिक टन तामाको तार, २५०० मेट्रिक टन जिङ्क अक्साइड बिनाभन्सार निर्यात गर्न पाउने सुविधा प्रदान गरेको छ । तर 'सर्ज'को समूहमा राखिएको फलामे पाइपलाई भने यो कोटामा राखिएको छैन । कारण भारतमा अब नेपालबाट निर्यात हुने फलामे पाइपले भारतीय फलामे पाइपसँग मूल्यमा प्रतिस्पर्धा गर्न सक्ने स्थिति नै छैन ।

सन्धि नवीकरणकै क्रममा भारतले उत्पत्तिको प्रमाणपत्र तथा नियमका सम्बन्धमा पनि नयाँ व्यवस्था गर्नुका साथै मूल्य अभिवृद्धिको हिसाबको सूत्र पनि परिवर्तन गरेको छ । तर मूल्य अभिवृद्धि गणनाको प्रक्रिया कस्तो हुने भन्ने कुरामा नेपाली पक्ष अझै अनभिज्ञ नै देखिन्छ । पछिल्लो चरणसम्म नेपाली पक्षले यसपटकको वार्तामा निक्कै हदसम्म आफ्नो अडान कायम राखेको थियो । तर वार्ताकारहरूमा प्राविधिक ज्ञानको अभाव, सम्झौता गर्ने कला (Negotiation skill) को कमीले गर्दा नेपालको अडान जायज हुँदाहुँदै अन्ततः नेपालले धेरै कुराहरूमा मन नपरी नपरी सम्झौतामा हस्ताक्षर गर्नुपर्‍यो ।

सन्धि नवीकरण त भयो, एक किसिमले अन्योल र अनिश्चितताको वातावरण त हट्यो । तर अब नवीकृत सन्धि कसरी लागु हुन्छ, त्यो निश्चय नै सोचनीय कुरा हो । सन्धि नवीकरण लागु भएपछिका कतिपय दिनहरूमा नेपाली व्यापारी-उद्योगपतिहरूले वस्तु निर्यातमा विभिन्न कठिनाई सामना गर्नु परेको छ । एक त भन्सारका कर्मचारीहरू, ती चाहे नेपालका हुन् वा भारतका त्यति निपुण र इमान्दार पाइँदैनन् । उनीहरूको प्रवृत्ति नै जसरी भएपनि आफ्नो 'हाकिमी पारा' देखाउँ भन्ने हुन्छ । अर्कोतिर, नेपाली व्यापारीहरू अन्तर्राष्ट्रिय र राष्ट्रिय भन्सार नियम, लेखा प्रणालीसँग त्यति परिचित छैनन् । सजिलो अर्थमा भन्ने हो भने उनीहरू पैसा खर्च गरेर होस् वा अन्य कुनै उपाय प्रयोग गरेर होस्, सजिलो बाटो मात्रै अपनाउँछन् ।

वास्तवमा नेपाली वस्तुमा मूल्य अभिवृद्धिको कुरालाई हेर्ने हो भने भारतीय पक्षले राखेको कुरा शतप्रतिशत गलत छ भन्न मिल्दैन । किनकि १९९६ को सन्धिअनुसार नेपालले प्राप्त गरेको सुविधालाई यहाँका व्यापारीहरूले ठूलो भाडामा तेस्रो मुलुकबाट अमेरिकी डलर तिरेर आयात गरेको वस्तुलाई सानो भाडामा राखेर भारत निर्यात गर्ने जस्तो सजिलो काम सिवाय केही गरेनन् । यसले भारतीय रूपियाँको रिजर्भ बढाउनेभन्दा बढी कुनै योगदान पुर्‍याएन । यसले गर्दा यहाँका थोरै मुट्ठीभरका व्यापारी र उद्योगपति भनाउँदाहरू त धनी भए । तर यसले न देशको आर्थिक उन्नतिमा

- ❑ नेपाल-भारत सन्धि प्रतिकूल हुनेगरी भारतद्वारा नेपाली निर्यातमा ४ प्रतिशत विशेष शुल्क ।
- ❑ भारतद्वारा नेपालबाट निर्यात हुने घ्यू, एक्रेलिक यार्न, तामाको बस्तु, जिंक अक्साइडमा कोटा निर्धारण ।
- ❑ घिउ, एक्रेलिक यार्न, तामाको बस्तु, जिंक अक्साइडमा पहिलो वर्ष २५ प्रतिशत मूल्य अभिवृद्धि, त्यसपछि ३० प्रतिशतले बृद्धि ।
- ❑ उत्पत्ति प्रमाणपत्रसम्बन्धी नयाँ व्यवस्था ।

सघाउ पुऱ्यायो, न अर्थतन्त्रमा खासै प्रभाव पाऱ्यो । नेपाल र भारतबीचको व्यापारको आयतन त बढ्यो, तर व्यापार घाटामा खासै कमी आएन ।

अब यो सन्धि नवीकरणपछि भएको मूल्य अभिवृद्धिले नेपाली उद्योगपति र व्यापारीहरूलाई देशमा उद्योगधन्दा गर्न देशभित्रै उत्पादनका प्रक्रियाहरू पूरा गर्नु पर्ने कुरामा सजग रहन ध्यानाकर्षण गरेको छ । वास्तवमा भन्ने हो भने हाम्रा उद्योगपतिहरू सजिलो बाटो रोज्छन् । तेस्रो मुलुकबाट सामान झिकायो, नेपाली लेवल टाँस्यो अनि भारत निर्यात गऱ्यो । कति सजिलो ? न कुनै झन्झट न कुनै अप्ठयारो ' यस्तो हुनुमा सरकारका सम्बन्धित निकायको पनि ठूलो हात छ । सरकारमा रहेका व्यक्ति र प्रशासकहरू के हेर्छन् ? के सरकारसँग यस्तो प्रक्रिया नियन्त्रण गर्ने कुनै संयन्त्र छैन ? सरकार किन चूप छ ? मुट्ठीभरका तथाकथित उद्योगपति, व्यापारी र त्यसको नेतृत्वमा बस्ने समूहबीचको साँठगाँठले देशको अर्थतन्त्रलाई कुन दिशातिर मोड्ने हो ? यो यक्षप्रश्नले सबै नेपालीहरूलाई झस्काएको छ ।

नेपालको प्रशासनको नेतृत्व सम्हालिरहेका अधिकांश प्रशासकहरू क्षमताविहिनमात्र हैन, भ्रष्ट पनि छन् । कुनै पनि वार्ताको क्रममा किन शीर ठाडो पारेर आफ्नो कुरा राख्न सक्दैनन् ? किनभने उनीहरूमा अति आवश्यक ज्ञान, कौशल र क्षमता नै छैन, अर्को उनीहरूमा आत्मबलको अभाव छ । वास्तवमा बाणिज्य सन्धि नवीकरणको सन्दर्भमा पनि नेपाली पक्षहरू यस्ता कुराहरूबाट प्रभावित भएनन् भन्न सकिने ठाउँ छैन । एकदिन अगाडिसम्म नेपालले शतप्रतिशत छूट पाउनुपर्छ भनेर चिच्याउने हाम्रा उद्योगपति र व्यापारीहरू सन्धि नवीकरण भएको भोलिपल्टै नवीकृत सन्धिको नराम्रो असर के हुन्छ भन्ने कुरातिर नलागी उनीहरूले उल्टै सन्धि शतप्रतिशत नेपालको पक्षमा छ भन्नुले के इगित गर्छ ? यसबाट हाम्रा उद्योगपति र व्यापारीहरू कसको हित चाहन्छन् भन्ने कुरा स्पष्ट हुन्छ ।

सन्धि नवीकरणकै क्रममा भारत सरकारले बजेटमार्फत् नेपालबाट भारतमा निर्यात हुने वस्तुहरूमा, नेपाल-भारत सन्धि प्रतिकूल हुनेगरी, भारत सरकारले ४ प्रतिशत विशेष शुल्क लगाउने निर्णय गऱ्यो । वास्तवमा यो एकपक्षीय निर्णयले नेपाली वस्तु भारतमा निर्यात हुन थप बन्देज लगाएको छ । यसअघि पनि भारतले नेपाली वस्तुहरू भारत प्रवेश गर्दा यस्तो शुल्क लगाएको थियो ।

बाणिज्य सन्धि- १९९६ यही फागुन २२ बाट लागु भइसकेको छ । अब भारतले विभिन्न अड्को थापेर नेपालबाट निर्यात हुने वस्तुहरूमाथि सजिलै बन्देज लगाउन सक्छ । सन्धि नवीकरणको क्रममा यसपटक पनि भारतको स्थानीय राज्य-सरकारले नेपाली कृषिजन्य वस्तुहरूमा लगाउँदै आएको 'क्वारेन्टाइन' (Quarantine) शुल्कको बारेमा नेपाली पक्षले कुरा उठाउँदा, भारतले यो विषय कृषि मन्त्रालयअन्तर्गत पर्ने भनेर पन्छायो ।

समग्रमा भन्दा बाणिज्य सन्धि नवीकरणले भारतको नेपालप्रतिको दृष्टि के हो भन्ने कुरा स्पष्ट गरेको छ । बाणिज्य सन्धि- १९९६ हुँदा त्यसको पृष्ठभूमिमा महाकाली सन्धिको महाविवाद थियो, जसले गर्दा नेपालले सजिलै सुविधा पायो । तर अब ५-६ वर्षको दौरानमा महाकालीमा थुप्रै पानी बगिसकेको छ । भारतलाई नेपालको हित हेर्नु कुनै आवश्यक छैन । अतः उसले परिमाणात्मक बन्देज लगाएको छ ।

मूल्य अभिवृद्धिको कुरा राम्रोसँग लागु भएमा यसले देशको अर्थतन्त्रमा राम्रो प्रभाव पार्न सक्छ । तर नेपालले पनि अब आफ्नो उद्योगलाई कसरी विकास गर्ने र कसरी आत्मनिर्भरता बृद्धि गर्ने भन्ने कुरा सोच्नुपर्छ । अन्यथा, नेपालले विश्वव्यापारको सदस्यता हासिल गरेपछिको वा साफ्टा (SAFTA) लागु भएपछिको स्थिति झनै गम्भीर हुनेछ ।

यद्यपि ६/६ महिनामा हुने दुई देशबीचको वार्ताले पनि सन्धिमा आइपरेका कठिनाइ समाधान गर्न सघाउ पुऱ्याउने छ ।❑

## भारतले कोटा तोकेका वस्तुहरू

| | |
|---|---|
| बनस्पति घ्यू | १ लाख मेट्रिक टन प्रतिवर्ष |
| एक्रेलिक यार्न | १० हजार मेट्रिक टन प्रतिवर्ष |
| तामाको वस्तु | ७,५०० मेट्रिक टन प्रतिवर्ष |
| जिंक अक्साइड | २,५०० मेट्रिक टन प्रतिवर्ष |



# 'हामी पनि प्रतिस्पर्धी भएर बढ्नै पर्छ'

नेपाल-भारत वाणिज्य सन्धि नवीकरणको विषयमा नेपाल उद्योग वाणिज्य महासंघका द्वितीय अध्यक्ष राजेन्द्रकुमार खेतानकाे विचारहरू

**राजेन्द्रकुमार खेतान**

● *अहिले सम्पन्न नेपाल-भारत बाणिज्य सन्धि-१९९६ को नवीकरणले नेपालको अर्थतन्त्रमा कस्तो प्रभाव पार्ला ?*

- प्रोटोकल संशोधनबाट सन् १९९६ को बाणिज्य सन्धि नवीकरण भएको छ । चारवटा वस्तुहरूमा कोटा लागु हुँदा अप्ठ्यारो भए पनि मूल्य (Value) र परिमाण (Quantity) मा निर्यात नघटाउन हामी प्रयासरत छौं । यसको नकारात्मक असर पर्न नदिन हामी प्रयास गर्छौं ।

● *प्रोटोकलमा भएको परिवर्तन, सन् १९५० को सन्धि साफ्टा वा विश्वव्यापारको मूल भावना विपरीत छैन ?*

- प्रोटोकलले विस्तारै सौविध्य प्राप्त व्यापार एम.एफ.एन. (Most Favoured Nations) तिर जान घचघच्याएको छ ।" डब्लु.टी.ओ., साफ्टा (SAFTA) पनि आखिर एम.एफ.एन. तिर जाने प्रक्रिया हो । निश्चय पनि सन् १९९६ को सन्धिको मूल भावनाबाट संकुचित भएको छ ।

● *नवीकरणपछि उद्योग तथा व्यापारमा कस्तो असर देखिएको छ ?*

- नवीकरणपछि कोटाको वितरण, उत्पत्ति प्रमाणपत्र (Certificate of origin) को नयाँ खाका लगायत नयाँ टेक्निकल कुरा र काम बन्न गएको छ । मूल्य अभिबृद्धि (Value addition) मा समेत प्राविधिक समितिले बढी काम गर्नुपर्ने देख्छु ।

● *नेपाल अब कसरी अगाडि बढ्नु उपयुक्त होला ?*

- एम.एफ.एन. नै अन्तर्राष्ट्रिय बजारको भोलिको रणनीति हो । हामीसँग भएको प्रतिस्पर्धात्मक क्षमता र तुलनात्मक फाइदाका क्षेत्रहरू पहिचान गरी अगाडि बढ्नु उपयुक्त हुन्छ ।

● *के नेपालको निर्यात व्यापार साँच्चै भारतको पकडमा गएको हो ?*

- हाम्रो निर्यात व्यापार भारतसँग केही हदसम्म निर्भर गर्दछ । भविष्यमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धा विश्व व्यापार संगठन र साफ्टाको परिप्रेक्ष लगायतका विषय खुला रूपमा अगाडि बढ्ने निश्चित छ । कुनै एक वस्तुमा वा एक राष्ट्रमा भरपर्नु उचित छैन । हामी हाम्रा फाइदा र मौलिकता भएको व्यापारमा प्रतिस्पर्धी भएर अगाडि बढ्नैपर्छ ।

विश्व व्यापार संगठनले नियम-कानूनमा आधारित व्यापारको जालो बुन्ने काम गरेको छ । यही नै विश्वव्यापारको निर्क्यौल हो । अन्ततः हामी एम.एफ.एन.का आधारमा व्यापार गर्नु नै पर्छ । प्रिफरेन्सियल ट्रिटमेन्ट-ट्रेड भनेको एड जस्तै हो ।

हामी व्यापारमा प्रतिस्पर्धी छैनौ भने पनि अरू क्षेत्र जस्तै- पर्यटन, आर्थिक क्षेत्र, इन्फोर्मेसन सेवा क्षेत्र, शिक्षाजस्ता क्षेत्रमा हामी केही गर्न सक्छौं । तर नयाँ आउने नियमले आर्थिक क्षेत्रको विकासलाई टेवा पुऱ्याउनुपर्छ । नेपालको संविधानले पनि निजी उद्यमलाई बढाउन पूर्ण स्वतन्त्रता दिएको छ । ❑

# सम्पत्ति जाँचबुझ न्यायिक आयोग



# भ्रष्टहरू वास्तवमै कार्वाहीमा पर्लान् ?

- विनोद ढुंगेल -

*आयोगले के के गर्छ ?*

मुलुकमा व्याप्त भ्रष्टाचारले व्यवस्थाप्रति नै वितृष्णा फैलन थालेपछि र विदेशीहरूले समेत खुला रूपमा चेतावनी दिन थालेपछि सरकारले अधिकारसम्पन्न एक संवैधानिक आयोग गठन गरेको छ । आयोगले प्रजातन्त्र पुनर्स्थापनापछि लाभको पदमा रहिसकेका वा बहालवाला सरकारी पदाधिकारी र तिनका परिवारको सम्पत्तिको जाँचबुझ गर्नेछ । मन्त्रिपरिषद्को फागुन २० गते बसेको बैठकले निर्णय गरी सोही दिन श्री ५ समक्ष सिफारिस गरिएबमोजिम सो आयोग नेपाल अधिराज्यको संविधान २०४७ को धारा ९२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेखित अधिकारको प्रयोग गरी राजाबाट गठन गरिएको हो । सो वाक्यांशमा 'श्री ५ बाट न्यायपरिषद्सँग परामर्श गरिबक्सी सर्वोच्च अदालतका न्यायाधीश वा पुनरावेदन अदालतका मुख्य न्यायाधीशलाई न्यायिकको जाँचबुझको काममा वा केही खास अवधिको कानून वा न्यायसम्बन्धी अनुसन्धान, अन्वेषण वा राष्ट्रिय सरोकारका अन्य कुनै काममा खटाउन सकिबक्सने' व्यवस्था छ । आयोगले आवश्यक सम्झेका अन्य तहका कर्मचारीहरू र तिनका परिवारहरूको सम्पत्तिको जाँचबुझ पनि सो आयोगको अधिकार क्षेत्रभित्र समेटिएको छ ।

सो न्यायिक आयोगले जिल्ला विकास समितिका सभापति, उपसभापति तथा तिनका परिवारहरू, महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाका प्रमुख, उपप्रमुख तथा तिनका परिवारहरू एवं राजनीतिक नियुक्ति पाएका व्यक्ति र तिनका परिवारहरूसमेतका नाममा रहेको सम्पत्ति पनि जाँचबुझ गर्नेछ ।

आयोगले ६ महिनाभित्र जाँचबुझ आयोग ऐन २०२६ को दफा ४ (२) बमोजिम श्री ५ समक्ष आफ्नो रायसहितको प्रतिवेदन पेश गर्नुपर्ने म्याद तोकिएको भए पनि सो अवधिभित्र प्रतिवेदन पेश गर्न नसकेको कारण खुलाई अवधि थप गर्नका लागि आयोगले अनुरोध गरेमा सो ऐनको दफा ४ को उपदफा २ (क) अनुसार आवश्यक अवधि थप हुन सक्नेछ । सो निर्धारित अवधिभित्र काम फत्ते हुने कुरामा स्वयं आयोगका अध्यक्ष पनि आशावादी हुनुहुन्न भने सरकारका प्रवक्ताले पनि म्याद थप हुनसक्ने जानकारी गठनको घोषणासँगै दिइसक्नुभएको छ । '६ महिना होइन, ६ वर्षसम्म छानविन गरे पनि सम्भव छैन । आयोगको प्रतिवेदन पारदर्शी हुनुपर्छ, हचुवाको भरमा आउनु पनि हुँदैन' -अर्थशास्त्री डा राघवध्वज पन्त भन्नुहुन्छ ।

**के के हुन् आयोगका कार्यविधिसम्बन्धी अस्पष्टता र प्रक्रियागत अप्ठ्याराहरु ? यस्तो संवेदनशील विषयलाई सरकारले खेलाँचीका रुपमा लिएको हो ? के यस आयोगले सर्वोच्च अदालत र अख्तियारको अधिकार मिच्न सक्छ ?**

जाँचबुझ आयोग ऐन २०२६ (पहिलो संशोधन २०५०) को दफा ३ (१) अनुसार सो आयोग गठन भएको हो । सो आयोगले मुलुकमा २०४७ सालदेखि विभिन्न पदमा बहाल रहेका वा अवकाश प्राप्त प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री, सहायकमन्त्रीलगायत कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका तथा संवैधानिक निकायका प्रमुख, उपप्रमुख तथा सदस्यहरू र तिनका परिवारहरूको सम्पत्तिको जाँचबुझ गर्ने अधिकार क्षेत्र तोकिएको छ ।

त्यसैगरी आयोगले श्री ५ को सरकारका सबै सेवाका राजपत्राकित तृतीय श्रेणी र सोभन्दा माथिका सबै कार्यकारीहरू र आयोगले आवश्यक सम्झेका अन्य तहका कर्मचारीहरू र तिनका परिवारको सम्पत्तिको पनि जाँचबुझ गर्नेछ ।

सरकारको पूर्ण तथा आंशिक स्वामित्व वा नियन्त्रणमा भएको कम्पनी, बैंक, समिति वा प्रचलित कानूनबमोजिम वा सरकारद्वारा स्थापित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र वा परिषद्का प्रमुख, उपप्रमुख, संचालक समितिका अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरू तथा अधिकृत कर्मचारीहरू र

*घेराभित्र हजारौं*

विगतमा कहिल्यै नबनेको यस प्रकारको आयोगबाट जाँचबुझको घेरामा हजारौं व्यक्तिहरू पर्ने भएका छन् । यकिन संख्या आयोगको कामको क्रममा मात्रै निश्चित हुन सक्ने भए पनि राजपत्राकित तृतीय श्रेणीभन्दा माथिका कर्मचारी मात्रै करीब १० हजार जना सो जाँचबुझको घेराभित्र पर्नेछन् । प्रजातन्त्रको विगत १२ वर्षे अवधिमा ११ पटक सरकार बनेर ३० पटक मन्त्रिपरिषद् पुनर्गठन हुँदाका ६ जना प्रधानमन्त्री ४ जना उपप्रधानमन्त्री, २ सय ५ जना मन्त्री, प्रतिनिधि सभाका तीनवटा निर्वाचनबाट निर्वाचित करीब नौ सय सांसदहरू, दुई वटा स्थानीय निर्वाचनको कार्यकालका जिल्ला र नगरका

पदाधिकारीहरू, करीब ३५ वटा सार्वजनिक संस्थानमा राजनीतिक नियुक्ति पाएका पदाधिकारीहरू, ४/५ वटा वित्तीय संस्थामा राजनीतिक नियुक्ति पाएकाहरू, एक सयभन्दा बढी समितिमा नियुक्त पदाधिकारीहरू र आयोगले आवश्यक ठानेका अन्य व्यक्ति तथा तिनका परिवारहरू छानबिनको दायराभित्र आउनेछन् ।

निवृत्त र बहालवाला गरी सबै तोकिएका व्यक्तिहरू मात्र नभई सार्वजनिक सरोकारका राजश्व संकलन, स्वास्थ्य, शिक्षा, जनसम्पर्क, विकास बजेट खर्चिने कार्यालय जस्ता कतिपय क्षेत्रका अधिकृतभन्दा तल्लो स्तरका र प्राविधिक कर्मचारीको पनि सम्पत्ति छानविन हुनुपर्ने आवश्यकता पनि महसूस गरिँदै आएको छ । यसैगरी 'कार्यपालिका अन्तर्गतका कर्मचारी' भएको व्याख्या गर्दै आयोगले शाही नेपाली सेना र प्रहरी कर्मचारीको पनि सम्पत्ति छानविन गर्नुपर्ने आवाज पनि उठिरहेको छ । सेना र प्रहरीबाहेकका अधिकृत कर्मचारीहरूको मात्र सम्पत्ति जाँचबुझ गर्दा पनि २० हजारको संख्या पुग्ने अनुमान गरिएको छ भने तिनका परिवार त्यसबाहेक पर्छन् । जंगी कर्मचारीहरूको समेत छानविन गर्ने हो भने यो संख्या दोब्बर हुने निश्चित छ ।

लाखौं व्यक्तिको बारेमा सूक्ष्म छानविन गरी निष्कर्षमा पुग्नुपर्ने दायित्व पाएको सो आयोगका अध्यक्ष भैरवप्रसाद लम्सालले 'सानातिना प्रक्रियागत कुराहरूलाई अगाडि सारेर महत्वपूर्ण काम गर्नमा अल्मलिनु नहुने' बताएर आँट देखाइसक्नुभएको छ । त्यस्तै सरकारका प्रवक्ता जयप्रकाशप्रसाद गुप्ताले 'अधिकार सम्पन्न आयोगले संख्यामा भन्दा कारवाहीको प्रक्रिया निर्धारण गर्ने कुरामा धेरै कुरा निर्भर रहने' बताएर ढाडस दिनुभएको छ । जबकि पूर्व प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायले ६ महिनामा आयोगले काम पूरा गर्न सक्ने बताउनुभएको छ भने मुलुकभरिका भ्रष्टाचारीहरूको सम्पत्ति विवरणको जाँचबुझ कार्यलाई 'अव्यावहारिक' भन्ने टिप्पणी गर्दै '६ महिनामा त मन्त्रीहरूको मात्रै पनि छानविन सम्भव नहुने' कुरा राष्ट्रिय सभामा मनोनीत सांसद मोहनप्रसाद शर्मा चापागाईले बताउनुभएको छ ।

## *गठनमै विवाद*

सबै राजनीतिक दलहरूले निक्कै महत्व दिएको सम्पत्ति जाँचबुझ आयोगको गठनको सिफारिससँगै आयोग विवादास्पद हुनपुग्यो । आयोग गठनको सिफारिससँगै श्री ५ समक्ष दुईजना सेवा निवृत्त न्यायाधिशहरू उदयराज उपाध्याय र ज्ञाइन्द्रबहादुर श्रेष्ठको नाम पठाइएपछि सो आयोगको अध्यक्षको नाम सबैको निम्ति कौतुहलको विषय बनेको थियो ।

संविधान र ऐनबमोजिम न्याय परिषदको परामर्शमा श्री ५ बाट खटाइनुपर्ने न्यायाधीश सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश लक्ष्मणप्रसाद अर्याल हुने अनुमान धेरैले गरेका थिए । तर परिषद्मा न्यायाधीश कृष्णजंग रायमाझीको नाम बैठकमा प्रस्तावित भयो । स्वच्छ, निर्विवाद व्यक्तित्व र निर्भिक न्याय निरूपण गर्ने छवि बनाउनुभएका उहाँले सो जिम्मेवारी स्वीकार्नु भएन । उहाँले आयोगको कार्यविधिगत अस्पष्टता र प्रक्रियागत अपठ्यारा औंल्याउँदै अध्यक्ष हुन अस्वीकार गर्नुभएको थियो । संवेदनशील विषयलाई खेलाँचीका रूपमा लिइएकोले सो जिम्मेवारी लिन तयार हुन नसकेको उहाँको तर्क थियो । हुन पनि सरकारले प्रतिपक्षीको समेत भावनालाई कदर गर्दै पूर्व न्यायाधीशहरू उपाध्याय र श्रेष्ठको नाम सिफारिस गरिसकेको थियो । 'सरकार आफ्नो बहुमत पुर्‍याउन सदस्यको सिफारिस गर्न हतारिएजस्तो छ' न्यायाधीश रायमाझीले भन्नुभयो- "कसैको राय सल्लाहविना सदस्य सिफारिस भएका छन्, त्यसमा सरकारको कुनै 'इन्ट्रेस्ट' स्वार्थ लुकेको छ, त्यसैले काम गर्न अप्ठ्यारो पर्ला भनी मैले नबस्ने निर्णय गरेको हुँ ।"

रायमाझीले आयोगमा बसेर पनि आयोगको केही प्रभावकारिता नरहने निष्कर्ष पनि आवश्यक जनशक्ति छनौट पनि आयोगले नै गर्ने जानकारी दिँदै त्यसमा 'खराव मान्छेहरू' पर्न नदिइने बताउनु भएको छ ।

आयोगका सदस्यहरूमा नियुक्त व्यक्तिहरू सक्रिय र गतिशील व्यक्तित्वहरू नभएको टिप्पणी गरिएको छ । 'आचरणगत शुद्धतासँगै आँट र जाँगरलाई पनि हेर्नुपर्छ' अधिवक्ता युवराज संग्रौला भन्नुहुन्छ । उहाँ अगाडि भन्नुहुन्छ- "निवृत्त दुईजना न्यायाधीशलाई नै छानिनुको आधार र मापदण्ड के ? गणेशराज शर्मा वा दमननाथ ढुंगाना वा नागरिक समाजका अन्य प्रतिष्ठित व्यक्ति आयोगमा किन पर्न सकेनन् ?"

## *आयोगको अधिकार*

राजाबाट आयोग गठनसँगै आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधिसमेत तोकियो । जाँचबुझ आयोग ऐनअनुसार गठित सो आयोगले काम, कर्तव्य र अधिकार सो ऐनअनुसार प्राप्त गरेको छ । ऐनको दफा ४ (३) अनुसार आयोगले नेपाल कानूनबमोजिम अदालतले पाएसरहका



आयोगका अध्यक्ष : भैरवप्रसाद लम्साल, सदस्यद्वय क्रमश : उदयराज उपाध्याय र ज्ञाइन्द्र बहादुर श्रेष्ठ

**"निवृत्त दुईजना न्यायाधीशलाई नै छानिनुको आधार र मापदण्ड के ? गणेशराज शर्मा वा दमननाथ ढुंगाना वा नागरिक समाजका अन्य प्रतिष्ठित व्यक्ति आयोगमा किन पर्न सकेनन् ?"**– अधिवक्ता युवराज संग्रौला

सार्वजनिक गर्नुभएको छ । उहाँको निष्कर्ष थियो- "भ्रष्टाचारीलाई कारवाही गर्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई अधिकारविहीन बनाइएको छ र जाँचबुझ आयोगले प्रतिवेदन दिएपछि पनि कार्यान्वयन गर्ने अन्य कुनै निकाय नभएपछि प्रतिवेदन दिएरमात्र केही सुधार हुँदैन ।"

आयोगका अध्यक्ष नियुक्त हुनुभएका न्यायाधीश लम्साल भने छानविनको क्रममा भ्रष्टाचारी देखिएका कसैलाई पनि नछोडिने दावी गर्दै अन्य विवादहरूलाई 'आ-आफ्नो विचार' भन्नेसम्म मात्र टिप्पणी गर्नुहुन्छ । उहाँले आयोगको कामको क्रममा आउनसक्ने अप्ठ्याराहरू हटाउन 'नीतिगत-निर्णय' गरिने जानकारी दिनुभएको छ । 'सिंगै मुलुक आयोगको पक्षमा भएकोले' काम गर्न अप्ठ्यारो नपर्ने विश्वासमा रहनुभएका लम्सालले आयोगलाई सबै अधिकार प्रयोग गरी कुनै व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराई बयान लिने, कुनै लिखत पेश गर्न आदेश दिने, प्रमाण बुझ्ने, कुनै सरकारी वा सार्वजनिक कार्यालय वा अदालतबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने अधिकार हुनेछ भने त्यसो गर्दा आयोगले उचित सम्झेबमोजिम म्याद तोक्नसक्ने व्यवस्था दफा ४ (४) ले गरेको छ । जाँचबुझको विषयसम्बन्धी कुनै वस्तु वा लिखत कुनै व्यक्तिका साथमा वा कुनै खास स्थानमा छ भन्ने आयोगलाई विश्वास हुने कारण भएमा प्रचलित नेपाल कानूनका अधीनमा रही त्यस्तो व्यक्ति वा स्थानको तलाशी लिने वा कुनै राजपत्राकित अधिकृतद्वारा त्यस्तो व्यक्ति वा स्थानको तलाशी गर्न लगाउने र फेला परेमा त्यस्तो वस्तु वा लिखत कब्जा गर्ने वा गर्न लगाउने वा त्यस्तो लिखतको पूरै वा आंशिक नक्कल लिने वा लिन लगाउने र अधिकारको

प्रयोगसँग सम्बन्धित प्रचलित नेपाल कानूनबमोजिमका अन्य अधिकारहरूको प्रयोग गर्ने अधिकार पनि सोही ऐनको दफा ४ (५) ले आयोगलाई दिएको छ ।

कसैले आयोगसमक्ष बकेको कुनै कुरा आयोगले सोधेको प्रश्नसँग सम्बन्धित नभएमा वा जानाजानी झुठ्ठा बकेको प्रमाणित भएमा सो कुराको आधारमा प्रचलित नेपाल कानूनबमोजिम निजउपर मुद्दा वा कानूनी कारवाही चलाउन वा सो कुरा निजका विरूद्ध प्रमाणमा लगाउन सकिने कानूनी व्यवस्था ऐनको दफा ५ को प्रतिबन्धात्मक वाक्यांशमा छ । आयोगको कामकारवाही गोप्य रहने व्यवस्था ऐनले गरेको छ भने ऐनअन्तर्गत असल नियतले गरेको वा गर्न खोजिएको कुनै काम कारवाहीका निमित्त सरकार, आयोग, आयोगका कुनै सदस्य वा आयोगको निर्देशनमा काम गर्ने कुनै व्यक्तिका विरूद्ध कुनै मुद्दा वा कानूनी कारवाही नचलाइने प्रत्याभूति पनि ऐनले दिएको छ ।

सोही ऐन अन्तर्गतको जाँचबुझ आयोग (सदस्यहरूको सेवाको शर्त) नियमावली २०५१ ले आयोगका अध्यक्ष तथा सदस्यले निर्भिक रही काम गर्नुपर्ने, बाह्य प्रभावबाट मुक्त रहनुपर्ने, गोपनीयता भंग गर्न नहुने, पदको प्रभाव देखाई अनुचित लाभ उठाउने कुनै काम गर्नु नहुने जस्ता आचारहरू निर्धारण गरेको छ ।

## *नीतिगत प्रश्न*

व्यापक कार्यक्षेत्र र तमाम झञ्झटिला कार्यविधिहरूबीच गठित जाँचबुझ न्यायिक आयोगसँगै राज्य र नागरिकको सम्बन्धसँग सरोकार राख्ने केही गम्भीर प्रश्नहरू खडा भएका छन् ।

कसैले आर्जन गरेको सम्पत्ति जायज वा नाजायज के हो भनेर जाँच गर्नु प्रशासनिक कुरा हो । उसले आवश्यक करहरू तिरेको छ कि छैन भनेर हेर्नेजस्ता कार्यहरू यसअन्तर्गत पर्छन् । यसनिम्ति राज्यले जाँचबुझ शुरू गर्नसक्छ, प्रमाण संकलन गर्न सक्छ । तर जब व्यक्तिको हकलाई असर गर्ने प्रक्रियामा राज्य पुग्छ, त्यसपछि न्यायिक पद्धतिको शुरूवात हुन्छ ।

नेपाल अधिराज्यको संविधानको प्रस्तावनामै 'स्वतन्त्र एवं सक्षम न्यायप्रणालीको व्यवस्था गरी कानूनी राज्यको अवधारणालाई साकार' पार्ने प्रतिवद्धता व्यक्त गरिएको सन्दर्भमा यो कुरा अझ महत्वपूर्ण हुनआउँछ । प्रस्तावनाको सो अवधारणालाई संचालन गर्ने संविधानको धारा १४ ले हो, जसले मौलिक हककै रूपमा फौजदारी न्यायसम्बन्धी हक प्रदान गरेको छ । त्यसको आधार धारा ११ को अर्को मौलिक हक अर्थात् समानताको हक हो, जसको उपधारा (१) मा 'सबै नागरिक कानूनको दृष्टिमा समान हुने' र 'कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने' व्यवस्था गरिएको छ ।

प्रश्न यहींनेर उठ्छ, अहिले राज्यले उच्चस्तरीय आयोग गठन गरिदिएर जाँचबुझ गर्न लागेको के सामान्य नागरिकलाई हो ? होइन । आयोगलाई निश्चित कार्यक्षेत्र नै तोकेर ती 'वरिष्ठ नागरिक'हरूको स-सम्मान जाँचबुझ गरिने भएको छ । तर भ्रष्टाचार वा अन्य यस्तै अभियोगमा वा कर र राजस्वसँग सम्बन्धित मामलामा सामान्य नागरिकलाई त आयकर, भन्सार, अन्तःशुल्क, पानी कर आदि ऐन लगाएर तथा फौजदारी न्याय प्रणालीअनुसार कारवाही गरिएकै छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोग, विशेष प्रहरी आदि निकाय त्यसनिम्ति स्थापित र सक्रिय छन् । तर अहिले निर्धारित केही व्यक्तिहरूलाई न्यायाधीश नै तोकेर स-सम्मान छानविन गर्न थालेपछि कर र भ्रष्टाचारसँग सम्बन्धित राज्य र सरकारका निकाय निकम्मा नभए के हुन्छन् ?

सम्पत्ति जाँचबुझ आयोगले अहिले गर्न खोजेको कार्यलाई यसअघि नै सम्पन्न गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई कसैले रोकेको थिएन भन्ने कुरा स्वयं आयोगले कतिपय 'वरिष्ठ'हरूमाथि कारवाही चलाएको कार्यबाटै पुष्टि हुन्छ । कानूनद्वारा निर्धारित 'राष्ट्रसेवक' हरूलाई कारवाही गर्न पनि कसैले रोकेको थिएन । तर यो स्पष्टताबीच पनि विगत वर्षमा सोहोर्नै नसक्ने गरी भ्रष्टाचारको मैलो थुप्रिएको कुरालाई राज्यले नै स्वीकारेको छ । प्रधानमन्त्रीदेखि नै जाँचबुझ गर्नुपर्ने आवश्यकताको अनुभूति त्यसैको सम्बोधन हो ।

**यो आयोगको प्रतिवेदन आएमा हजारौं हजारले भ्रष्टाचारको आरोपमा फौजदारी अपराधको अभियोग बोक्नु पर्नेछ त्यतिखेर दण्ड दिनका लागि कोही स्वच्छ व्यक्ति हुन्छन् कि हुँदैनन् ?**

बहालवालामात्र नभएर अवकाशप्राप्त व्यक्तिउपर पनि मुद्दा चलाउन सकिने दफा २९ को कानूनी व्यवस्था अदुअआ ऐन, २०४८ लागु भएको सोही वर्षको मंसिर ४ गतेदेखि नै हो । त्यसैगरी भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत सजायँ हुने कसुरसँग सम्बन्धित ठहरिएको चल तथा अचल सम्पत्ति यस ऐन अन्तर्गत कसुरदार ठहरिएको राष्ट्रसेवक वा व्यक्तिले आफ्नो परिवार वा अरू कसैको नाममा राखेको भएतापनि सो सबै सम्पत्ति जफत हुने व्यवस्था रहेको पनि बहुदलीय व्यवस्थाको पुनर्स्थापनाभन्दा अघिदेखि नै हो ।

विद्यमान कानूनमा अपुग महसूस भए संसदबाट कानून निर्माण गर्ने कार्यलाई यसबीचमा कसैले रोकेको थिएन । अख्तियार र भ्रष्टाचारसम्बन्धी विधेयक पटक पटक संसदबाट सरकारले फिर्ता लिने जस्ता कार्यले भ्रष्टाचार नियन्त्रणलाई सघाउ पुग्ने कुरा थिएन ।

तर विद्यमान कानूनहरूलाई सक्रियतापूर्वक कार्यान्वियन गरी गैरकानूनी रूपमा सम्पत्ति आर्जन गर्नेहरूलाई कारवाही गर्नुको उल्टो भ्रष्टाचारीहरूलाई थोक रूपमा चित्रित गर्न आयोग गठन गर्ने परिपाटीले नियमित कानूनी कारवाहीको मार्गलाई हतोत्साहित गरेको छ । भ्रष्टहरूको विशाल जमात जन्म दिएर त्यसपछि आयोग गठन गरी तिनले कति गैरकानूनी आर्जन गरे भन्ने पत्ता लगाउनु र त्यसपछि मात्रै अख्तियारलाई त्यो आर्जन कसरी गैरकानूनी हो भनेर अनुसन्धान गर्ने जिम्मा दिनुले नेपालको संविधानले ग्रहण गरेको फौजदारी न्याय प्रणालीसम्बन्धी कानूनशास्त्रलाई नै निकम्मा बनाउने प्रयास गरेको छ । त्यतिमात्र नभएर यसले अदुअआको अस्तित्वलाई कमजोर बनाउँछ । र, जनताको मानसिकतामा नकारात्मकता सिर्जना गरिदिन्छ ।

यसबाहेक अख्तियारले पनि कुनै आयोग विशेषद्वारा तयार गरिएको प्रतिवेदनका आधारमा मुद्दा चलाउन मिल्दैन, उसको आफ्नै अनुसन्धान प्रक्रिया छ र त्यसअनुसार मात्रै कसैलाई दोषी ठहर गर्नसक्छ । तसर्थ जाँचबुझ आयोगको प्रतिवेदन उसको निम्ति सूचनाको सामान्य स्रोतभन्दा बढी हुनसक्दैन । एक त जाँचबुझ आयोगले 'स्रोत नखुलेको सम्पत्तिको विवरण तयार गर्ने' मात्र अधिकार प्राप्त गरेको छ । सो अनुरूप स्रोत नखुल्दैमा सबै सम्पत्ति गैरकानूनी हुने र स्रोत खुल्दैमा शुद्ध हुने तर्क पनि मिल्दैन । 'व्यक्तिगत सम्पत्तिको हिसाब कसैले नगरेको सन्दर्भमा स्रोत देखाउने कार्य यसै पनि कठिन हुनसक्छ' अख्तियारका एक आयुक्त भन्छन् । उहाँ अगाडि भन्नुहुन्छ- 'पंचायतकालमा पनि मन्त्री भएका, लामो समयदेखिका राष्ट्र सेवकहरूले पछिल्लो १२ वर्षको सम्पत्तिको लागत दाखिल गर्ने कार्य व्यवहारिक पनि देखिंदैन ।'

## *आयोगसमक्ष चुनौतीहरू*

विगत बाह्र वर्षमा अकूत सम्पत्ति आर्जन गरेर राजनीतिक नेताहरूले व्यवस्थालाई नै बदनाम गरेको कुरामा त सन्देह छैन । चप्पलदेखि पजेरोसम्मको यात्रामा उनीहरूले आफ्नो हैसियत सार्वजनिक गरिसकेका छन् । विदेशमा छोराछोरी पढाउनेदेखि विदेशमै लगानी गरेकासम्म चर्चाले आयोगलाई चुनौती थपेको छ । यद्यपि दुर्गन्धित वातावरणमा शुद्धताको खोजी आवश्यक भने निश्चय नै छ ।

तर अदुअआको अस्तित्वलाई नजरअन्दाज गरी भिन्नै आयोग गठन गर्नु र त्यसलाई केही अधिकार निर्धारण गर्नुले थप गन्जागोलको अवस्था भने सिर्जना गरेको छ । भएको आग्लो नलगाई अर्कै चुकुल ठोकेर ढोका बलियो पार्न खोजे जस्तो देखिन्छ अहिलेको अवस्था ।

आयोग गठनको प्रक्रियामा पनि प्रश्न उठेका छ । यसले ग्रहण गरेको क्षेत्राधिकारको पक्ष त छँदैछ, सरकारद्वारा सिफारिस गरिएका दुईजना सदस्यका कारण न्यायाधीश कृष्णजंग रायमाझीको शब्दमा 'भ्रष्ट हो होइन भनेर जाँच्ने

आयोगमा पनि अल्पमत र बहुमतको स्थिति देखियो भने के काम गर्न सकिएला ?'

आयोग गठनको घोषणा भएको करिब १५ दिनसम्म आधारभूत पक्षहरू नै पूरा नहुनुले यसको कार्य प्रवेगको अभाव देखाउँछ । आर्थिक स्रोत, कर्मचारी आदि जस्ता पक्षमा कुनै गृहकार्यविना आयोग घोषणा गरिनुले यसको शुरूवात राम्रो देखिन सकेन । आयोगका अध्यक्ष स्वयंले आयोगलाई सुरक्षाको विशेष व्यवस्था'को माग गरिसक्नुभएको छ । छानविनको प्रक्रियाभित्र प्रवेश गरेपछि पनि २०४७ सालअघि ती व्यक्तिको सम्पत्तिको विवरण, त्यसपछि २०५८ सम्मको उनीहरूको आर्जन र राजश्व भुक्तानीको विवरण पहिल्याउनु चुनौतीपूर्ण कार्य हो । यसबाहेक १५ दिनभित्र सबैले सम्पत्ति विवरण बुझाउने, नबुझाउनेहरूको सम्पत्ति छापा मार्ने, लुकाइएको सम्पत्तिको सूचना दिनेलाई निश्चित प्रतिशत रकम पुरस्कार दिनेजस्ता प्रक्रिया अपनाएमा आयोग सफल हुने विश्वास अधिवक्ता प्रकाश वस्तीको छ । सम्पत्तिको स्रोत सम्बन्धित धनीले बुझाउनुपर्ने, आयोगको दायराभित्र परेर पनि सम्पत्ति नुबुझाउनेहरूको नाम सार्वजनिक गर्नुपर्ने, विदेशमा राखिएको सम्पत्ति त्यहाँको राजदूतावासमार्फत् खोज्नुपर्ने र कूटनीतिक प्रयासबाटै त्यस्तो सम्पत्तिको स्रोत खोज्न सक्नुपर्ने राय पनि अधिवक्ता वस्तीको छ ।

आयोगले स्वच्छ र पूर्ण प्रतिवेदन तयार गऱ्यो भने पनि त्योभन्दा मुख्य कुरो त्यसको कार्यान्वयन हो । मल्लिक आयोग, परी थापा आयोग, गुठी संस्थान जग्गा हिनामिनासम्बन्धी र प्रतीतपत्र घोटालासम्बन्धी आयोग आदिका कार्यान्वयन हुन नसकेका तर राम्रा प्रतिवेदनहरूले मानवीय संवेगलाई शिथिल बनाइदिन्छन् । 'स्रोत नखुलेको सम्पत्ति तत्कालै जफत गर्नसक्ने प्रावधान' को माग गर्नुहुने कानूनविद् सुभाषचन्द्र नेम्वाङ्ग पनि कार्यान्वयन हेरेर मात्र उत्साहित हुनुपर्ने ठान्नुहुन्छ ।

आयोगको गठनपछि अर्को एउटा जटिलता देखापरेको छ- आयको स्वयं घोषणा कार्यन्वयन सम्बन्धमा । गत माघ मसान्तसम्ममा आयको स्वयं घोषणा गरी १० प्रतिशत कर बुझाउने म्याद समाप्त भएपछि सरकारले आशंकित ठाउँमा छापा मार्ने बताएको थियो । यद्यपि त्यो काम भएको देखिँदैन । तर अब जाँचबुझ आयोगको प्रक्रियाभित्र परेपछि त्यस्ता व्यक्तिहरूले छापा मार्ने कार्यलाई कानूनी चुनौती दिनसक्छन् ।

कार्यान्वयनकै सन्दर्भमा आयोगका अध्यक्ष भैरवप्रसाद लम्सालले भन्नुभएको छ- "यो आयोगको प्रतिवेदन मल्लिक आयोगको प्रतिवेदनजस्तो हुँदैन, किनभने यसमा सिंगै देश लागेकोछ, जनमत बनेको छ ।" तैपनि उहाँले सरकारी 'इमान्दारिता'मा भर पर्ने बताउँदै आयोगले इमान्दारीपूर्वक र भावी पिँढीलाई समेत विचार गरेर प्रतिवेदन तयार गर्ने बताउनुभएको छ । प्रधानमन्त्री शेरबहादुर देउवाले समेत आयोगलाई उसको दायित्व पूरा गर्न सरकारको तर्फबाट पूर्ण सहयोग र समर्थन हुने, प्रतिवेदन कार्यान्वियन गर्न सरकारको तर्फबाट आफैले अनुगमन गर्ने र प्रतिवेदन सार्वजनिक गरी कार्यान्वियन गर्ने खुला प्रतिवद्धता व्यक्त गर्दै यतिसम्म भन्नुभएको छ - "आयोगबाट सबैभन्दा पहिले म आफ्नो सम्पत्ति जाँच गराउँछु ।" उहाँलाई पनि उछिनेर अर्का कांग्रेस नेता विजयकुमार गच्छदारले सम्पत्ति जँचाउने घोषणा गर्नुभएको छ । तर वर्तमान ३९ सदस्यीय मन्त्रिमण्डलमा १५ दिनभित्र सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने सामान्य प्रचलनलाई बेवास्ता गरी हालसम्म विवरण सार्वजनिक नगर्ने प्रधानमन्त्री देउवा र उहाँको मन्त्रिगणलाई विश्वास गर्ने आधार देखिँदैन । आयोगको प्रतिवेदन कार्यान्वियन हुने कुरामै चौतर्फी सन्देह रहेको बेला कार्यान्वियन भए वा नभए के स्थिति हुन्छ भन्ने तर्फ पनि ध्यान भने पुग्नुपर्छ । मल्लिक आयोगको प्रतिवेदन कार्यान्वियन नभएपछि जनतामा छाएको नैराश्यभाव र राजनीतिक विकृतिका बीचमा यहाँ कहिल्यै स्थिरता देखापरेन । राजनीतिक आन्दोलनहरूबाहेक निर्वाचन छानवीनसम्बन्धी उच्चस्तरीय आयोग, राजस्व चुहावट छानविनसम्बन्धी आयोग, आयको स्वयं घोषणा- यी सबैले सधैं नै स्थितिलाई हुंडलिरहे । तर कार्यान्वियनकारी सरकारले कुनै चासो देखाएन । नीतिगत पक्ष ठीक हुँदाहुँदै पनि कार्यगत व्यवस्थापनको पक्षमा राष्ट्रमा तरलता बढाउने त्यही पदचिन्हमा यो सम्पत्ति जाँचबुझ आयोग पनि नजाने आधारहरू कम छन् । त्यसो त आयोगले प्रतिवेदन बुझाइसकेपछि स्रोत नखुलेको सम्पत्तिको स्थिति के हुने र त्यसपछि अनियमित तबरले सम्पत्ति आर्जन गर्नेहरूलाई राज्यले कसरी निगरानी राख्ने भन्ने पक्षलाई पनि आयोग गठनले स्पष्ट पार्न सकेको छैन । यस अर्थमा नियमित निगरानी गर्ने अख्तियार जस्ता निकायलाई सरल र सक्रिय पार्नुको विकल्प देखिँदैन । स्रोत नखुलेका सम्पत्ति र त्यस्तो सम्पत्तिवालालाई तत्काल गैरकानूनी घोषित गरी राज्यको निगरानीमा राख्नु यसर्थ पनि आवश्यक छ ।

थिति बसाउनेभन्दा सस्तो लोकप्रियता आर्जन गर्ने लालचबाट आयोगलाई काम गर्न दिने तर कार्यान्वियन नगर्ने भएमा प्रजातन्त्रप्रतिको वितृष्णाको पहाड नै निर्माण हुनेछ । सबै बदनामहरूले राज्य गरिरहेको देखिने स्पष्ट छ । तर कार्यान्वियन भएमा कोही चोखो नदेखिने अनुमान भइरहेको वर्तमान सन्दर्भमा भ्रष्टाचारको आयोगमा हजारौंले फौजदारी अपराधको अभियोग व्यहोर्नु पऱ्यो भने दण्ड कार्यान्वियन गर्न बाँकी रहनेहरू को होलान् ? गम्भीर स्थिति देखा पर्छ । कतै यो प्रयास जानीनजानी सम्पूर्ण प्रजातन्त्रका संवाहकहरूलाई अपराधी करार गरेर यसको विकल्प खोज्ने माध्यम हुने त होइन ? तसर्थ त्यसो हुन नदिन स्वयंलाई कार्वाही गर्न सबै तयार रहनुपर्छ । ❑

*(ढुंगेल नेपाल समाचारपत्र राष्ट्रिय दैनिकका सह-संपादक हुनुहुन्छ- सं.)*

## के तपाईंलाई थाहा छ ?

# नेपालमा महिलाहरू



- सन् २०५८ को जनगणना मुताबिक नेपालको कुल जनसंख्या अहिले २ करोड ३४ लाख ५३ हजार छ । त्यसमध्ये ५०.५ प्रतिशत अर्थात् १ करोड १७ लाख ३८ हजार महिला छन् ।
- नेपालमा आर्थिकरूपले सक्रिय महिलाहरूको अनुपात ५६.९ प्रतिशत छ ।

*स्रोत : UNDP, Human Development Report, 2001*

- नेपालको कूल श्रमशक्तिमध्ये ४०.५ प्रतिशत महिला श्रमशक्ति छ ।

*स्रोत : UNDP, Nepal Human Development Report, 2001*

- नेपालको प्रतिनिधि सभामा महिलाहरूको सहभागिता ५.९ प्रतिशत छ र राष्ट्रिय सभामा १५ प्रतिशत छ । दुवै मिलाउँदा नेपालको संसदमा महिला सहभागिता ७.९ प्रतिशत छ ।

*स्रोत : संसद सचिवालय*

- नेपालका प्रशासनिक पदहरूमा महिला सहभागिता १०.६५ प्रतिशत छ ।
- नेपालको व्यावसायिक पदहरूमा महिलाहरू १९.५ प्रतिशत छन् ।

*स्रोत : UNDP Nepal Human Development Report, 2001*

- सन् २००० मा नेपालको कुल साक्षरता दर ५७.६ प्रतिशत छ । त्यसमध्ये पुरूष साक्षरता दर ७० प्रतिशत छ भने महिला साक्षरता दर ४५ प्रतिशत छ ।

*स्रोत : केन्द्रीय तथ्यांक विभाग, BCHIMFS, 2000*





*चिलीका राष्ट्रपति फर्नाण्डो लेगोस र कम्युनिष्ट पार्टीकी महासचिव ग्लाडीज मरिन*

# चिलीको त्रासदी फेरि दोहोरिने संभावना

**चिली**को नाम आउनासाथ धेरैलाई विश्वविख्यात कवि पाब्लो नेरूदाको याद आउनसक्छ, कसैलाई वामपन्थी राष्ट्रपति साल्भाडोर एलेण्डेको सरकारविरूद्ध तानाशाह पिनोशेद्वारा गरिएको नरसंहारकारी सैनिक विद्रोहको सम्झना हुनसक्छ ।

तानाशाह पिनोशेले अमेरिकी साम्राज्यवादको आशीर्वादको आधारमा १७ वर्षसम्म निष्कण्टक फासीवादी शासन गरेको मुलुक- चिलीमा अचेल पूंजीवादी प्रजातन्त्रको प्रयोग भइरहेको छ । यस्तो प्रजातन्त्रमा पनि फरक प्रतिपक्षीय आवाज घन्काउने पार्टी वा व्यक्तिमाथि कस्तो बर्बर व्यवहार गरिन्छ भन्ने कुराको एउटा ठोस उदाहरण केही समयअगाडि देख्न पाइएको छ । चिलीको पूंजीवादी प्रजातन्त्रभित्रै सडक र सदनको संघर्ष संचालन गरिरहेको चिलीको कम्युनिष्ट पार्टी (CPC) को केन्द्रीय कार्यालयमाथि प्रहरीले बर्बरतापूर्ण ढंगले आक्रमण गरेको थियो । गत मंसिर १२ गते राजधानी सान्टियागोस्थित पार्टीको केन्द्रीय कार्यालयमाथि ३०० जना काराबाइनेरोसहरू (चिलीका राष्ट्रिय प्रहरीहरू)ले राति अचानक आक्रमण गरेका थिए । आक्रमणकारी प्रहरीहरूले भवनका झ्याल, ढोका, टेबुल र दराजहरू फोर्नुका साथै टेलिफोन लाइन काट्ने, कम्प्युटरलगायत अरू इलेक्ट्रोनिक्सका सामानहरू नष्ट गर्ने र धेरैजसो सामानहरू सडकमा फ्याँक्ने काम गरेका थिए ।

लाठी, अश्रुग्यास र पानीको फोहोरासहित आक्रमण गर्न आएका प्रहरीहरूविरूद्ध ढुंगामूढा र लाठीसहित प्रतिरोधमा उत्रिँदा सो पार्टीका कार्यकर्ताहरू र कर्मचारीहरू नराम्ररी पिटिएका थिए र केहीचाहिँ अस्पतालमा भर्नासमेत गरिएका थिए । आक्रमणपछि प्रहरीले सोही राति चिलीको कम्युनिष्ट पार्टीका महासचिव ग्लाडीज मरिन, विदेश विभागका प्रमुख लुइस बार्रेरा र कम्युनिष्ट युथ लीगका नेताहरूलगायत ५० जना कार्यकर्ताहरूलाई गिरफ्तार गरेको थियो ।

जनदवाबको फलस्वरूप केही दिनपछि रिहा गरिएका महासचिव ग्लाडीज मरिनले आफ्नो रिहाइपछि भन्नुभएको छ- "यो आक्रमण अँध्यारो युगतिर प्रतिगमन गर्न चाहने तत्वहरूको करतूत हो । देशलाई अँध्यारो गुफातिर धकेल्न चाहने तत्वहरू संगठित र सक्रिय हुनथालेको दृष्टान्त हो यो । काराबाइनेरोस र त्यसलाई नियन्त्रण गर्ने कानून मन्त्रालयको प्रशासनभित्र काला शक्तिहरू 'डी-फ्याक्टो फोर्सेज'को रूपमा क्रियाशील हुन थालेका छन् । सन् १९७३ देखि सन् १९९० सम्म शासन चलाउने ती फासीवादी शक्तिहरू केही वर्ष छायाँमा रहेता पनि अब फेरि प्रकट हुनथालेका छन् ।"

कम्युनिष्ट पार्टीको केन्द्रीय कार्यालयमाथिको बर्बर आक्रमण र नेताहरूको गिरफ्तारीको सवालमा चिलीका राष्ट्रपति फर्नाण्डो लेगोस र प्रहरी प्रमुख जनरल अल्बर्टो सियनफ्यूगोसद्वारा समेत भर्त्सना गरिएको थियो । तर प्रख्यात महिला महासचिव ग्लाडीज मरिनले आक्रमणको शिघ्र अनुसन्धान र दोषीमाथि कडा कारवाहीको माग गर्दै संघर्ष गर्ने चेतावनी दिएपछि सरकारलाई निकै अप्ठ्यारो भएको थियो । सान्टियागो जेलभित्र महासचिव मारिनलाई भेटेपछि जनरल अल्बर्टो सियनफ्यूगोसले आक्रमणका लागि जिम्मेवार मानिएका प्रहरी हाकिम सेर्गियो गार्सियामाथि कारवाही थालिसकेको घोषणा गरेका थिए ।

चिलीको कम्युनिष्ट पार्टीले प्रहरी, न्याय-प्रशासन विभाग, नागरिक अदालतका न्यायाधीश पिलार अग्वायामाथि मुद्दा हालेको छ । यो कानूनी



*काराबाइनेरोसहरूको परेड*

लाठी, अश्रुग्यास र पानीको फोहोरासहित आक्रमण गर्न आएका प्रहरीहरूविरूद्ध ढुंगामूढा र लाठीसहित प्रतिरोधमा उत्रिँदा सो पार्टीका कार्यकर्ताहरू र कर्मचारीहरू नराम्ररी पिटिएका थिए

र संसदीय संघर्षले चिलीको राज्ययन्त्रभित्र रहेका फासीवादी शक्तिहरूलाई नङ्याउन र एक्ल्याउन निकै ठूलो टेवा पुग्ने विश्वास लिइएको छ ।

अमेरिकी साम्राज्यवादले ११ सेप्टेम्बरमा आफूमाथि आक्रमण भएको निहुँमा संसारभरि प्रतिआतंक चलाइरहेको सन्दर्भमा चिलीका फासीवादी शक्तिहरू पनि निकै क्रियाशील हुनथालेका छन् । अमेरिकी शासकहरूको आड-भरोसामा वामपन्थी राष्ट्रपति एलेण्डेको हत्या गरी डेढ दशकभन्दा बेसी समयसम्म जनरल पिनोशेको नेतृत्वमा फासीवादी शासन चलाएका ती शक्तिहरू सामाजिक न्याय, समानता र स्वतन्त्रताका लागि संघर्षरत वामपन्थी र कम्युनिष्ट शक्तिहरूप्रति अति नै आक्रामक ढंगले प्रस्तुत हुन थालेका छन् ।

ती फासीवादी शक्तिहरूविरूद्ध एकीकृत संघर्ष गरेका प्रजातान्त्रिक शक्तिहरूको संयुक्त मोर्चा 'कन्सेर्टेसियों कोयलिशन'को तर्फबाट राष्ट्रपति



*१९९९ मार्चको राष्ट्रपति पदको चुनावमा कम्युनिष्ट पार्टीको तर्फबाट सशक्त उम्मेदवार बन्नुभएकी महासचिव ग्लाडीज मरिन*



**पिनोशेले १७ वर्षको फासीवादी शासनको क्रममा चिलीका ३ हजारभन्दा बेसी न्यायप्रेमीहरूको निर्मम हत्या गरेका थिए । यसै क्रममा महासचिव मरिनका पतिले पनि शहादत प्राप्त गर्नुभएको थियो ।**

बन्नुभएका फर्नाण्डो लेगोस अचेल निकै असजिलो स्थितिबीच फँसिरहनुभएको छ । आफूलाई 'मध्यवाम' (सेन्टर लेफ्ट)को रूपमा प्रस्तुत गर्ने संयुक्त सरकारले सन् १९९० देखि नै एकातिर अमेरिकाको नेतृत्वमा रहेको अन्तर्राष्ट्रिय मुद्राकोषको नयाँ उदारवादी नीतिअन्तर्गत खुला-बजार अर्थतन्त्रको संचालन गरिरहेको छ । अनि चिली र अमेरिकाबीच भर्खरै आर्थिक-व्यापारिक सम्झौता भएपछि अमेरिकी प्रभाव झन् बढ्ने निश्चित छ । अर्कोतिर उसले खुला बजार अर्थतन्त्रका विरोधी वामपन्थी र कम्युनिष्ट शक्तिहरूलाई पनि चलखेल गर्न दिनका लागि राजनैतिक स्वतन्त्रता पनि दिनु परिरहेको छ । उसको प्रशासनमा वाहुल्यता कायम गरिरहेका पुराना फासीवादी शक्तिहरूले आपराधिक खालका आक्रमणहरूलाई तीव्रता दिन थालेपछि लेगोस सरकार चौतर्फी संकटको शिकार हुन थालेको छ ।

यो संकट जनरल पिनोशेलाई जनअदालतमा उभ्याउने मागसँगै झन् झन् गहिरिँदै जाने सम्भावना बढेको छ । अमेरिकी गुप्तचर विभाग-सीआईएको नीति-निर्देशनमा सन् १९७३ मा वामपन्थी राष्ट्रपति डा. साल्भाडोर एलेण्डेको हत्या गरी सत्तासीन भएका जनरल पिनोशेलाई सजायँ दिन त्यहाँ दैनिकजसो सडक-प्रदर्शन भइरहेका छन् । जनरल पिनोशेले १७ वर्षको फासीवादी शासनको क्रममा चिलीका ३ हजारभन्दा बेसी न्यायप्रेमीहरूको निर्मम हत्या गरेका थिए । यसै क्रममा महासचिव मरिनका पतिले पनि शहादत प्राप्त गर्नुभएको थियो ।

अमेरिकी साम्राज्यवाद र त्यसका चेला जनरल पिनोशेमार्फत् चिलीमा पूँजीवादीहरूले गरिखाने उत्पीडितवर्गको संसदीय हस्तक्षेपलाई निमिट्यान्न पार्न खोजेका थिए । डा. एलेण्डेले वाम सरकारमार्फत् स-साना सामाजिक-आर्थिक परिवर्तन गर्न थालेपछि आक्रोशित भएका पूँजीवादीहरूले प्रजातान्त्रिक ढंगले जननिर्वाचित वामपन्थी सरकारलाई सैनिक विद्रोहमार्फत् उखेलेर फ्याँकेको थियो । चुनावी मार्गबाट वामपन्थीहरूलाई सरकारमा आसीन हुने कार्यलाई रोक्नै नसकेपछि उनीहरूले बन्दूक र बममार्फत् वाम सरकारलाई सत्ताच्युत गरी सम्पूर्ण प्रजातान्त्रिक पद्धति र प्रक्रियालाई धोती लगाइदिएका थिए ।

आज करिब ३ दशकपछि पाब्लो नेरूदा र डा. एलेण्डेकै मार्ग पछ्याउने चिलीको कम्युनिष्ट पार्टी त्यहाँको ठूलो शक्तिको रूपमा विकसित भएको छ । त्यसैले पूँजीवादी शक्तिहरूबीच भुइँचालो जान थालेको तथ्य पार्टीको केन्द्रीय कार्यालयमाथि भएको बर्बर आक्रमणबाट स्पष्ट रूपमा देखिएको छ । स्मरणीय छ- सन् १९९९ मार्चको राष्ट्रपति पदको चुनावमा कम्युनिष्ट पार्टीको तर्फबाट सशक्त उम्मेदवार बन्नुभएकी महासचिव ग्लाडीज मरिनले तेस्रो स्थान हासिल गर्नुभएको थियो । त्यसपछिका चुनावहरूमा मतको संख्यामा निकै वृद्धि गर्न सफल यस पार्टी कथंकदाचित फेरि एकपटक सत्तासीन भइहालेता पनि सन् १९७३ को चिलीको त्रासदी नदोहोरिएला भन्न गाह्रो छ । यस पार्टी र यसका नेताहरूमाथि अनेकौं निहुँमा भइरहेका आक्रमणहरूले यस्तै यस्तै संकेत दिइरहेका छन् ।

❑ राजेन्द्र महर्जन

फागुनदेखि वैशाखसम्मको समय हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई, लाइटर, मट्टितेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराख्ने, केटाकेटीहरूलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागिका दुर्घटनाहरूबारे संझाईबुझाई गर्ने र यस्ता कुराहरूबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं ।

श्री ५ को सरकार
सूचना तथा संचार
मन्त्रालय
सूचना
विभाग

"यो तपाईंहरू र कांग्रेसबीचको लेनदेनको कुरो हो । कांग्रेस धोका दिन्छ र तपाईंहरू लिनुहुन्छ । यसमा अरूले के गर्न सक्छ ?"






# धोका

**विमल निभा**

कमरेड मलाई नचिनेझैं गरेर अघि बढ्न खोजेका थिए, मैले चिनेर प्वाँक्क भनिहालें,

"हतारमा कता कमरेड ?"

कमरेड केही भनूँ वा नभनूँको दोधारमा त्यसै उभिइरहे । अतः मैले नै भनें, "के भन्नै नहुने काम पर्‍यो कमरेड ?"

"होइन, होइन ।"

म प्रश्नवाचक दृष्टिले हेर्न थालें ।

"त्यस्तो केही होइन, पार्टी अफिसतिर जाँदैछु । आज एउटा महत्वपूर्ण विषयमा बैठक बस्ने भएको छ । त्यसैले अलि हतारमै छु भने पनि हुन्छ । अरू के हुन्छ ?" उनले अब भने मलाई राम्ररी चिने ।

"के विषयमा बैठक बस्दैछ कमरेड ?" मैले सोधें ।

"कांग्रेस हामीलाई धोका दिन खोज्दैछ । यही धोकाको विषयमा केन्द्रीय कमिटीको बैठक बोलाइएको हो । कांग्रेस धोकेबाज हो । यो त अति नै भयो । यो धोकालाई लिएर महासचिव निकै गम्भीर हुनुहुन्छ ।" कमरेड पनि एकाएक गम्भीर भए, "यी कांग्रेसीहरू हामीलाई फेरि धोका दिन खोज्दैछन् ।"

"यो कुन नौलो कुरा हो कमरेड ? यस्तो धोका त कांग्रेसले बराबर दिई नै रहन्छ । पहिले पनि दिएको थियो । अब पनि दिन्छ । तर तपाईंहरू यो धोका किन लिनुहुन्छ ? जब लिई नै रहनु भएको छ भने अहिले पनि लिनोस् । यो तपाईंहरू र कांग्रेसबीचको लेनदेनको कुरो हो । कांग्रेस धोका दिन्छ र तपाईंहरू लिनुहुन्छ । यसमा अरूले के गर्न सक्छ ?"

कमरेड क्रुद्ध नजरले मतिर हेर्न थाले ।

"यो एक पटकको कुरो होइन, कांग्रेसले पटक-पटक धोका दिएको छ । तपाईंहरू भने खुरूखुरू लिइरहनु भएको छ । अब तपाईंहरूले यसरी लिएपछि कांग्रेसले धोका दिइहाल्छ नि । किन नदिने ?" मैले हाँसेर भनें, "अहिलेसम्ममा त तपाईंहरूलाई कांग्रेसको धोकाको अभ्यास पनि भइसकेको होला ।"

"के भन्नु भएको यो ?" कमरेड बेस्सरी पड्के ।

"नरिसाउनुहोस् कमरेड । कांग्रेससँग जे छ, त्यही न दिन्छ । कांग्रेससँग धोका छ, त्यसैले दियो । अब तपाईंहरू लिनोस् । नलिएर के गर्ने ? मेरो विचारमा यो धोका तपाईंहरूलाई काम लाग्न सक्छ ।"

"के काम लाग्छ ?"

म चुप ।

"भन्नोस्, के काम लाग्छ ?" उनको रोष अलि मत्थर भयो ।

"जनतालाई धोका दिनु पर्‍यो भने तपाईंहरू यही धोकाले काम चलाउनुहोस् । के बेफाइदा भयो ? आफूसँग स्टकमा रहेको धोका त्यसै खेर जाँदैन । कुनै न कुनै बेला यो धोका काम लागिहाल्छ ।" मैले एउटा लामो सास तानें, "यो प्रजातन्त्रमा कांग्रेसले मात्र कति धोका दिने ? तपाईंहरू पनि दिनोस् । कांग्रेसबाट लिएको धोकाले जनतालाई धोका दिंदा तपाईंहरूलाई सजिलो पनि हुन्छ ।"

कमरेड केही नभनेर, गम्भीर मुद्रामा चिन्तन गर्न थाले ।

"के सोचिरहनु भएको छ कमरेड ?"

कमरेडले दुबै आँखा चिम्ले । त्यसपछि बायाँ आँखा खोले । अन्त्यमा अर्को आँखा पनि खोलेर भने, "अरूको धोका हामीले किन लिने ? हाम्रो पार्टी कुनै सानो पार्टी होइन । हामी त्यसै प्रमुख प्रतिपक्ष भएका होइनौं, हामीसँग पनि आफ्नै धोका छ । यो मौलिक धोका हो । बुझ्नुभो, हामीले धोका दिनै सक्दैनौं भन्ने होइन् । मजाले धोका दिनसक्छौं । कांग्रेससँग धोकामा प्रतिस्पर्धा गर्न कमरेड महासचिवको कुशल नेतृत्वमा हामी तयार छौं ।"

"धोकामा प्रतिस्पर्धा ?"

उनले स्वीकृतिमा टाउको एउटा लयसाथ हल्लाए ।

"त्यसो भए, बधाई छ कमरेड ।" मैले अघि बढेर उनीसँग हात मिलाएँ ।

"धन्यवाद ! निकै अबेर भइसक्यो । म यी कुराहरूलाई आजको बैठकमा सशक्त ढंगले राख्नेछु । हेरूँ, के निर्णय हुनेछ ? जे भए पनि धोकामा कांग्रेसभन्दा हामी पछाडि पर्नेछैनौं । ल त आजलाई बिदा दिनोस् । तपाईंसँग पछि विस्तृत कुराकानी गरौंला ।"

यति भनेर कमरेड फटाफट बल्खुको दिशातर्फ लम्के ।

□□

# किन पछाडि परेका छन् राजनीतिमा महिलाहरू ?

मुक्ता श्रेष्ठ

मानिसहरूले आफ्नो प्रतिभा र क्षमताको विकास त्यतिबेलामात्र गर्न सक्छन्, जतिबेला उनीहरूले सार्वजनिक र नीति-निर्णयको क्षेत्रमा आफूलाई संलग्न गर्न वा सहभागी गराउन पाउँछन् । सार्वजनिक क्षेत्रमा आफूलाई संलग्न गर्न सकेका खण्डमा व्यक्तिहरूले आफूमा लुकेको प्रतिभा, क्षमता, योग्यता उजागर गर्न पाउँछन् । र, उनीहरूले आफूलाई आफ्नो समाज तथा देशको विकासमा संलग्न गर्ने अवसर प्राप्त गर्न सक्छन् । सार्वजनिक क्षेत्र भन्नाले थुप्रै खालका क्षेत्रहरू छन् । ती सबै क्षेत्रहरूमध्ये राजनैतिक क्षेत्र एउटा प्रमुख क्षेत्र हो । राजनीतिक स्वतन्त्रता र राज्यसत्तामाथि नागरिकहरूको पहुँच मानवीय विकासको एउटा प्रमुख आयाम हो । र, यो नागरिक अधिकार प्राप्तिको लागि एउटा महत्वपूर्ण मुहान् हो ।



● पुरूष र महिला, तल्लोजात र माथिल्लो जात, तराईबासी र पहाडबासीहरूका बीचमा ठूलो असमानता देखिन्छ । महिला र पुरूषबीच स्वतन्त्रता र राज्यसत्तामाथिको पहुँचमा कति असमानता छ त ? ●

तर अहिले नेपालमा स्वतन्त्रता र राज्यसत्तामाथि नागरिकहरूको पहुँच समान रूपमा भएको छैन । पुरूष र महिला, तल्लोजात र माथिल्लो जात, तराईबासी र पहाडबासीहरूका बीचमा ठूलो असमानता देखिन्छ । तर यहाँ भने म महिला र पुरूषबीच स्वतन्त्रता र राज्यसत्तामाथिको पहुँचमा कति असमानता छ भन्ने कुरामात्र उल्लेख गर्दैछु ।

नेपालको इतिहास पल्टाउने हो भने, २००७ सालपछि मात्र नेपाली जनताको राज्यसत्तामाथि पहुँच पुगेको थियो र नागरिक अधिकारको उपभोग उनीहरूले गर्न पाएका थिए । त्योभन्दा अगाडि २००४ सालमा पद्म समशेरको प्रधानमन्त्रीत्वकालमा उनले काठमाण्डौमा जननिर्वाचित नगरपालिकाको स्थापना गर्ने घोषणा गरे । तर त्यस निर्वाचनमा बालिग पुरूषहरूले मात्र भोट दिने अधिकार पाएका थिए । त्यसको विरूद्धमा श्रीमायाको नेतृत्वमा २१ जना महिलाहरू पद्म समशेरको दरवारमा डेलिगेसन गएका थिए । महिलाहरूले पनि भोट दिन पाउनुपर्ने, पढ्न पाउनुपर्ने, जागिर खान पाउनुपर्ने आदि मागहरू उनीहरूले त्यसबेला राखेका थिए ।

तर निर्वाचन नजिकै आइसकेको र तत्कालै त्यस निर्वाचनमा महिलाहरूलाई भोट दिलाउने व्यवस्था गर्न नसक्ने र भविष्यमा भोट दिने अधिकार दिलाउने भन्ने आश्वासन पद्म समशेरले उनीहरूलाई दिए । त्यसैको फलस्वरूप २००८ सालमा भएको नगरपालिकाको चुनावमा महिलाहरूले पनि इतिहासमा पहिलोपटक उम्मेदवार हुने र भोट दिने अधिकार पाए । फलस्वरूप काठमाण्डौ नगरपालिकामा एकजना महिला सदस्यको रूपमा साधना प्रधान निर्वाचित पनि भइन् ।

त्यसपछि सर्वप्रथम २०१५ सालमा नेपालमा आमचुनाव भयो । त्यस आमचुनावमा डडेल्धुराबाट द्वारिकादेवी ठकुरानी निर्वाचित भएकी थिइन् । र, त्यसबेला गठन भएको निर्वाचित मन्त्रिमण्डलमा पनि उनी एक जनामात्र महिला मन्त्री थिइन् । नेपालको इतिहासमा महिला मन्त्री भएको यो पहिलो पटक थियो । त्यसपछि नेपालको राजनीतिमा नेपाली महिलाहरूको सहभागिता विस्तारै बढ्न थाल्यो । तर पनि सत्ताका विभिन्न पदहरूमा नेपाली पुरूषहरूको तुलनामा महिलाहरूको सहभागिता नगण्यमात्र रहेको देखिन्छ । २०१७ सालमा बहुदलीय व्यवस्थाको अन्त्य र निर्दलीय पंचायती व्यवस्थाको स्थापनापछिका निर्वाचनहरूमा राजनीतिक स्वतन्त्रताको अभावमा नाम मात्रको जनसंलग्नता रह्यो । दल, संघ-संस्थाहरू प्रतिबन्धित भएकाले पंचायत समर्थक महिला संगठनबाहेक अन्य महिलाहरूले संगठित तवरले राज्यसत्तामा भाग लिन पाएनन् ।

तर २०३६ सालको विद्यार्थी आन्दोलनमा भने नेपाली महिलाहरूले अत्यधिक रूपमा भाग लिए । पद्मकन्या क्याम्पसका छात्राहरूको सहभागिता त्यस आन्दोलनमा निकै राम्रो रहेको थियो भने विभिन्न गाउँहरूका महिलाहरूले पनि आन्दोलनलाई अगाडि बढाउने काममा ठूलो भूमिका खेलेका थिए । महिलाहरूको अत्यधिक सहभागिताको कारणले पनि ०३६ सालको आन्दोलन धेरै अगाडि बढ्न सकेको थियो । त्यसैको फलस्वरूप राजा वीरेन्द्र जनमत संग्रहको घोषणा गर्न वाध्य भएका थिए ।

त्यसपछिका वर्षहरूमा महिलाहरू पनि राजनीतिक रूपले केही सचेत हुन थालेका

देखिन्छन् । त्यसको फलस्वरूप सत्ताका प्रमुख पदहरू र नीति-निर्माण गर्ने सरकारी अड्डा अदालतमा महिलाहरूको सहभागिता केही मात्रामा भए पनि बढ्न गएको देखिन्छ । निर्वाचन आयोग सचिवालयका अनुसार, २०३५ सालमा राष्ट्रिय पंचायतका १३५ सदस्यमध्ये ३ जना अथवा २.२२ प्रतिशत महिला सदस्यहरू थिए । जिल्ला तहमा ०.७ प्रतिशत र गाउँ पंचायत तहमा ०.३ प्रतिशत निर्वाचित महिला सदस्यहरू थिए । त्यतिबेलाको मन्त्रिमण्डलमा भने एकजना पनि महिला मन्त्री थिएनन् ।

त्यस्तै गरेर नीति-निर्णय गर्ने विशिष्ट श्रेणी र प्रथम श्रेणीको अधिकृत पदमा एकजना पनि महिला थिएनन । द्वितीय श्रेणीमा ६२५ अधिकृतहरूमध्ये १० जना अथवा १.६० प्रतिशत र १,५०० जना तेस्रो श्रेणीका अधिकृतहरूमध्ये ३२ जना अथवा २.१३ प्रतिशतमात्र महिलाहरू थिए । *(हेर्नुहोस् : नेपाली महिलाहरूको सांख्यिक चित्रण : एक समालोचनात्मक समीक्षा - मीना आचार्य, पृष्ठ ४१)* तर २०३६ सालपछिको दशकमा ती क्षेत्रहरूमा महिलाहरूको सहभागिता केही मात्रामा बढी देखिएको छ ।

जस्तो, २०४६ सालभन्दा अगाडि राष्ट्रिय पंचायतका १४० जना रापसहरूमध्ये ८ जना अर्थात् ५.७ प्रतिशत महिला सदस्यहरू थिए । त्यस्तै गरेर मन्त्रीपरिषद्मा एकजना महिला मन्त्री थिए । गाउँ पंचायतका १८,५६४ जना कार्यकारी सदस्यहरूमध्ये महिलाहरू १,०७९ जना अर्थात् ०.५७ प्रतिशत थिए । तर जिल्ला सभापति र उपसभापति गरी ८२५ जनामध्ये महिलाहरू ५ जना अर्थात् ०.६ प्रतिशतमात्र थिए । *(Women and Children in Nepal 1992)*

नीति-निर्माण गर्ने सरकारी अंगहरूमा पनि १५७ जना प्रथम श्रेणीका अधिकृतहरूमध्ये १ जना अर्थात् ०.६४ प्रतिशत, ६५९ जना दोस्रो श्रेणीका अधिकृतहरूमध्ये १७ जना अर्थात् २.५८ प्रतिशत र १,६९१ जना तेस्रो श्रेणीका अधिकृतहरूमध्ये ४२ जना अर्थात् २.४८ प्रतिशत महिलाहरू थिए । त्यस्तै गरेर २,९८२ जना अधिवक्ताहरूमध्ये ६२ जना अर्थात् २.०८ प्रतिशत महिला अधिवक्ताहरू थिए । *(UNICEF, Women and Children in Nepal 1992)*

यसरी २०३६ सालपछि राजनैतिक क्षेत्रमा महिला सहभागिता केही मात्रामा बढेको देखिन्छ । तर पुरूषहरूको तुलनामा महिलाहरूको सहभागिता धेरै कममात्र देखिन्छ ।

२०४६ सालको आन्दोलनमा पनि महिलाहरूको सहभागिता उल्लेख्य मात्रामा भएको थियो । हात-हतियार, कुटो, कोदालो आदि लिएर अन्य जनताका साथसाथै महिलाहरू पनि सडकमा ओर्लेको कारणले नै २०४६ सालको आन्दोलन प्रभावकारी र फलदायी भएको हो । त्यसैको फलस्वरूप नै नेपालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापना भयो । तर बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएको १२ वर्ष पुगिसक्दा पनि राजनीतिमा महिलाहरूको सहभागिता उल्लेखनीय रूपमा बढ्न सकेको छैन । अझैसम्म पनि सार्वजनिक क्षेत्रमा उनीहरूको पहुँच पुरूषको तुलनामा धेरै पछाडि छ ।

०४६ सालको आन्दोलनमा महिलाहरू सडकमा त ओर्लिए । तर आन्दोलनको सफलतापछि भने उनीहरू फेरि घर-घरमै थन्किए । बहुदलीय व्यवस्थाको घोषणापछिको अन्तरिम मन्त्रिमण्डलमा एकजनामात्र महिलालाई राखियो । संविधान निर्माण कमिटीमा महिलालाई पनि सहभागी गराउनुपर्छ भन्ने कुरा कसैले पनि सोचेनन् ।



बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि भएको २०५ जनाको निर्वाचित संसदमा ७ जना अर्थात् ३.५ प्रतिशतमात्र महिला प्रतिनिधि निर्वाचित भए । जब कि विघटित राष्ट्रिय पंचायतमा ५.७ प्रतिशत महिला प्रतिनिधिहरू थिए । पहिलो निर्वाचित मन्त्रिमण्डलमा एकजना महिलालाई मात्र स्थान दिइयो, जुन २०४६ सालअघि पंचायतकालमा भएसरह हो ।

हुन त २०४६ सालको आन्दोलनको सफलतापछि निर्माण भएको संविधानमा महिलाहरूलाई पनि राज्यसत्तामाथि सहभागी गराउने उद्देश्य राखेर प्रतिनिधि सभाको चुनावमा प्रत्येक राजनीतिक पार्टीहरूले कमसेकम ५ प्रतिशत महिला उम्मेदवार उठाउनुपर्ने, राष्ट्रिय सभामा ३५ जना निर्वाचित सदस्यहरूमध्ये ३ जना महिला हुनैपर्ने नगरपालिका र गाउँ विकास समितिको प्रत्येक वडाबाट एकजना महिला सदस्य निर्वाचित हुनैपर्ने आदि प्रावधान राखियो । यो एउटा राम्रो र प्रगतिशील कुरा हो । यसले गर्दा निर्वाचित महिला सदस्यहरूमा राजनीतिक सक्रियता बढ्न थालेको छ र यसको प्रभाव अन्य महिलाहरूमा पनि पर्न थालेको छ ।

तर यो प्रावधानमात्रले महिलाहरू पुरूषसरह समान रूपमा राजनीतिमा सहभागी हुन पर्याप्त हुँदैन । यसका लागि राजनैतिक पार्टीहरू र महिलाहरू आफैंले महिलाहरूलाई राजनीतिमा सहभागी गराउन प्रभावकारी भूमिका खेल्नुपर्छ । तर राजनैतिक पार्टीहरू आफैं महिलाहरूलाई पुरूससरह समान रूपमा राजनीतिमा सहभागी गराउन तत्पर देखिँदैनन् । यो केबाट स्पष्ट हुन्छ भने, कुनै पनि पार्टीले संविधानमा उल्लेख भएको ५ प्रतिशतभन्दा माथि महिला उम्मेदवारहरूलाई उठाउने काम गरेको देखिँदैन । अहिले पनि २०५ जना प्रतिनिधि सभाका सदस्यहरूमध्ये १२ जना अर्थात् ५.९ प्रतिशतमात्र महिला सांसदहरू छन् र राष्ट्रिय सभाको ६०. जना सदस्यहरूमध्ये ९ जना अर्थात् १५ प्रतिशतमात्र महिला सदस्यहरू छन् । यसरी नेपालको संसदमा जम्माजम्मी ७.९ प्रतिशत महिला सदस्यहरू छन् ।

तर जिल्ला विकास समितिका ७५ जना सभापतिहरूमध्ये १ जना पनि महिला सभापति छैन । ७५ जना जिल्ला उपसभापतिहरूमध्ये १ जना अर्थात् १.३ प्रतिशतमात्र महिला उपसभापति छन् । नगरपालिका प्रमुख, उपप्रमुखमध्ये एकजना पनि महिला छैनन् । गा.वि.स.का ३,९१३ जना अध्यक्षहरूमध्ये २० जना अर्थात् ०.५१ प्रतिशत र उपाध्यक्षहरूमध्ये १४ जना अर्थात् ०.३६ प्रतिशतमात्र महिलाहरू छन् । ३५,२१७ वडा अध्यक्षहरूमध्ये गा.वि.स.मा २४० र नगरमा ३ जना



**राजनैतिक पार्टीहरू आफैं महिलाहरूलाई पुरूससरह समान रूपमा राजनीतिमा सहभागी गराउन तत्पर देखिँदैनन् । यो केबाट स्पष्ट हुन्छ भने जिल्ला विकास समितिका ७५ जना सभापतिहरूमध्ये १ जना पनि महिला सभापति छैन ।**





अर्थात् ०.६९ प्रतिशतमात्र महिला अध्यक्षहरू छन् । *(स्रोत : इन्सेक)*

त्यस्तै गरेर नीति-निर्माण गर्ने सरकारी अंगहरू तथा अड्डा अदालतहरूमा पनि महिलाहरूको सहभागिता नगण्य मात्रामा रहेको देखिन्छ । अहिलेको ४१ जनाको पूर्ण मन्त्रिमण्डलमा सहायक मन्त्री १ जना र राज्यमन्त्री १ जना गरी २ जना अर्थात् ४.७८ प्रतिशत मात्र महिला मन्त्री छन् । तर नीति निर्णय गर्ने प्रमुख ठाउँ क्याबिनेटमा भने एकजना पनि महिला मन्त्री छैनन् । २०५८ फागुन २४ गतेको गोरखापत्रमा दिइएको तथ्याङ्कअनुसार निजामति कर्मचारी सेवाको विशिष्ट श्रेणीका ४१ जना अधिकृतमध्ये २ जना अर्थात् ४.८७ प्रतिशत, प्रथम श्रेणीका ६०४ अधिकृतहरूमध्ये २४ जना अर्थात् ३.९७ प्रतिशत, द्वितीय श्रेणीका २,३५६ जना अधिकृतहरूमध्ये ११३ जना अर्थात् ४.७९ प्रतिशत र तृतीय श्रेणीका ६,५१३ अधिकृतहरूमध्ये ३४८ जना अर्थात् ५.३४ प्रतिशतमात्र महिलाहरू छन् । न्याय सेवातर्फ जिल्ला अदालतमा ३ जना, पुनरावेदन अदालतमा १ जना र सर्वोच्च अदालतमा १ जनामात्र महिला न्यायाधीश छन् । अर्को एक श्रोतका अनुसार मन्त्रालयहरूका सचिवहरूमध्ये अहिले स्वास्थ्य मन्त्रालयमा विजया के.सी.मात्र एकजना महिला सचिव हुनुहुन्छ ।

यस तथ्यांकबाट के देखिन्छ भने थोरैमात्र महिलाहरूले राजनैतिक र नीति-निर्माण क्षेत्रमा सहभागी भएर आफ्नो प्रतिभा र क्षमतालाई बढावा दिन पाइरहेका छन् । अनि देश विकासको काममा आफूलाई संलग्न गरेर आफ्नो आत्मबल र आत्मविश्वासको विकास गर्न सकेका छन् । तर अधिकांश महिलाहरू यी कुराहरूबाट टाढै रहेका छन् ।

यसो किन भइरहेको छ त ? यसको

**नीति-निर्माण गर्ने सरकारी अंगहरू तथा अड्डा अदालतहरूमा पनि महिलाहरूको सहभागिता नगण्य मात्रामा रहेको देखिन्छ**

## नेपालको राजनीतिमा महिला सहभागिता

| स्थानीय निकाय | साल | महिलाहरूको प्रतिशत |
|---|---|---|
| गाउँ पंचायत | २०३६ | ०.३ प्रतिशत |
| गाउँ पंचायत | २०४६ | ०.५७ प्रतिशत |
| जिल्ला पंचायत | २०३६ | ०.७ प्रतिशत |
| जिल्ला पंचायत | २०४६ | ०.६ प्रतिशत |
| गा.वि.स. अध्यक्ष | २०५८ | ०.५१ प्रतिशत |
| गा.वि.स. उपाध्यक्ष | २०५८ | ०.३६ प्रतिशत |
| नगर तथा गा.वि.स.का वडा अध्यक्ष | २०५८ | ०.६९ प्रतिशत |
| जि.वि.स. उपसभापतिसहित सदस्यहरु | २०५८ | ३ प्रतिशत |

| राष्ट्रिय स्तरमा | साल | जम्मा संख्या | महिलाहरूको संख्या | महिलाहरूको प्रतिशत |
|---|---|---|---|---|
| राष्ट्रिय पंचायत | २०३५ | १३५ | ३ | २.२२ |
| राष्ट्रिय पंचायत | २०४६ | १४० | ८ | ५.७१ |
| प्रतिनिधि शभा | २०४८ | २०५ | ७ | ३.४१ |
| प्रतिनिधि सभा | २०५८ | २०५ | १२ | ५.८५ |

*स्रोत : इन्सेक तथा Women and children in Nepal*

मुख्य कारण हो- अहिलेसम्म बनेका सरकार तथा अन्य राजनैतिक पार्टीहरूले महिलाहरूलाई पनि आर्थिक, सामाजिक, राजनीतिक सबै क्षेत्रमा पुरूषसरह समान रूपले अधिकारसम्पन्न पार्न ठोस कानून र कार्यक्रम ल्याउन नसक्नु र ती पार्टीहरूमा पनि समाजमा विद्यमान पुरूषप्रधान मानिसकता हावी हुनु । पार्टीका नेतृत्वदायी उच्च पदमा रहेका व्यक्तिहरूसमेत पुरूषप्रधान सामन्ती मानसिकताबाट मुक्त हुन सकेका छैनन् । यी दुई कुराको फलस्वरूप महिलाहरू विकासवान र उल्लेखनीय ढंगले नेतृत्वदायी पदमा पुग्न सकिरहेका छैनन् । यो कुरा विभिन्न पार्टीहरूको केन्द्रीय समितिमा रहेका महिलाहरूको संख्याले पनि प्रष्ट देखाउँछ ।

पार्टीहरूबाट लिइएको तथ्याङ्कअनुसार नेकपा एमालेको केन्द्रीय समितिमा अहिले ५७ जना सदस्यहरू छन् । तर त्यसमा जम्मा ४ जना अर्थात् ७ प्रतिशतमात्र महिलाहरू छन् । त्यस्तै गरेर नेपाली कांग्रेसको केन्द्रीय समितिमा ३६ जना सदस्यहरूमध्ये ३ जना महिला छन्, त्यो भनेको ८.३ प्रतिशत हो । राप्रपाका ४१ जना सदस्यहरूमध्ये ३ जना महिला छन्, त्यो भनेको ७.३ प्रतिशत हो । सद्भावना पार्टीका २८ जना सदस्यहरूमध्ये ३ जना अर्थात् १०.७ प्रतिशत, नेमकिपाका १३ सदस्यहरूमध्ये २ जना अर्थात् १५.३ प्रतिशत, नेकपा संयुक्तका ११ जनामा २ जना अर्थात् १८ प्रतिशत, राष्ट्रिय जनमोर्चाका १७ जना सदस्यहरूमध्ये १ जनामात्र अर्थात् ५.९ प्रतिशत महिला छन् । संयुक्त जनमोर्चाका १७ जना र नेकपा एकताकेन्द्रका १९ जना केन्द्रीय सदस्यहरूमध्ये एकजना पनि महिला छैन । नेकपा मसालको केन्द्रमा पनि एकजना पनि महिला सदस्य छैन । भूमिगत माओवादी पार्टीको केन्द्रमा कतिजना महिला सदस्य छन् भन्ने कुरा थाहा हुन सकेन ।

आफूलाई सैद्धान्तिक रूपले सही कम्युनिष्ट पार्टी ठान्ने र महिलाहरूलाई पनि पुरूषसरह समान अधिकार र अवसर प्रदान गर्ने नारा दिने मुख्य वामपन्थी पार्टीको केन्द्रमा महिलाहरूको प्रतिनिधित्व पूंजीवादी पार्टीहरूमा भन्दा कम छ । र अरू साना वामपन्थी पार्टीहरूको केन्द्रमा





शून्य नै भएको कुरा माथिको तथ्याङ्कले देखाउँछ । यो एक किसिमको बिडम्बना नै हो । किन उनीहरू महिलाहरूलाई पुरूषसरह नेतृत्वमा उठाउन चाहँदैनन् ? कतै महिलाहरूमा पुरुषहरूमा जति बुद्धि, क्षमता, योग्यता नभएकोले नेतृत्वमा बसेर काम गर्न सक्तैनन् भन्ने धारणाले त यो काम गरको छैन ? कि आफ्नो सत्ता आएपछि मात्रै महिलाहरूलाई पुरुषसरह समान अधिकार र अवसर दिने हो, अहिलेको राज्यसत्तामा चाहिँ नारामात्र दिने हो भन्ने सोचाइ हो ?

यदि पार्टीभित्र यी सोचाइहरूले काम गरिरहेका छन् भने उनीहरूले सिद्धान्ततः ठूलो भूल गरिरहेका छन् । यो सोचाइ हावी हुने हो भने देशमा क्रान्ति नै भयो र समाजवादी शासन नै आयो भने पनि महिलाहरू पुरूषसरह समान र स्वतन्त्र हुन्छन् भन्ने विश्वास कसरी गर्ने ?

यो सही हो कि अहिले महिलाहरूको ज्ञान र चेतनास्तर पुरूषहरूको जत्तिको छैन । र, उनीहरूले पार्टीको काममा पुरूषहरूले जति समय दिन सकिरहेका छैनन् । सकून् पनि कसरी ? अहिले पार्टीहरूमा पुरूषहरू नै बढी सक्रिय र पूर्णकालिक रहेका छन् । तिनीहरूमध्ये अधिकांश परिवारमा केटाकेटीहरू हुर्काउने, परिवारको स्याहार सुसार गर्ने, खाना पकाउने, घरको सफासुग्घर गर्ने, यतिसम्म कि परिवारको पालन पोषणको लागि कमाउने कामसम्म पनि महिलाहरूले गर्नु परिरहेको छ । यसले गर्दा विहाअगाडि राजनीतिक संगठन वा पार्टीमा सक्रिय रूपमा काम गरिरहेका र संगठनकै पुरूषहरूसँग विहा भएका अधिकांश महिलाहरू पनि विहापछि घरमै सीमित भइरहेका छन् ।

यस्तो किन भयो भन्ने कुरा खोतल्ने हो भने यसमा मुख्यतया ३ वटा कारणहरू देखापर्छन् । पहिलो कुरा, क्षमतावान भए पनि आफ्ना श्रीमतीहरूले घरमै बसेर घरव्यवहार चलाई दिउन्, आफूचाहिँ स्वतन्त्र रूपमा पार्टीमा लागिरहन सकियोस् भन्ने पुरूषप्रधान मानसिकता पुरूषहरूमा व्याप्त छ । दोस्रो कुरा, मौका पाएमा पुरूष जत्तिकै सक्षम हुनसक्ने महिलाहरूलाई पनि पार्टीहरूले पुरूषहरूसरह मुक्त, सक्रिय र जिम्मेवारीयुक्त बनाएर पार्टीका नीति-निर्णय गर्ने अंगमा सामेल र सहभागी गराउनको लागि ठोस उपायसहित प्राथमिकता दिइरहेका छैनन् । तेस्रो कुरा, घरव्यवहारका सम्पूर्ण कामधन्दा महिलाहरू आफैंले मात्र धान्नु पर्दा र त्यस काममा पुरूषहरूको समान चासो र सहयोग नहुँदा क्षमता भएका महिलाहरू पनि समय निकालेर नीति-निर्णय गर्ने ठाउँहरूमा बसेर पुरूषसरह काम गर्न गाह्रो छ । घर व्यवहारमा पुरूषकै बेवास्ताको कारणले उनीहरूको अवसर र फुर्सद कम हुनुलाई नै नीति-निर्णय गर्ने ठाउँमा बसेर काम गर्न महिलाहरूलाई अयोग्य हुनु ठहऱ्याइन्छ ।

# निजामती कर्मचारीहरूमा महिला सहभागिता

**२०३५ सालमा**

| पद | जम्मा | पुरुष | महिला | महिलाको प्रतिशत |
|---|---|---|---|---|
| सचिव | ० | ० | ० | ० |
| विशिष्ट श्रेणी | ४५ | ४५ | ० | ० |
| प्रथम श्रेणी | १,२९८ | १२८ | ० | ० |
| द्वितीय श्रेणी | ६२५ | ६१५ | १० | १.६० |
| तृतीय श्रेणी | १,५०० | १,४६८ | ३२ | २.१३ |

*श्रोत : नेपाली महिलाहरुको सांखिक चित्रण : एक समालोचनात्मक समीक्षा- मीना आचार्य, पृष्ठ- ८६*

**२०४८ सालमा**

| पद | जम्मा | पुरूष | महिला | महिलाको प्रतिशत |
|---|---|---|---|---|
| सचिव | - | - | १ | - |
| विशिष्ट श्रेणी | ० | ० | ० | ० |
| प्रथम श्रेणी | १५७ | १५६ | १ | ०.६४ |
| द्वितीय श्रेणी | ६५९ | ६४२ | १७ | २.५८ |
| तृतीय श्रेणी | १६९१ | १६४९ | ४२ | २.४८ |

*स्रोत : Women and children in Nepal- 1992. पृष्ठ ९८*

**२०५८ सालमा**

| पद | जम्मा | पुरूष | महिला | महिलाको प्रतिशत |
|---|---|---|---|---|
| सचिव | ० | ० | ० | ० |
| विशिष्ट श्रेणी | ४१ | ३९ | २ | ४.८७ |
| प्रथम श्रेणी | ६०४ | ५८० | २४ | ३.९७ |
| द्वितीय श्रेणी | २३५६ | २२४३ | ११३ | ४.७९ |
| तृतीय श्रेणी | ६५१३ | ६१६५ | ३४८ | ५.३४ |

*स्रोत : गोरखा पत्र, २०५८, फागुन २४ गते*



हुन त पार्टीका नेताहरू महिलाहरू पनि सक्रिय भएर पार्टीमा लाग्नुपर्ने कुरालाई महत्व दिएर भाषण गर्छन् । तर त्यस्तो भाषण गर्ने नेताहरू कतिले घरको काम गरेर आफ्ना घरका महिलाहरूलाई पार्टी काममा लाग्न प्रोत्साहन गरेका छन् त ? वास्तवमा भन्ने हो भने घरको काममा आफूले सघाएर वा फुर्सदिलो बनाउन विकल्प खडा गरेर आफ्ना श्रीमती वा

● त्यस्तो भाषण गर्ने नेताहरू कतिले घरको काम गरेर आफ्ना घरका महिलाहरूलाई पार्टी काममा लाग्न प्रोत्साहन गरेका छन् त ? ●

● **महिलाहरूले आफैंले पहलकदमी गरेर, अवसर र अधिकारका लागि संघर्ष गरेर राजनीतिक वा अन्य सार्वजनिक क्षेत्रमा नलाग्ने हो भने महिलाहरूले कहिल्यै पुरुषहसरह समान हक र हैसियत प्राप्त गर्न सक्तैनन्** ●

दिदीबहिनीहरूलाई पार्टीको नीति-निर्णय गर्ने ठाउँमा बसेर काम गर्न प्रोत्साहन दिने पुरुषहरू नगण्य छन् ।

आफ्ना घरका महिलाहरू राजनीतिमा लागून् भन्ने चाहना राख्ने पुरुषहरू पनि राजनैतिक कार्यक्रमहरूमा जान दवाब दिन्छन् । र, श्रीमती, छोरी वा दिदीबहिनीलाई बौद्धिक र वैचारिक विकास गर्न अध्ययन गर्नका लागि पढ्ने सामग्रीहरू उपलब्ध पनि गराइदिन्छन् । तर दिदीबहिनीहरू तथा श्रीमती, छोरीहरूले गरिरहेका घरको काम काजमा सघाउने र अध्ययनको लागि समय उपलब्ध गराइदिने काममा भने पछाडि नै हट्छन् । अनि कसरी बढ्छ, राजनीतिमा महिला सहभागिता ?



यतिमात्र नभएर नेपालका धेरैजसो महिलाहरू राजनीतिमा चासो नराख्ने हुनाले पनि राजनीतिमा महिला सहभागिता कम भएको हो । हजारौं वर्षसम्म घरेलु काममा जोतिंदा जोतिंदा बानी परेर अधिकांश महिलाहरूमा राजनीति गर्ने र बाहिरको सार्वजनिक काम गर्ने जिम्मा पुरुषहरूको हो, यो काम महिलाहरूको होइन भन्ने सोचाइ विकास भएको छ । अधिकांश महिलाहरू अहिले आफूसित पुरुषसरह क्षमता नै छैन भन्ने हीनताबोधबाट पनि ग्रसित छन् । उनीहरूमा हीनताको यो ग्रन्थी हटाउन जरूरी छ । कुरा राख्न र अगाडि बढ्न हिचकिचाउने प्रवृत्ति उनीहरूमा हावी छ । त्यसैले महिलाहरू अवसर र अधिकार नपाएरमात्र पुरुषभन्दा पछि परेका हुन्, नत्र उनीहरू पुरुषभन्दा कुनै पनि मामलामा कम्ता छैनन् भनेर विश्वका अन्य देशको उदाहरणसहित उनीहरूलाई स्पष्ट पार्नु जरूरी भएको छ । यदि महिलाहरूले आफैंले पहलकदमी गरेर, अवसर र अधिकारका लागि संघर्ष गरेर राजनीतिक वा अन्य सार्वजनिक क्षेत्रमा नलाग्ने हो भने महिलाहरूले कहिल्यै पुरुषहसरह समान हक र हैसियत प्राप्त गर्न सक्तैनन् । उनीहरूले जहिले पनि पुरुषको अधीनमा रहेर उनीहरूको उत्पीडन र शोषणको शिकार भइरहनु पर्ने हुन्छ । र त्यसैले, महिलाहरूले समान अवसर र अधिकारका लागि परिवार, टोल, छिमेक र सबै क्षेत्रमा संघर्ष चलाउनु जरूरी छ । यसरी उनीहरूले देशको आमूल परिवर्तन गर्ने कार्यमा आफूलाई सहभागी गराउनु जरूरी छ ।



यदि समाजको जनसंख्यामध्ये आधा महिलाहरू देशको राजनीतिमा सक्रिय सहभागी नहुने हो भने कुनै पनि देशको प्रगति र परिवर्तन असम्भव नै हुन्छ । त्यसैले महिलाहरूलाई पनि पुरुषसरह समान रूपमा राजनीतिमा र नीति-निर्णयमा सहभागी गराउनको लागि पार्टी तथा नेतृत्वदायी व्यक्तिहरूबाट ठोस उपायसहितको पहलकदमी हुनु जरूरी छ ।

पहिलो कुरा, पुरुषको तुलनामा कम ज्ञान र चेतनास्तर भए पनि पार्टीमा, संसदमा, स्थानीय निकायमा र नीति-निर्णय गर्ने हरेक अंगमा अनिवार्य रूपमा र निश्चित अनुपातमा महिलालाई राख्ने व्यवस्था गर्नु जरूरी छ । जस्तो कि नीति-निर्णय गर्ने ठाउँमा ३० प्रतिशत महिला हुनै पर्ने व्यवस्था । नर्वे, स्वीडेन, डेनमार्क, फिनल्याण्डजस्ता स्क्याण्डिनेभियन देशहरूमा ३० प्रतिशत महिलाको अनिवार्यताको प्रणाली लागू भएपछि नै ती देशहरूमा उल्लेखनीय रूपमा सार्वजनिक क्षेत्रहरूमा महिलाहरूको सहभागिता बढेको थियो । अहिले ती देशहरू विश्वकै सबभन्दा धेरै महिलाहरू राजनीतिमा सहभागी भएका देशको रूपमा गनिएका छन् । नेपालमा पनि यस्तो किन नगर्ने ?

त्यस्तै गरेर, सरकारले र पार्टीहरूले घरधन्दाको काममा, बच्चाहरूको स्याहार-सुसारको काममा महिलासरह पुरुषहरूले पनि जिम्मेवारी लिनै पर्ने जागृति अभियान र कानूनी व्यवस्था गर्नु जरूरी छ । क्यूबामा सरकारले त्यस्तो कानून बनाएको छ । स्वीडेन र डेनमार्कमा पनि बच्चाहरूको जन्म हुँदा महिला र पुरुष दुवैलाई बिदा दिइने र बाबुले पनि बच्चाहरूको स्याहार सुसार गर्ने जिम्मा लिनुपर्ने व्यवस्था छ । त्यसबाट नेपालले पनि किन नसिक्ने ?

तेस्रो कुरा, पार्टीहरू तथा सरकारले खाने पानी, शिशु स्याहार केन्द्र, धोबीघर, भोजन गृहको व्यवस्था गरेर महिलाहरूलाई घरधन्दा र चुलोचौकाको कामबाट मुक्त गरेर उनीहरूलाई आर्थिक उत्पादनको काममा र सार्वजनिक क्षेत्रमा सहभागी हुने अवसर प्रदान गर्न सकिन्छ । चौथो कुरा, अहिले अधिकार जति पुरुषलाई, कर्तव्य जति महिलालाई भइरहेको छ । यदि महिलाहरू सार्वजनिक क्षेत्रहरूमा पुरुषसरह सहभागी हुने हुन् भने आर्थिक, सामाजिक तथा कानूनी क्षेत्रमा पनि महिलालाई पुरुष समान अधिकार दिनु जरूरी छ । अहिले मुलुकी ऐनमा भएका असमान कानूनहरू सबै खारेज गरेर महिलालाई पनि पुरुषसरह समान अधिकार दिलाउने कानूनहरू बनाउनु जरूरी छ ।

यस किसिमबाट महिलाहरूलाई पुरुषसरह शिक्षित र आर्थिक रूपमा आत्मनिर्भर बनाउन सकियो भनेमात्र राजनीतिमा महिलाहरूलाई उल्लेखनीय रूपमा सहभागी गराउन सकिन्छ । त्यसैले यहाँ राजनीतिमा महिला सहभागिता बढाउनलाई समस्या अवसरको हो, क्षमताको होइन । ☐



# तिमी फेरि फर्क है



(फागुन १० गते चितवनमा जलाइएको बसभित्र मारिएकी १० वर्षे काजोलप्रति)


- राजव -

सानी नानी काजल
बर्बरहरूको निसानाले
तिम्रो सानो प्यारो शरीर
जल्न थाल्दा
तिम्रो पीडाको लय
धर्तीका कसैले सुनेनन्

एउटी आमाको
प्यारो सपनामा हुर्किएकी तिमी
अधमहरूको
क्रूर-क्रीडामा डढ्यौ

सानी प्यारी काजल
वीभत्स प्रहर बनेको त्यो बिहान
धर्तीबाट यत्ति छिट्टै
तिमीले किन उठ्नु पऱ्यो
जवाफ दिन
मेरा ओठहरू कामिरहेछन्
तर सानी प्यारी काजल
तिमी
एउटा निर्दोष श्रमजीवी बाबुकी
प्यारी छोरी
फेरि जन्म है
बर्बरहरूलाई चुनौति दिन

सिलोटमा तिमी
फूलहरूको चित्र कोर्थ्यौ
क म ल लेख्थ्यौ




ब य र लेख्थ्यौ
मौ ल वी लेख्थ्यौ
घ र लेख्थ्यौ
तिम्रो त्यही सिलोट र
खरी
तिम्रो सानु सानु
नरम प्यारो हात पर्खिरहेछन्
तिमी फेरि फर्क है

अस्ति बाले
तिमीलाई
इदको लागि
किनिदिएको
तिमीले रोजेको राम्रो जुत्ता
रातो मिड्डी
नीलो कुर्ता

पुस, माघमा
तिमीलाई न्यानो पार्ने
कमाउन अरब गएका मामाले
ल्याइदिएको नौनीजस्तो स्वीटर
सन्सारी माईको मेलामा
तिमीलाई
आमाले किनिदिएको
रातो इउँको
सानो टप
तिमीलाई पर्खिरहेछन्
सानु काजल
तिमी फेरि फर्क है

अबको दशहराको मेलामा
तिमीले सोचिरहेको
नाडी घडी
चस्मा
खेल्ने थाल, कसौंडी, कराइ
खाने बुनियाको लड्डु
बतासा, लेमनचुस
के के हो
के के किन्न
तिमीले खुत्रुकेमा
साँचेर खसालेका
सुकी, मोहर, डबल
तिमीसँगै
मेला जान
कुरिरहेछन् काजल
तिमी फेरि फर्क है



तिमीले कसैको
के बिगारेकी थियौ र ?
प्रश्न सोध्न
तिमी फेरि फर्क है काजल

धेरै नरम मानिसहरूका आँखा
बादलभन्दा बढी
बर्षेका छन्
तिमी फेरि फर्क है काजल

# एमालेको हिजो र आज

२०५८ सालमा प्रकाशित महत्वपूर्ण पुस्तकहरूमध्ये एउटा पुस्तकको नाउँ हो– 'झापा आन्दोलनदेखि एमालेको विभाजनसम्म'। यसका लेखक हुनुहुन्छ– बालचन्द्र मिश्र।

पेशागत रूपमा शिक्षण कार्यमा समेत संलग्न रहँदै आएका बालचन्द्र मिश्र एउटा पत्रकारका रूपमा पनि परिचित नाउँ हो। संभवतः त्यही कारणले पनि लेखन र पत्रकारिता दुबैका शैलीहरूलाई अवलम्बन गरी प्रस्तुत पुस्तक तयार गरिएको छ।

जम्मा ४४२ पृष्ठको बृहत् आकारको यस पुस्तकले नेपाली कम्युनिष्ट आन्दोलनको एउटा प्रमुख पक्षको इतिहासलाई अभिलेखांकन गर्ने काम गरेको छ। झापाली समूह भनेर चिनिने पूर्व मालेको भ्रूण अवस्थादेखि एमाले भनेर चिनिने अहिलेको प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको समग्र इतिहास नै वास्तवमा यस पुस्तकको विषयवस्तु हो।

पुस्तकमा यसका लेखकले 'कृतज्ञता ज्ञापन' शीर्षक अन्तर्गत यसको निर्माण प्रक्रियाबारे बताउनुभएको छ। लेखक भन्नुहुन्छ : त्रिभुवन विश्वविद्यालय राजनीतिशास्त्र केन्द्रीय शिक्षा विभागमा स्नातकोत्तर उपाधिका लागि शोधपत्रका रूपमा २०५६ सालमा प्रस्तुत र स्वीकृत यो सामग्री त्यसपछि पनि धेरै परिमार्जन र थपघट गरी यस रूपमा तयार भएको छ।

लेखकको यस भनाइबाट पनि प्रस्तुत पुस्तक लामो र कष्टसाध्य परिश्रमबाट तयार गरिएको एउटा महत्वपूर्ण पुस्तक हो भन्ने बुझिन्छ। त्यस्तै, यस पुस्तकमा भूमिकास्वरूप एमाले स्थायी समितिका सदस्य मुकुन्द न्यौपानेले 'पुस्तकबारे दुई शब्द' शीर्षकमा आफ्नो मन्तब्य लेख्नुभएको छ। त्यस मन्तब्यमा न्यौपानेले पनि पुस्तकको महत्वबारे उल्लेख गरेर भन्नुभएको छ : यो पुस्तक वास्तवमा नेपालको कम्युनिष्ट आन्दोलनको एउटा सम्पत्ति हो। यसका फुटनोटहरूबाट थाहा हुन्छ– ७ वर्षभन्दा बढीको समय, ९५ वटाभन्दा बढी प्रकाशनहरू र विभिन्न ३६ जना विज्ञहरूसितको कुराकानीबाट मिहेनतपूर्वक तयार पारिएको कम्युनिष्टहरूको शोधग्रन्थ हो यो।




प्रकाशक : सुनौलो विहानी अभियान काठमाण्डौ
पृष्ठ : ४४२+१२, मूल्य : रु. १७५/-

मुकुन्द न्यौपानेको भनाइमा अलिकति अतिशयोक्ति देखिन्छ। किनभने यो पुस्तक कम्युनिष्टहरूको शोधग्रन्थ नभएर नेपाली कम्युनिष्ट आन्दोलनमा क्रियाशील थुप्रै कम्युनिष्टहरूमध्ये झापाली समूह हुँदै एमाले भनेर हाल ब्याप्त भएको, कम्युनिष्टहरूमध्ये एउटा प्रमुख पक्षको शोधग्रन्थ हो। सन्दर्भ र प्रसङ्गवस कतै कतै अन्य कम्युनिष्ट घटकहरूको संक्षिप्त चर्चा आए पनि पुस्तकभरि केवल एमाले र त्यसको विगत नै ब्याप्त भएको छ। पुस्तकको शीर्षक र विषयअनुरूप त्यस्तो हुनु स्वभाविक पनि हो।

पुस्तकमा प्रथम खण्ड अन्तर्गत विश्व कम्युनिष्ट आन्दोलन र नेकपाको स्थापना, ऐतिहासिक झापा विद्रोह र नेकपा मालेको गठन, २०४६ अघिका प्रमुख राजनीतिक घटनामा तत्कालीन मालेको भूमिका, तत्कालीन मालेभित्र देखिएका प्रमुख विवादहरू, २०४६ को राष्ट्रिय महाधिवेशन, वाममोर्चाको गठन र २०४६ को आन्दोलनमा सहभागिता, संसदमा प्रमुख प्रतिपक्षीको भूमिका, एमालेमा विभाजन आदि प्रमुख विषयहरूमा एमालेको विगतलाई अभिलेखांकन र विश्लेषण गर्ने काम गरिएको छ। साथै, दोस्रो र तेस्रो खण्ड अन्तर्गत सैद्धान्तिक र अन्य विविध विषयहरू समेटिएका छन् भने चौथो खण्डअन्तर्गत परिशिष्ट र सन्दर्भ सामाग्रीहरू छन्।

नेपाली कम्युनिष्ट आन्दोलनमा एमालेको विगत र वर्तमानको भूमिका एवं योगदानलाई पनि केलाउने प्रयत्न यसमा गरिएको छ। तर त्यो प्रयत्न सबै ठाउँमा पार्टी–सत्ताको आधिकारिक लाइनलाई औचित्यपूर्ण साबित गर्ने अभिप्रायले गरिएझैं प्रतीत हुन्छ। संभवतः यही नै यस पुस्तकको सबभन्दा ठूलो कमजोरी हो।

पुस्तकभित्र थुप्रै प्रसङ्गहरूमा सी.पी. मैनालीको नाउँ सर्वाधिक बढी आएको छ। एउटा सचेत पाठकले यो पुस्तक पढ्दा र यसलाई पत्याउँदा सी.पी. मैनाली भन्ने नाउँ एउटा प्रतिनायकको रूपमा बुझिन्छ। अराजक, दम्भी, किचकिचे, गनगने र सधैं मनोगत आग्रहको बन्दी व्यक्तित्व नै सी.पी. मैनाली हो भनेर यस पुस्तकले बताउँछ, तर यो कुरालाई पत्याउन धेरैलाई सहज हुने छैन। त्यस्तै, रघु पन्त लगायत केही व्यक्तिसँग अनौपचारिक रूपमा गरिएको कुराकानीलाई पनि औपचारिकीकरण गरिएको छ र गलत भएको छ। यस्तो कमजोरी हुँदाहुँदै पनि अन्य थुप्रै कारणले यो पुस्तक महत्वपूर्ण पुस्तक नै हो।

❑ *गोविन्द वर्तमान*

## ◀ उल्लेख्य




**भाषा र भाषा**

विधा : भाषिक निबन्ध संग्रह
लेखक : जनकप्रसाद हुमागाई
प्रकाशक : श्रृंखला प्रकाशन, कला–साहित्य–सेवा सदन, काठमाण्डौ
पृष्ठ : ७८
मूल्य : रु ४०/-




**नेपालमा दलित जातीय मुक्ति आन्दोलन**

विधा : शोधपत्र
लेखक : यामबहादुर किसान
प्रकाशक : जन उत्थान प्रतिष्ठान, काठमाण्डौ
पृष्ठ : २२४+२२
मूल्य : रु. १५०/-




**यथार्थवादी समालोचनाको गोरेटोमा**

विधा : समालोचना
लेखक : डि.आर.पोखरेल
प्रकाशक : साहित्य संगम, चितवन
पृष्ठ : १०९+१०
मूल्य : रु. ५०/-



# अन्तर्वस्तु र रूपको द्वन्दवाद

- प्रज्ञानरत्न -

**'ए आमै, पानी खान दिनुस् न !' र 'ए मेरी बाबुको स्वास्नी पानी खान दिनोस् न !' भन्ने दुई वाक्यमा रूप भिन्नाभिन्नै भए पनि अन्तर्वस्तु उही र उस्तै छन् ।**

संसारमा अनगिन्ती किसिमका वस्तुहरू छन् । सबै वस्तुहरू अन्तर्वस्तु र रूपका संगम हुन् । प्रत्येक वस्तुको आफ्नै किसिमको अन्तर्वस्तु हुन्छ र रूप हुन्छ । अन्तर्वस्तु आफैं एक्लै अस्तित्वमा रहँदैन, त्यो कुनै न कुनै रूपमार्फत् प्रकट हुन्छ ।

अन्तर्वस्तु भनेको अरू केही होइन, एउटा वस्तु अस्तित्वमा रहिरहनका निम्ति आवश्यक हुने सम्पूर्ण तत्वहरू, अन्तरविरोधी पक्षहरू, ती तत्वहरू र पक्षहरूबीचको द्वन्द-सम्बन्धहरू र त्यसले पैदा गर्ने परिवर्तन, गति अथवा विकासका प्रक्रियाहरूको कुल जोड हो । वस्तुहरू अस्तित्वमा आइरहेछन् र अस्तित्वबाट गइरहेछन् । ती सम्पूर्ण तत्वहरू, पक्षहरू, द्वन्द-सम्बन्धहरू र प्रक्रियाहरू के हुन्, जुन एउटा वस्तु अस्तित्वमा आउन, रहन र अस्तित्वबाट जानका लागि नभई हुँदैन ? - तिनीहरूको कुल योग नै अन्तर्वस्तु हो । रूप भनेको चाहिँ अन्तर्वस्तुको अस्तित्व, गठन र बाहिरी अभिव्यक्तिको ढङ्ग हो । ब्रम्हाण्डका प्रत्येक वस्तु र घटना अन्तर्वस्तु र रूपका मेल हुन् ।

हामी मान्छेलाई हेरौं । मान्छेमा त्यस्ता समग्र तत्वहरू, पक्षहरू, विशेषता र गुणहरू के छन्, जुन मान्छे हुनका लागि नभई हुँदैन ? केले मान्छेलाई अरू जन्तुभन्दा फरक रूपमा अस्तित्वमा राखिरहेछ, लगातार बदलिरहेछ र विकसित पारिरहेछ ? ती आधारभूत तत्वहरू, द्वन्द-सम्बन्धहरू र प्रक्रियाहरू के हुन् ? यी सबै कुराको कुल जोड नै मान्छेको अन्तर्वस्तु हो ।

मान्छेको यो अन्तर्वस्तु शून्यमा त अस्तित्वमा रहँदैन, यो कुनै न कुनै शरीरका रूपमा गठित-हुन्छ, अस्तित्वमा रहन्छ, बाहिर प्रकट हुन्छ, जस्तो- खास-खास किसिमको गुण र विशेषतायुक्त शरीर भएको अंग-प्रत्यंग, जीउ-डाल, अनुहार र आकृति भएको व्यक्तिका रूपमा । यसरी मान्छेको खास-खास गुण र विशेषतायुक्त शरीर उसको रूप हो । मान्छेको अन्तर्वस्तु विशिष्ट गुण र विशेषतायुक्त शरीर भएर नै बाहिर प्रकट हुन्छ ।

जस्तो, पानीलाई लिऊँ । हाइड्रोजनका दुईवटा परमाणुहरू र अक्सीजनको एउटा परमाणु, तिनीहरूबीचको द्वन्द-सम्बन्ध, तिनीहरूको वतावरणसित, समय र स्थानसितको द्वन्द-सम्बन्ध र त्यसले पैदा गर्ने असरहरू ती सबैको कुल जोडले पैदा गर्ने असरहरू, यी सबैको कुल जोड पानीको अन्तर्वस्तु हो । तर हामीसमक्ष प्रकट हुँदा यो झरनाको वा तालको पानी, खोला, नदी वा सागरको पानी, वर्षा वा बाढीको पानी, भाँडोको वा भुईंको पानी, तातो वा चीसो पानी भएर नै प्रकट हुन्छ । त्यसैले, जुन जुन स्थान र समयसित द्वन्द-सम्बन्ध भएर जुन ढंगबांट यो अस्तित्वमा रहन्छ र प्रकट हुन्छ, त्यो गुण र स्वरूपको पानी नै पानीको रूप हो ।

एउटा मान्छे अर्को मान्छेसित बोलिरहेछ । उसको बोलीमा जुन विचार निहित छ, अरू व्यक्तिको द्वन्द-सम्बन्धमा उसको बोल्नुमा जुन समग्र कारण, उद्देश्य र भाव लुकेको छ, त्यो बोलाइको अन्तर्वस्तु हो । अन्तर्वस्तुलाई अर्को शब्दमा विषयवस्तु भने पनि हुन्छ । कसैले उसको विचार विषयवस्तुलाई, उसको बोल्नुको उद्देश्य, कारण र भावलाई कुन भाषा-शैलीमा, कुन कला-शिल्प र भाव-भंगिमामा कसरी अरू सक्षम अभिव्यक्त गर्छ- त्यो बोलाइको रूप हो ।

यसप्रकार अन्तर्वस्तु र रूप दुई विपरीत कुरा हुन् । परन्तु एकआपसमा छुट्याउनै नमिल्ने अभिन्न कुरा हुन्, पृथ्वीका दुई ध्रुवजस्तै । संसारमा त्यस्तो कुनै वस्तु नै हुँदैन, जसको अन्तर्वस्तु हुँदैन । अनि त्यस्तो अन्तर्वस्तु पनि हुँदैन, जो कुनै न कुनै रूपमा अभिव्यक्त हुँदैन ।

फ्रेडरिक एंगेल्सको भनाइ छ- "सम्पूर्ण जैविक प्रकृति रूप र अन्तरवस्तुको समरूपता र अभिन्नताको निरन्तर उदाहरण हो ।" उहाँको यो भनाइ अत्यन्त मननीय छ । यो भनाइको तात्पर्य के हो भने अन्तर्वस्तु र रूप भिन्नाभिन्नै कुरा हुन्, तर यी दुई अभिन्न कुरा पनि हुन् । अन्तर्वस्तु र रूपका बीचमा त्यस्तो खाडल हुँदैन जो कुनै पुलले जोडिँदैन ।

अन्तर्वस्तु र रूप एक-अर्कामा बदलिन सक्छन् । एउटा स्थितिमा जुन कुरा अन्तर्वस्तु भएको हुन्छ, अर्को स्थितिमा त्यो कुरा रूपको रूपमा देखापरिरहेको हुन्छ । त्यस्तै, रूप अन्तर्वस्तुको रूपमा पनि । एउटा उपन्यास र कथामा विचार भन्ने कुरा अन्तर्वस्तु हो, तर वस्तुगत यथार्थको कोणबाट हेर्ने हो भने विचार वस्तुगत यथार्थको प्रतिविम्ब हो । अर्थात् यो वस्तुगत यथार्थको बाहिर अभिव्यक्तिको रूपमात्र हो । बेदव्यासद्वारा लेखिएको महाभारत महाकाव्यमा राज्यको लागि कौरव र पाण्डवको बीचमा भएको युद्ध त्यसको अन्तर्वस्तु हो । तर अर्को स्थितिमा यही युद्ध एउटा भिन्नै अन्तर्वस्तुको प्रकटीकरणको रूप मात्रै पनि हुनसक्छ । जस्तो, अन्तर्वस्तुमा द्वन्दवाद साम्राज्यवादी शक्तिहरूको चरम नाफाको वा नाफाका लागि भू-भाग कब्जाको स्वार्थ छ भने त्यो स्वार्थको संघर्षमा युद्ध भनेको अलगअलग साम्राज्यवादी स्वार्थको सुल्झनै नसक्ने अन्तर्विरोधको प्रकटीकरणको बाहिरी रूपमात्र हुन जान्छ । यसप्रकार, अन्तर्वस्तु र रूप कुनै स्थिर र जड अवधारणा होइनन् । यी तरल अवधारणा हुन् । यहाँ जे अन्तर्वस्तु छ, उहाँ त्यो रूप हुनसक्छ । उहाँ जो रूप छ, त्यो यहाँ अन्तर्वस्तु हुनसक्छ । यी दुई एकआपसमा बदलिन सक्छन् ।

परन्तु अन्तर्बस्तु र रूपका बीचमा तुलना गर्ने हो भने रूपको तुलनामा अन्तर्वस्तु प्राथमिक

र आधारभूत कुरा हो । अन्तर्वस्तुले अन्ततः आफ्नो अनुकूलको रूप निर्धारण गर्ने काम गर्छ । नयाँ अन्तर्वस्तुले आफ्नो अस्तित्व र निकासको लागि बाधक ठहरिएको पुराना रूपको लुगालाई हमेशा च्यातच्यूत् पारेर फाल्ने काम गर्छ । हामी जो सामाजिक क्रान्ति भन्छौं, त्यो अरू केही होइन, पुरानो समाजको गर्भबाट पैदा भएको र हुर्किसकेको नयाँ उत्पादक शक्तिले आफ्नो अस्तित्व र विकासको लागि तगारो सावित भएको उत्पादनसम्बन्ध समाज-व्यवस्थाको पुरानो रूपलाई च्यातच्युत पारेर फालेको हो, नयाँ अन्तर्वस्तुले आफ्नो अनुकूलको नयाँ रूप सृजना गरेको हो ।

त्यसो भनेर रूपको चाहिं कुनै भूमिका र महत्व नै नभएको होइन । अन्तर्वस्तुले रूप निर्धारण गर्दछ, रूपले अन्तर्वस्तुलाई प्रभावित पार्दछ । अन्तर्वस्तु नयाँ, रूप चाहिं थोत्रो भयो भने अर्थात् अन्तर्वस्तु अनुकूलको रूप भएन भने अन्तर्वस्तुको विकासको गति नै धीमा हुनजान्छ । अन्तर्वस्तु अनुकूलको रूप भयो भने अन्तर्वस्तुको विकासको गति निकै तीव्र हुनजान्छ । क्रान्तिपछि प्रायशः समाजको विकासको गति तीव्र हुने कारण पनि यही हो । बालक र युवाको शारीरिक र मानसिक विकासको गति तीव्र हुने कारण पनि यही हो ।

अन्तर्वस्तु र रूप अभिन्न भए पनि दुवैको गति एकनास हुँदैन । अन्तर्वस्तु वस्तुभित्रका सम्पूर्ण तत्वहरू र अन्तर्विरोधी पक्षहरूको द्वन्द-सम्बन्धबाट लगातार गतिशील हुने भएकोले र रूप चाहिं त्यस्तो नहुने भएकोले अन्तर्वस्तु रूपभन्दा छिटो बदलिन्छ । र, तिनीहरूका बीचमा अन्तर्विरोध सृजना हुन्छ । एउटा त्यस्तो विन्दु आउँछ, जहाँ पुरानो रूपले परिवर्तित नयाँ अन्तर्वस्तुको गति र विकासमा धीमापनमात्र ल्याउने होइन, ब्रेककै काम गर्छ । ठीक यही बेला हो, जतिबेला नयाँ अन्तर्वस्तुले पुरानो रूपलाई भताभुङ्ग पार्छ र नयाँ अन्तर्वस्तुलाई सुहाउँदो नयाँ रूप प्रकट हुन्छ । बल्ल नयाँ रूपको प्रभावबाट अन्तर्वस्तुको गति तीव्र हुन्छ । परन्तु केही समयपछि अन्तर्वस्तुको गतिको सापेक्षतामा रूपको गति धीमा हुनाले दुईका बीचमा पुनः अन्तर्विरोध सृजना हुन्छ ।

अहिलेको नेपालको स्थिति त्यसको ज्वलन्त उदाहरण हो । सामन्तवादको गर्भबाट निक्लेका नेपालका नयाँ पूँजीवादी उत्पादक शक्तिको अस्तित्व र विकासका लागि पंचायती सामन्ती निरंकुशतन्त्र तगारो सावित भयो । त्यसैले यी उत्पादक शक्तिहरूले बलपूर्वक पंचायती व्यवस्था नामको सामन्ती निरंकुशतन्त्रको रूप फाल्ने कार्य गरे । र, बहुदलीय संसदीय व्यवस्था नामको नयाँ पूँजीवादी तानाशाहीको रूप ल्याए २०४६ सालमा । परन्तु १२ वर्ष पनि वितेको छैन, यो नयाँ रूप पनि समाजका नयाँ उत्पादक शक्तिहरूको विकास र अस्तित्वको लागि तगारो सावित हुँदैछ र नयाँ अनुकूल रूपको खोजी हुँदैछ ।

यसप्रकार, अन्तर्वस्तु र रूप एकआपसमा अन्तर्सम्बन्धित भए पनि र दुईमध्ये प्राथमिक कुरो अन्तर्वस्तु भए पनि रूपको सापेक्ष स्वतन्त्रता पनि हुन्छ । यो केबाट स्पष्ट देखिन्छ भने अन्तर्वस्तुको तुलनामा रूप विकासको गतिमा पछि पर्न सम्भव छ । साथै, उही अन्तर्वस्तुको बेग्लाबेग्लै रूप पनि हुनसक्छ । उही रूपको बेग्लाबेग्लै अन्तर्वस्तु पनि हुनसक्छ ।

साहित्य र बोलीचालीमा यो निक्कै प्रष्ट ढङ्गले देखिन्छ । एउटै सामाजिक यथार्थ वा विषयवस्तुलाई दक्ष र सिद्धहस्त लेखकले अति मन छुने र पढुँ पढुँ लाग्ने भाषा-शैली र विम्बमा प्रस्तुत गर्न पनि सक्छ र अदक्ष लेखकले पढ्नै मन नलाग्ने भाषा-शैलीमा प्रस्तुत गर्न पनि सक्छ ।

'ए आमै, पानी खान दिनुस् न !' र 'ए मेरी बाबुको स्वास्नी पानी खान दिनोस् न !' भन्ने दुई वाक्यमा रूप भिन्नाभिन्नै भए पनि अन्तर्वस्तु उही र उस्तै छन् । परन्तु अघिल्लो रूपको सम्बोधनले सकारात्मक र स्वागतसहितको प्रत्युत्तर ल्याउन सम्भव छ भने पछिल्लो रूपको संबोधनले गाली र लाठो । यसको तात्पर्य के हो भने अरू वस्तुमा जस्तै कला, साहित्य र सम्वादमा पनि अन्तर्वस्तु निर्णायक र मुख्य कुरो भए तापनि रूपको पनि त्यहाँ ठूलो महत्व हुन्छ । रूप सुन्दर भयो भने असुन्दर अन्तर्वस्तु पनि सजिलै सम्प्रेषित हुन्छ, रूप असुन्दर भयो भने सुन्दर अन्तर्वस्तुले पनि मान्छेको मन छुँदैन । ❑

बाल पत्रिका
प्रतिभा



आफ्ना दुःख-सुखहरु आफ्ना समस्या र संघर्षहरु सबै नेपालीहरुबीच साटासाट गर्न चाहनुहुन्छ भने प्रतिभा सबै बाल-बालिकाको असल साथी बन्न तयार छ।

वैशाखको पहिलो हप्तामा प्रकाशित हुँदैछ

अन्तर्क्रिया प्रकाशन प्रा.लि.

❖ तपाई 'प्रतिभा'का लागि रचना लेखेर पठाउन चाहनुहुन्छ भने-

- बाल-बालिकाहरुलाई कामलाग्ने कथा, कविता, गीत, नाटक, चित्र, चुट्किला, गाउँखाने कथा, लेख, संस्मरण आदि जे लेखेर पठाउनु भएपनि हामी स्वागत गर्दछौं ।
- आफ्नो अध्ययन र भ्रमणको बारेमा, आफू वरिपरि भइरहेका घटनाहरुको बारेमा, स्कूलको बारेमा, पढाइ र परीक्षाको बारेमा, आफ्ना साथीभाइ र शिक्षक-शिक्षिकाहरुको बारेमा, आफ्नो गाउँ-शहरको समाज अनि देश-विदेशका घटनाहरुको बारेमा लेखेर पठाउनु भए हामी उचित ठाउँ दिनेछौं ।



मकालु यातायात

फोन नं. २८१७०४

| जाने स्थान | – छुट्ने समय |
|---|---|
| काठमाण्डौ - काकडभिट्टा | विहान ५:०० बजे |
| काठमाण्डौ - भद्रपुर | विहान ५:१० बजे |
| काठमाण्डौ - उर्लाबारी-मधुमल्ला | विहान ५:२० बजे |
| काठमाण्डौ - विराटनगर | बिहान ५:४५ वजे |
| काठमाण्डौ - राजविराज | विहान ६:०० बजे |
| काठमाण्डौ - सिरहा-माडर | बिहान ६:१५ बजे |
| काठमाण्डौ - मलंगवा | बिहान ६:३० बजे |
| काठमाण्डौ - विराटनगर दोस्रो | विहान ६:४५ बजे |
| काठमाण्डौ - धरान | विहान ७:०० बजे |
| काठमाण्डौ - जनकपुर | बिहान ७:२० बजे |
| काठमाण्डौ - गौंर | बिहान ७:४० बजे |
| काठमाण्डौ - विरगंज | विहान ७:०५, ८:००, १०:००, १०:१५, ११:०० र १२:१५ बजे |
| काठमाण्डौ - कलैया | बिहान ८:०० र १०:१५ बजे |
| काठमाण्डौ - बरहथवा | बिहान ८:३० बजे |
| काठमाण्डौ - भरतपुर | बिहान ८:३०, ९:१५ र ११:४५ बजे |
| काठमाण्डौ - गितानगर | दिउँसा १:३० बजे |
| काठमाण्डौ - पर्साढाप-मेघौली | दिउँसो १:५५ बजे |
| काठमाण्डौ - नारायणगढ-विशालचोक | दिउँसो २:२० बजे |
| काठमाण्डौ - बिरगंज रात्री | बेलुका ८:१५ वजे |

आरामदायी तथा भरपर्दो सेवाको लागि मकालु यातायातलाई सम्झनुहोस् !

# खुलामञ्चमा गिरिजाले बोल्दा हुटिङ भयो

- निर्मल लामा -

**कृष्णप्रसाद भट्टराईले हामीलाई ढ्याक्क छेके र भने- 'आजको अन्तिम घडीमा पनि सहमतिमा काम हुनुपर्छ । बस्नुस् ठण्डा दिमागले सोचौं ।'**

२०४६ साल चैत्र २४ गते तीनधारा पाकशाला अगाडिको महेन्द्रको सालिकमाथि चढ्ने युवाहरू पाँचजनासम्म ढले । त्यहाँ जुलुसमा आउनेहरूलाई सैनिकहरूले स्वचालित मेशिनगनले भुटेका थिए । सेनाले गोली चलाएपछि मलाई कमरेड सन्देशहरूले सुरक्षित स्थानमा जान सल्लाह दिए । र, म गल्ली गल्ली भएर चन्द्रानन्दको घरमा गएँ । त्यो रात म त्यहीं बस्ने सुरमा थिएँ ।

राती मलाई बोर लाग्यो । त्यस दिनका सबै घटनाहरू सुनें । धेरै मानिसहरू मरेका रहेछन् । रातभरिको लागि काठमाडौं उपत्यकाभरि कर्फ्यू आदेश जारी गरियो । त्यसपछि मलाई त्यहाँ बस्न मन लागेन । मलाई घर जान मन लाग्यो । म कर्फ्यूकैबीच गल्ली गल्ली हुँदै राती विष्णुमती खोलाको किनारमा पुगें र त्यही बाटोबाट घरमा सुरक्षित रूपले छिरें ।

राती साँढे १२ बजे फोन आयो जापानबाट । मेरो एक भतिज त्यहाँ थियो । उसले भन्यो- 'ठूलो आप्पा ! तपाईं ठीक हुनुहुन्छ ?'

मैले भनें- 'ठीक छु, के भयो ?'


'यहाँ त टि.भि.ले भर्खरैमात्रै नेपालको समाचार भनेर तीन वटा ट्रकमा जीउँदा या मरेका मानिसहरूको थुप्रो राखेर होटेल अन्नपूर्ण अगाडिबाट लगिएको दृश्य देखायो । त्यहाँ आप्पाहरूलाई केही भयो कि भनेर डरले हामी त यहाँ थर थर काँपिरहेका छौं । साँच्चै सबै ठीकै नै छन् त ? तपाईं त्यस घटनामा हुनुहुन्थेन र ?' -उसले एकै स्वासमा आफ्नो कुरो भन्यो ।

मैले भनें-'म त्यहाँ पछाडि पछाडि थिएँ ।'

उसले पत्याउँदै पत्याएन । उसले भन्यो- 'होइन होला ! तपाईं अगाडि अगाडि नै हुनुहुन्थ्यो होला । तर गोली चलेपछि त्यहाँबाट अन्यत्र जानुभयो होला ।'

हाम्रो त्यो कुरो पछि ठीक भयो । धेरै पत्रिकाहरूमा छापियो । व्यापक हल्ला भयो । के कुरो बाहिर प्रकाशमा आयो भने तीन वटा ट्रकमा राखेर लगिएका मानिसहरूलाई पेट्रोल छर्केर जलाइए । त्यहाँ केही जीउँदा मानिसहरू पनि थिए रे । तिनीहरूसमेतलाई जीउँदै जलाइयो रे !

त्यसपछि दुई दिनसम्म पूरै कर्फ्यू जारी गरियो । र, २६ गते राती १२ बजे बहुदलको घोषणा भयो । घोषणाको लगत्तै मानिसहरू खुशीले राती नै कर्फ्यूलाई बिर्सेर हो वा अब कर्फ्यू लागु हुँदैन होला भनेर हो काठमाडौंका सडकहरूमा बाहिर निस्के । दुर्भाग्यवश कर्फ्यूको ड्युटीमा खटेका प्रहरी जवानहरूले बाहिर सडकमा निस्केका मानिसहरूलाई गोली हाने । केही मानिसहरू मरे ।



२६ गते रातीको घोषणापछि पार्टीहरू खुला भए । हामीहरू सबै खुला भयौं । त्यसपछि चैत्र २७ गते टुँडिखेलको खुलामञ्चमा सबै पार्टीहरूको संयुक्त आमसभा भयो ।


त्यस आमसभाको व्याख्या गर्नुअघि यहाँ एकछिन आन्दोलनकारी शक्तिहरूबारे केही कुरा गरौं । हुन त यसबारे माथि केही उल्लेख भइसकेको छ । तर मैले माथि व्याख्या गर्दा अलि भिन्नै बिचार लिएर आफ्नै ढंगले आन्दोलनमा क्रियाशील एक अर्को शक्तिको उल्लेख गर्न छुटाएछु ।

२०४६ सालको जनआन्दोलन खासगरी संयुक्त वाम मोर्चा र नेपाली कांग्रेसको संयुक्त पहलमा फागुन ७ गतेदेखि शुरू भयो । संयुक्त वाम मोर्चामा तत्कालीन हाम्रो पार्टी 'नेपाल कम्युनिष्ट पार्टी (चौ.म.)', तत्कालीन 'नेपाल कम्युनिष्ट पार्टी (मा.ले.)' लगायत अन्य गरी जम्मा सातवटा वामपार्टीहरू सम्मिलित थिए ।

संयुक्त वाम मोर्चाले त्यतिखेर नेपाली कांग्रेससँग मिलेर पंचायतलाई फाल्ने र बहुदल ल्याउने नारा दिएको थियो । र, त्यसअनुसार ऊ संघर्षमा हाम्फाल्यो । यसबाट क. मोहनविक्रम सिंहलाई फसाद पर्‍यो । त्यतिखेर मोहनविक्रमको नेपाल कम्युनिष्ट पार्टी (मसाल) थियो । त्यो अहिलेसम्म कायम नै छ । त्यस्तैगरी त्यतिखेर मोहनविक्रमबाटै छुटेको अर्को ने.क.पा. (मशाल) थियो, जुन पार्टी अहिले ने.क.पा. (माओवादी) भएको छ । ती दुई पार्टीहरूले कृष्णदास, शम्भुरामहरूलाई मिलाएर अर्को छुट्टै मोर्चा 'संयुक्त राष्ट्रिय जनआन्दोलन' खोले । र, उनीहरूले पनि आफ्नै हिसाबले 'नेपाल बन्द', जुलुस, आमसभा आदि कार्यक्रमहरू राख्न थाले । हामीले उनीहरूका कार्यक्रमहरूलाई बिरोध गरेनौं । उनीहरूले पनि हाम्रा कार्यक्रमहरूलाई बिरोध गरेनन् । अलग अलग कार्यक्रमहरू भए पनि तिनीहरूलाई नजुधाउने गरिन्थे । जे होस् आन्दोलनमा तालमेल मिलाउने काम भएको थियो ।

आन्दोलनको विकास बिस्तारै हुँदै गयो । जनताको मनस्थिति यस्तो रूपले विकास भयो कि आन्दोलनको लागि जसले आह्वान गरे पनि उनीहरू सडकमा आउन थाले । संजोग के पर्‍यो भने चैत्र २४ गतेको दिन संयुक्त राष्ट्रिय जनआन्दोलनले आह्वान गरेको नेपाल बन्दको दिन थियो । त्यो दिन संघर्षको उत्कर्षको दिनको रूपमा जनताहरू सडकमा ओर्लेका थिए । खासगरी राजाले पञ्चायतलाई खारेज नगरी संविधान सुधार सुझाव आयोगको घोषणा गरेको कार्यको बिरोधमा त्यस दिन नेपाली जनताहरू बिहानैदेखि सडकमा उत्रेका थिए । तर 'संयुक्त राष्ट्रिय जनआन्दोलन'का मित्रहरूलाई के भ्रम पर्‍यो भने त्यस दिन जनताहरू उहाँहरूको आह्वानको कारणले नै सडकमा ओर्लेका थिए । त्यो भ्रम उहाँहरूसँग अहिलेसम्म पनि कायम नै रहेको पाइन्छ । उहाँहरू के भन्नुहुन्छ भने चैत्र २४ गते 'संयुक्त राष्ट्रिय जनआन्दोलन'को आह्वानमा आएका जनताहरूले नै टुँडिखेल कब्जा गरेका थिए अनि पछि त्यहाँ जम्मा भएका जनताहरूलाई संयुक्त वाममोर्चाले दरबारतिर लग्यो र गोली चल्न दियो ।

तर २०४६ सालको जनआन्दोलनलाई अलिकति मात्र पनि गहिरिएर हेर्ने जो कोहीलाई पनि के थाहा छ भने त्यसबेलाका दुईटा


गिरिजाप्रसाद कोइराला


सहाना प्रधान


पद्मरत्न तुलाधर


कृष्णप्रसाद भट्टराई

मसाल-मशाल, कृष्णदास र शम्भुरामहरूसँग त्यस्तो हुँति थिएन ।

यसरी संयुक्त वाममोर्चाको आन्दोलन एउटा खास बिषयवस्तुलाई लिएर अर्थात् पञ्चायतलाई फालेर बहुदल ल्याउनको निम्ति भयो । 'संयुक्त राष्ट्रिय जनआन्दोलन'को नाममा मोहनविक्रम र प्रचण्डहरूले पञ्चायतविरोधी अन्य राजनीतिक शक्तिहरूलाई छायाँमा पार्न जुन भूमिका खेले, त्यो मार्क्सवादी संयुक्त मोर्चाको अवधारणाभित्र पर्दैन । अथवा, त्यो भूमिका भनेको संयुक्त प्रजातान्त्रिक आन्दोलनभित्रको संकीर्णवाद थियो । आफूमात्र ठीक, अरू सबै गलत भन्ने जुन विचार उनीहरूको रह्यो, त्यो संकिर्णवाद थियो ।

आन्दोलनमा जहिले पनि मूल नाराभित्र आउने सबैलाई समेटेर लगिनुपर्छ । मानौं भोलि कुनैबेला राजतन्त्रसँग हुने निर्णायक संघर्षमा नेपाली कांग्रेस आउने भयो रे ! यसलाई कसरी लिने ? मार्क्सवादी कार्यनीति अनुसार त्यस्तो बेलामा कम्युनिस्टहरूले नेपाली कांग्रेससँग पनि मिलेर जानुपर्छ । तर 'संयुक्त राष्ट्रिय जनआन्दोलन'का हाम्रा मित्रहरूले त्यस्तो गर्दैनथे । मूल शत्रुको विरूद्ध लड्नको निम्ति शक्ति संचय गर्ने सवालमा उनीहरूको नीति संकिर्ण थियो ।


संयुक्त वाम मोर्चाले भने संयुक्त आन्दोलनलाई व्यापक र लचिलो बनायो । र, पञ्चायतविरोधी ठूलो शक्ति जुटाउन त्यो सफल भयो । वास्तवमा त्यही आन्दोलनले पञ्चायतलाई सिध्यायो । तर कस्तो हाँसोउठ्दो कुरो भएको छ, उनीहरू 'हाम्रो आह्वानमा भएको आन्दोलनबाट पञ्चायत सिद्धिएको हो' भन्ने फलाकेर हिँड्छन् । त्यो उनीहरूको आत्मरति हुनसक्छ, तर इतिहासको कुनै पनि तथ्यले त्यसलाई पुष्टि गर्दैन ।

अब रह्यो चैत्र २७ गतेको आमसभाको कुरा । त्यस आमसभामा यसरी मानिसहरू ओइरिए कि खुलामञ्च पूरा, यता वीर अस्पतालतर्फको सडक, उता विद्युत प्राधिकरणतर्फको र रत्नपार्कको पूरा क्षेत्र मान्छे नै मान्छेले भरिएको थियो । त्यहाँ आमसभामा बोल्न सबैजसो नेताहरू पुगेका थिए । मेरो बोल्ने पालो दशौंमा थियो । पहिलो र दोस्रोले बोलेपछि पालो गिरिजाप्रसाद कोइरालाको आयो । उनले बोल्दा दर्शकहरूबाट हुटिङ्ग भयो । उनले के बोलेका थिए भने 'यो जीत पञ्च, बहुदलवादी र राजा सबैको हो' । तर सहभागी जनसमूह उनको त्यो कुरोसित सहमत हुन सकेन । फलस्वरूप जनसमूहले उनलाई बोल्न दिएन । होहल्लालाई रोक्न पद्मरत्न तुलाधरले बीचैमा बोल्नुपर्‍यो ।

आमसभामा सबैले त्यो आन्दोलन सफल आन्दोलन थियो भनेर बोल्दै थिए । म चूप लागेर बस्न सकिँन । उद्घोषकको नजिक गएर मैले जोशले भनें- 'बोल्नेमा मेरो नाम तुरून्तै राख्नुस् त ! होइन भने म आफैं माइक खोस्छु ।' त्यसपछि डराएरै बोल्ने पालोमा मेरो नाम राखियो । मेरो पालामा मैले भोक्किएर भनें-'कसले भन्यो, यो आन्दोलन सफल भयो भनेर ? अहिलेसम्म अन्तरिम सरकार बनेको छैन । अहिलेसम्म पञ्चायतको प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द नै कुर्सीमा छ । हामी

**गिरिजाप्रसाद कोइराला के बोलेका थिए भने 'यो जीत पञ्च, बहुदलवादी र राजा सबैको हो' ।**

**'कसले भन्यो, यो आन्दोलन सफल भयो भनेर ? अहिलेसम्म अन्तरिम सरकार बनेको छैन'**



यहाँ भाषण गरिराखेका छौं, आन्दोलन सफल भएको भए त यतिखेर हामी सरकारमा हुन्थ्यौं । खोइ त्यस्तो भएको ?'

मेरो पछि साहना प्रधानको पालो आयो । उनले मेरै कुरालाई समर्थन गरेर आन्दोलन सफल भएको छैन भनेर बोलिन । त्यसपछि सबैले त्यसरी नै बोले । ओहो ! नत्र त सबैले सफल सफल भनेर बोल्ने खतरा हुन थालेको थियो ।

यसको परिणाम के भयो भने भोलिपल्ट गणेशमानकहाँ संयुक्त वाम मोर्चा र नेपाली कांग्रेसको संयुक्त बैठक बस्यो । त्यस बैठकमा अन्तरिम सरकारको निम्ति कुरा गर्न जाने कुरो भयो । कहाँ जाने त ? भन्ने कुरा हुँदा लोकेन्द्रकहाँ जाने भन्ने कुरो आयो । सबैको कुरो त्यस्तै त्यस्तै भयो । मैले भनें- 'लोकेन्द्रसँग हामीले किन कुरा गर्न जाने ? हाम्रो त सिधा राजासँग कुराकानी हुनु पर्ने होइन र ? लोकेन्द्र त पञ्चायत सरकार हो । हामीले उनीसँग किन कुरा गर्ने ? पञ्चायत सरकार खत्तम गर्नको लागि उनीसँग कुरा गर्ने ? यस्तो पनि कुरा हुन्छ ?'

अचम्मको कुरो के भयो भने म र लिलामणि बाहेक गणेशमानदेखि लिएर सबै नै त्यहाँ लोकेन्द्रसँग कुराकानी गर्ने पक्षमा थिए । त्यसपछि धेरै तर्कवितर्क भए । कुरो मिल्न सकेन । अनि मैले लिलामणिलाई भनें- 'लिलामणिजी हिंडौं अब यहाँबाट हाम्रो यहाँ कुनै काम छैन । हाम्रो काम यहाँ नभएर सडकमा छ ।'

त्यसपछि लिलामणिजी जऱ्याकजुरुक उठ्नु भयो । हामी दुवै बाहिर हिंड्न ढोकातिर लम्क्यौं । ढोका छेउमा कृष्णप्रसाद भट्टराई थिए, उनले हामीलाई ह्वाक्क छेके । र, भने-'पख्नुस्, एकछिन बस्नुस् । आजसम्म हामी वाम र कांग्रेस सहमतिमा काम गरिरहेका छौं । आजको अन्तिम घडीमा पनि सहमतिमा काम हुनुपर्छ । बस्नुस् ठण्डा दिमागले सोचौं ।'

त्यस्तो भनेपछि हामी फेरि बस्न बाध्य भयौं । ❑

क्रमशः

*प्रस्तुति- तुल्सीदास महर्जन*



# के संकटकाल पनि सकारात्मक हुनसक्छ ?

**नवीन सुब्बा,चलचित्र निर्देशक**

*(नवीन सुब्बाको कथानक चलचित्र 'नुमाफुङ' अहिले चर्चामा छ । उनी सार्थक चलचित्रप्रति प्रतिबद्ध युवा चलचित्रकर्मी हुन् । प्रस्तुत छ, संकटकालको चलचित्र क्षेत्रमा असरबारे नवीनको विचार-सं ।)*

विद्यमान संकटकालले नेपाली चलचित्र उद्योगलाई नकारात्मक असर पारेको छ । यस्तो असर एकै किसिमको मात्र नभएर विविध किसिमको देखिन्छ । संकटकालले खासगरी परम्परागत बजारलाई पूरै नकारात्मक असर पारेको छ ।

नेपाली चलचित्रहरू प्रदर्शन गरिने सबैजसो सिनेमाघरहरूमा बेलुकीको प्रदर्शन बन्द भएको छ । यसबाट चलचित्रको बजार र आम्दानी स्वतः घट्न गएको छ । तैपनि काठमाण्डौंका सिनेमाघरहरूमा त्यति धेरै असुरक्षा अनुभव गरिएको छैन, तर काठमाण्डौं बाहिरका सिनेमाघरहरूमा निकै असुरक्षा छ । त्यहाँका हल मालिक र दर्शकहरू कुनै पनि बेला सिनेमाघरमा माओवादी आक्रमण हुनसक्छ भन्ने त्रासमा रहेका छन् । यही अवस्थाले गर्दा सिनेमाघरसम्म जाने सर्वसाधारण जनताको मनःस्थिति नै छैन । अर्को कुरा विद्यमान संकटकालले गर्दा नेपाली फिल्मले आवश्यक बजार नपाएकाले निर्माताहरू नयाँफिल्म प्रदर्शन गर्न डराइरहेका छन् । त्यस्तै, अहिलेको स्थिति तरल भएकोले नेपाली निर्माता निर्देशकहरू निर्माण गर्न खोजिएको फिल्मलाई फ्लोरमा लैजान पनि डराउनु पर्ने अवस्था छ । र विद्यमान संकटकालले फिल्मको विषय र कथावस्तुलाई पनि संकीर्ण दायराभित्र सीमित गरेको छ । अभिव्यक्तिको संकटले नै यस्तो भएको हो । तर कुशल, दृष्टिसम्पन्न र दूरदर्शी निर्माता तथा निर्देशकहरूका निम्ति अहिलेको संकटकालले सकारात्मक प्रभाव पनि दिन सक्छ । यदि चलचित्रकर्मीहरू बढी सचेत र संवेदनशील भएर आफ्नो सिर्जनालाई साँघुरो बाटो पनि छिचोलेर अघि बढ्ने सीप विकास गरे भने त्यसले चलचित्रको गुणस्तरलाई उकास्न मद्दत पनि गर्ने छ । तर हाम्रो समग्र चलचित्र जगत र यसका प्रमुख चरित्रहरूलाई नियाल्दा त्यस्तो आशा गर्न सकिने अवस्था छैन । तैपनि जोखिम उठाउन हिम्मत गर्ने प्रतिभाशाली निर्देशकहरू भए भने संकटकालको साँघुरो अवस्थाले नयाँ सीपलाई जन्माउन सक्छ ।

**छिमेकी राष्ट्र चीन र अर्को एशियाली राष्ट्र इरानको उदाहरणबाट पनि अभिव्यक्ति स्वतन्त्रताको संकटबाट चलचित्र क्षेत्रमा नयाँ सीपको विकास भएको हामी देख्न सक्छौं**

चीन र इरान दुवै अहिले राम्रा चलचित्रहरू उत्पादन गर्ने देशहरू हुन् । छिमेकी राष्ट्र चीन र अर्को एशियाली राष्ट्र इरानको उदाहरणबाट पनि अभिव्यक्ति स्वतन्त्रताको संकटबाट चलचित्र क्षेत्रमा नयाँ सीपको विकास भएको हामी देख्न सक्छौं । नेपालमा यदि त्यस्तो भएनछ भने पनि संकटकालीन अवस्थाका घटना र दुर्घटनाहरू भविष्यका लागि राम्रो विषयका रूपमा रहन सक्छन् । नेपाली चलचित्र जगतले अहिले यही सोचेर चित्त बुझाउनु पर्ने अवस्था छ । ❑

यो प्रसंगमा मैले केही समयअगाडि नै लेख्ने बिचार गरेको थिएँ । तर एमाले र मालेबीच एकताको कुराकानी चलिरहेको बेला मेरो लेखाइले उक्त एकता प्रकृयामा थोरै भएपनि नकारात्मक असर पार्ला भन्ने ठानेर त्यसो नहोस् भनी यो लेखाइलाई मैले रोकेको थिएँ । किनभने, एमाले र मालेरूपी नेपालका उस्तै सोच राख्ने दुई वामसमूहहरू मिल्नु जरूरी थियो र मिल्नु राम्रो थियो । यो मेललाई सम्पन्न हुनदिनु जरूरी ठान्ने शुभचिन्तकहरूको नैतिक दायित्व हो -मेलविरूद्ध असर पर्नसक्ने कुनै पनि कुरा नगरिदिनु ।

अब एमाले र मालेबीच एकता भैसकेको छ । सामान्यतः अब यिनीहरू विगतको जस्तो फूट भैहाल्ने हतारो गर्ने छैनन् । 'पढेर' जान्नुपर्नेमा त्यसो गर्न यिनीहरूले सकेनन्, तर पनि 'परेर' भए पनि हाल धेरै कुरा सिकेका छन् । त्यसैले, उनीहरूको विगतको फुटपरस्त आचरणहरूका बारेमा अब समीक्षा गर्नु उपयुक्त हुनेछ । त्यो समीक्षाले कुनै नकारात्मक नतीजा ल्याउने छैन भन्ने मलाई लाग्छ । बरू यसले भविष्यमा पुनः गल्ती नगर्न वर्तमानमा संयुक्त भएको एमाले र एमालेबाहेक अन्यहरूलाई पनि सघाउ नै पुऱ्याउने छ भन्ने मलाई लाग्छ ।

एमाले-माले एकताका शर्तहरूमध्ये विगतको फुटको समीक्षा गर्दै जाने र कुनै पनि पक्षलाई आक्षेप र आघात पर्ने गरी आलोचनाहरू नगर्ने आशयको कुरा पनि रहेको छ । त्यसैले विगतको फुटमा कुन प्रवृत्तिको र कसको हात कति थियो भन्नेबारेमा विस्तारै विश्लेषण हुँदै जाला नै ।

यहाँ यी सबै पक्षमा प्रवेश नगरिकन म एउटा पक्षमा मात्र केन्द्रित हुन चाहन्छु र, त्यो पक्ष हो- एमाले-मालेले फुट हुनेबेला र त्यसपछि पनि देखाएको आपसी सम्वादको संस्कृति ।

बाहिर बसेर हेर्नेहरूका लागि लाजमर्दो हुने प्रकारको सम्वादशैली एमाले र मालेले अपनाए । त्यतिखेर राजनीतिक प्रकारको विरोधशैली यिनीहरूले अपनाएनन् । असन्तुलित शैलीमा यिनीहरू बहकिए र 'शत्रु हँसाउने' काम गरे । आधिकारिक व्यक्तिले बोल्दा-लेख्दा पनि गाली गलौजको भाषा प्रयोग गर्ने हदका व्यवहारहरू यिनले गरे । भारतको बिहार राज्यमा लालु यादवको पार्टी फुट्दा पनि फुटेका टुक्राहरूले एकआपसमा तीव्र विरोध र आरोप लगाए पनि 'जरूरी पर्दा हामीबीच कार्यगत एकता भने हुनसक्छ' भनी एकसाथ वक्तव्य जारी गरेका उदाहरणहरू जति नै दिएर सुझाव दिंदा पनि दुवैथरिले सुन्ने काम गरेनन् ।

-त्यसलाई पार्टी भन्न मिल्दैन, त्यो 'बासी' गुट हो !

-तिनीहरूसँग मिलेर त हामी कुनै आन्दोलन पनि गर्दैनौं ।

यसो भनेर उनीहरूले एकले अर्कोलाई नकार्ने मात्र काम गरेनन्, देश र जनताको साझा काममा एक हुने न्यूनतम् राजनैतिक संस्कृति पनि देखाएनन् । स्थानीय निकायहरूमा भएका यिनका स्थानीय नेताहरू र स्थानीय कार्यकर्ताहरूले साधारण निहुँमा पनि ठूलाठूला बखेडाहरू झिके । कति जि.वि.स., नगरपालिका वा गाउं विकास समितिका अधिवेशनहरू बहिष्कार र हो-हल्लापूर्ण भए । कुटाकुटसमेत गरिए । कांग्रेसीहरू र पञ्चहरूको मनोरञ्जनका पात्रको रूपमा आफूलाई पतित गराएर यिनले कति सार्वजनिक भाषणहरूमा गालीगलौज गरे, कति पत्रपत्रिका र लेखाइमा गालीगलौंज गरे ।

फुट हुँदैमा त्यस्तो गरिहाल्नु जरूरी थिएन । विगतमा मोहनविक्रम-निर्मल लामाहरूका बीचमा फूट हुँदा राजनैतिक आरोप प्रत्यारोप त धेरै भए, तर यसरी व्यक्तिगत हदमा अराजनैतिक व्यवहार भने यिनीहरूले गरेनन् । फूटको पनि एउटा राजनीतिक स्तर थियो उनीहरूको । तर एमालेको फूट त्यो स्तरको रहेन ।

एउटा ठूलो घटना यो बीचमा घटित भएको थियो ।

एमाले पक्षले आधिकारिक रूपमा काठमाण्डौंको टुँडिखेलमा एउटा विशाल आमसभा गरी नेपालका प्रमुख भ्रष्टाचारीहरूको नाम सार्वजनिक गर्ने बाचा गऱ्यो । सभामा एमालेका आधिकारिक नेताले बोले र भ्रष्टाचारीहरूमध्ये एक नम्बरको भ्रष्टाचारी भनेर वामदेव गौतमको नाम घोषणा गरे ।

नकारात्मक संस्कृति निर्माणको दिशामा एमालेका नेताहरूको संलग्नताको यो एकदमै ठूलो सूचक थियो । वास्तवमा योभन्दा गैरजिम्मेवार काम र अवस्तुवादी काम अरू हुनै सक्दैन थियो । कारण, जोकोहीलाई पनि विनाप्रमाण, विनाठोस जानकारी यसरी एकमुष्ठ रूपमा 'भ्रष्टाचारी' भन्न मिल्ने कुरा हुँदै होइन । त्यसमाथि पनि कुनै पनि बेला सरकारमा गई राज्य सम्हाल्नुपर्ने प्रमुख प्रतिपक्षी दलले यस्तो कच्चा र वाहियात काम गर्नु मिल्ने कुरै थिएन । के तुरून्तै आफू सरकारमा गएको भए एमालेले वामदेवलाई भ्रष्टाचारी भनेर थुन्न सक्थ्यो त ? वामदेवको कुरै छोडौं, एमालेले त्यतिखेर घोषणा गरेका सुन तस्कर भनिएकाहरूलाई पनि उसले विनाप्रमाण थुन्न सक्दैनथ्यो । जुन कुरा व्यवहारमा उतार्न आवश्यक प्रमाण र शर्तहरू पूरा हुँदैनन्, ती कुरामा प्याच्च बोलीदिनु भनेको कुनै जिम्मेवारी नबोकेका आवारा व्यक्तिहरूलाई मात्र सुहाउने कुरा हो ।

मैले यहाँ वामदेव गौतम भ्रष्टाचारी थिएनन् वा थिए भनी कुनै दावी गर्न खोजेको हैन । मेरो भनाइ के हो भने, रीस उठ्यो भन्दैमा जे पायो उही भन्ने र जसोपायो उसो गर्ने संस्कृति गलत संस्कृति हो । भ्रष्टाचारीहरूप्रति यदि एमालेले कारवाही नै गर्न खोजेको भए त उसले प्रमाण जुटाएर ठाडै सरकारलाई दिई, सरकारलाई दवाव पनि दिई कारवाही नै गर्नसक्ने हैसियत यसको थियो नि । किन यो ठोस र प्रकृयासम्मत काम एमालेले गरेन ? उसले यसरी बेतुकसँग 'भ्रष्टाचारी' भनेर वामदेव गौतम समेतलाई भनिदिंदा समाजमा भएका साँच्चीका ठूलाठूला भ्रष्टाचारीहरूको मनोबल बढ्ने मौका मिल्यो । किनभने, 'भ्रष्टाचार' अब राजनीतिक रीसइवी

# वामदेव १ नम्बरका भ्रष्टाचारी नै हुन् त ?

- चन्द्रदेव नेपाली -



यसरी बेतुकसँग 'भ्रष्टाचारी' भनेर वामदेव गौतम समेतलाई भनिदिंदा समाजमा भएका साँच्चीका ठूलाठूला भ्रष्टाचारीहरूको मनोबल बढ्ने मौका मिल्यो ।

साध्ने साधनमात्र ठह्रिने स्थिति पैदाभयो ।

"वामदेवलाई त भ्रष्टाचारी भनेर टुँडिखेलमा घोषणा गरे भने मलाई त किन बाँकी राख्थे र मेरा विरोधीहरूले ?" -यसो भन्ने अवसर पाए साँच्चीका भ्रष्टाचारीहरूले पनि ।

हेरौं त, आज आफूले त्यसो भनेको दुई-तीन वर्ष नपुग्दै आखिर त्यही वामदेव गौतमलाई 'महान' ठानेर पार्टीमा स-सम्मान हुल्नुपर्ने रहेछ । यत्ति कुरा पनि समयमै ठम्याउन नसक्ने एमालेको नेतृत्वको हल्का र सतही प्रवृत्ति वास्तवमै डरलाग्दो प्रकारको अदूरदर्शीता र असहिष्णुताजनित प्रवृत्ति नै हो ।

विचारमा मतभिन्नता हुननपाई वा एकै ठाउँमा बस्न नसक्ने हुननपाई एकले अर्कोलाई 'चोर-डाँका' भनेजस्तै गरी आरोप लगाउने यो प्रवृत्तिलाई एमालेका तमाम कार्यकर्ताहरू र बौद्धिकहरूले पनि बेलैमा अंकुश लगाउन जरूरी ठानेनन् । उनीहरूमा विद्यमान पार्टीको अन्धतापूर्ण समर्थन गर्ने यो प्रवृत्ति अरू डरलाग्दो प्रवृत्ति हो भन्ने मलाई लाग्छ । संगठनमा काम गर्दा एकले गल्ती गर्न आँट्यो भने सहासपूर्वक उक्त गल्ती औंल्याएर गल्ती हुन नदिनु सबै नेता-कार्यकर्ताहरूको काम हो । आलोचनात्मक चेत भनेको यही हो । यो चेतको अभावमा संगठनमा कुनै पनि बेला कुनै पनि प्रकारको दुर्घटना हुनसक्ने खतरा हुन्छ ।

आज एमालेले वामदेव गौतमलाई स-सम्मान पार्टीमा भित्र्याएको देखेपछि औपचारिक रूपमै पनि भन्नुपर्ने हुन्छ- वामदेव वास्तवमा भ्रष्टाचारी हैन रहेछन् । तर हो भनेर हजारौं मान्छेका बीचमा घोषणा गरिएको छ । यसको जिम्मेवारी अब कसले लिने ? जनतालाई जवाफ दिनुपर्छ कि पर्दैन ? कि वामदेव एक नम्बरका भ्रष्टाचारी नै हुँदाहुँदै पनि पार्टीले उनलाई स्वागत गरेको हो ? हैनभने आधार के थियो त्यतिखेर वामदेवलाई 'नम्बर वन' भ्रष्टाचारी भन्नुमा ? आधार थिएन, रीसइवीमा भनिएको थियो भने त्यो कसको गल्ती थियो ? त्यस्तो गल्ती एमालेले अरू कसैका बारेमा पनि दोहोर्‍याउने छैन भन्ने ग्यारेन्टी के ?

❑

# पुराना नामहरूमा झुण्डिरहनुको के अर्थ ?

## *एकताकेन्द्र-मसाल एकता प्रक्रिया*

❑ पार्टी एकीकृत भएपछि त्यसको नाम के राख्ने ?

-"मसाल-एकताकेन्द्र" वा "एकताकेन्द्र-मसाल" राख्ने ?

हाल नेकपा मसाल र नेकपा एकता केन्द्रका बीच चलिरहेको एकता प्रकृयाका क्रममा पार्टीको नामका बारेमा छलफल चलेको बुझिएको छ । प्रस्तावित नाममा माथि उल्लिखित दुई नामहरू आएका छन् । यसैको कारणले मात्रै एकता प्रकृया अघि बढ्नबाट रोकिने हो भने चाहिँ यी प्रस्तावित नाम पनि आफूलाई स्वीकार्य हुने, तर सकेसम्म यो नामको सट्टा अर्कै कुनै नाम राखौं भन्ने मत नेकपा एकताकेन्द्रले राखेको बुझिएको छ । गत पुसको अन्तिम साता नेकपा मसालको विस्तारित बैठकलाई संबोधन गरी एकताकेन्द्रले एक अपील समेत जारी गरी यो कुराको प्रस्ताव गरेको थियो ।

वास्तवमा, नामको सन्दर्भसम्म छलफल आइपुग्नुले मसाल र एकताकेन्द्रको एकता प्रक्रिया अन्तिम चरणमा आइपुगेको संकेत त गरेको छ । तर यो जुन दुवै पार्टीको वर्तमान नामलाई अगाडि वा पछाडि जोडेर राख्ने कुरा उठेको छ, त्यसले योभन्दा अलि बढी कुराकै संकेत गरेको छ भन्न सकिन्छ । दुवै पार्टीबीच एकता गर्नु आजको राष्ट्रिय बस्तुगत आवश्यकता हो भने पुराना नामहरूमा झुण्डिरहनुको अर्थ नै के रहन्छ र ? यसले देखाउँछ- पुराना आ-आफ्ना नामहरू बाँकी रहेमा पछि छुट्टिनु परेमा पनि सजिलो पर्छ भन्ने सोच त्यहाँ विद्यमान रहेको छ । यो भनेको एकताप्रति अझै पूर्णविश्वास पैदा भैसकेको छैन भन्ने कुराको द्योतक हो । कतै बस्तुगत आवश्यकताबोधले हैन, कार्यकर्ताहरूको जोडबलले मात्रै त यो एकतालाई प्रेरित गरिरहेको छैन ? भन्ने प्रश्न यतिखेर पैदा भएको छ । हैनभने नेकपा मसालले तेश्रो कुनै नामको खोजीमा आनाकानी गर्नु जरूरी छ भन्ने हामीलाई लाग्दैन । नामकै कारणले गर्दा पछि अर्को कुनै संगठन यो एकतामा मिसिनआएमा पनि अप्ठेरो पर्ने निश्चित छ । जति संगठनहरू जोडिए, उत्ति नाम थप्दै, लामो गर्दै जानुपर्ने अव्यावहारिक स्थिति यसले सिर्जना गर्नेछ ।

**पार्टीबीच एकता गर्नु आजको राष्ट्रिय वस्तुगत आवश्यकता हो भने पुराना नामहरूमा झुण्डिरहनुको अर्थ नै के रहन्छ र ? यसले देखाउँछ- पुराना आ-आफ्ना नामहरू बाँकी रहेमा पछि छुट्टिनु परेमा पनि सजिलो पर्छ भन्ने सोच त्यहाँ विद्यमान रहेको छ ।**

हामीलाई के लाग्छ भने आज नेकपा मसाल र एकताकेन्द्र मिल्नु भनेको दुई पार्टीहरूको एकताको समीकरण खोज्नुमात्र हैन । राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपमा कम्युनिष्ट आन्दोलन संकटको अवस्थामा गुज्रिरहेको वर्तमान स्थितिमा दक्षिणपन्थी बिसर्जनवाद र उग्रपन्थी संकीर्णतावादबाट मुक्त तेश्रो धारको सिर्जना गर्नु आजको बस्तुगत आवश्यकता हो । यस्तो तेश्रो शक्तिको निर्माण भनेको आधारभूत रूपमा समान विचारधारा बोक्ने विद्यमान संगठनहरू एक हुनु र एक भई आजको बस्तुगत आवश्यकतालाई संबोधन गर्नसक्ने लचिलो कार्यनीति सहितको क्रान्तिकारी बाटो निर्माण गर्नु पनि हो । 'भोलि'को कुरा गर्नेहरू 'आज'को कुरा नगर्ने, र आजको कुरा गर्नेहरूले भोलिलाई बिर्सिदिने गरेको वर्तमान वामआन्दोलनबाट सिकेर आज र भोलिको सन्तुलन मिलाएर अघि बढ्ने सोच र शक्ति निर्माण नै आजको समाधान हो । यस्तो शक्तिको आवश्यकता दिनप्रतिदिन झन् झन् टड्कारो हुँदै गैरहेकोमा नेकपा मसाल र एकताकेन्द्रले यो शक्ति निर्माणको दिशामा महत्वपूर्ण भूमिका खेलेर ऐतिहासिक रूपमा अगुवाई गर्ने आशा लिएका थुप्रै व्यक्तिहरू यतिखेर यी दुई संगठनहरू आजको मुलुक हाँक्ने हदमा हैन, आफ्नै गुटहरूको समीकरण मिलाउने मात्र हद्मा सक्रिय र सक्षम भएका हुन् कि भन्ने ठान्न थालेका छन् ।

नेकपा माओवादीलाई राजापरस्त सोच्ने नेकपा मसालको चिन्तन पनि स्थिरतामा बस्तुलाई बुझ्ने अधिभूतवादी चिन्तनको उपजको रूपमा रहेको देखिन्छ । यसै गरी, बदलिएको राष्ट्रिय-अन्तर्राष्ट्रिय परिस्थितिलाई बुझ्ने र व्याख्या गरी कार्यनीति तय गर्ने मामलामा पनि नेकपा मसाल अपेक्षा गरिएभन्दा पछाडि रहेको अनुभूति हुन्छ ।

यतिखेर मसाल र एकताकेन्द्रले आ-आफ्ना पार्टी संगठनको वरिपरि मात्र आफूलाई सीमित नगरी आजको विशिष्ट स्थितिमा राजनैतिक रूपले मात्र हैन, वैचारिक, बौद्धिक एवं सांस्कृतिक रूपले पनि आजको समग्र समाजकै अगुवाई गर्नका लागि आफूलाई चुस्त र फराकिलो पार्नु जरूरी छ । भर्खरै एमालेबाट छुटी नयाँ जनवादी क्रान्तिको पक्षमा क्रियाशील हुनै दावीसाथ अघि बढेका सि.पी. मैनालीसँग यी पार्टीहरूको सहकार्य हुन संभव छ र त्यसनिम्ति पहल हुन राम्रो हुन्छ भन्ने हामीलाई लाग्छ ।

*❑ हरिगोविन्द लुइँटेल*



# चर्को गृहयुद्ध कि शान्ति वार्ता ?

श्याम श्रेष्ठ

## कांग्रेस र एमाले मिलेर संविधान संशोधन गर्न खोज्नुको सार्थकता के ?

### *देशको स्थिति*

नेपालको बाह्र बर्षको बहुदलीय-संसदीय राज्य-व्यवस्थाले यतिबेला अहिलेसम्मको सबैभन्दा गम्भीर आर्थिक, राजनीतिक र संवैधानिक संकट भोगिरहेको छ । नेपालमा संसदीय राज्यव्यवस्थाको दुःखान्त के भइदियो भने यसले एउटा पनि भरोसायोग्य, प्रगति र परिवर्तनको जन-आकांक्षा धान्न सक्ने नेतृत्व पाउन सकेन । अहिलेको संकट सारमा संसदीय राज्यव्यवस्थाको नेतृत्वको संकट हो । नेतृत्वप्रति जनताको यो चरम विश्वासको संकट हो । नेतृत्वको भ्याकूम अर्थात् नेतृत्व शून्यता नै अहिलेको गम्भीरतम् संकटको मुख्य कारण भइरहेछ ।

अर्थतन्त्र संकटग्रस्त भइरहेछ, किनकि नेपाली अर्थतन्त्रका खम्बाहरू एक एक गरी ढल्दैछन् । नेपालको अर्थतन्त्रको मुख्य खम्बा कृषिको उत्पादन बृद्धिदर जनसंख्या बृद्धिदरभन्दा पनि कम छ । गएको १० बर्षमा जनसंख्या बृद्धिदर सरदर २.४ प्रतिशत छ, जबकि कृषि उत्पादन बृद्धिदर २.२ प्रतिशतमात्र छ । निर्यातका खम्बाहरू, गलैंचा, गार्मेण्ट, पश्मीना, पर्यटन सबैमा ज्यादै चर्को गिरावट आएको छ । राष्ट्रको १३/१४ प्रतिशत विदेशी मुद्राको स्रोतको रूपमा रहेको पर्यटनमा संकटकाल र सेना परिचालन शुरू भएयता ९० प्रतिशतले ह्रास आएको छ । होटेल उद्योग ढल्नाले खराब कर्जाका कारणले तिनलाई ऋण दिने बैंकहरू धराशायी हुँदैछन् । त्यसमाथि थप, गृहयुद्धले गर्दा यही नै बेला उत्पादनशील विकास-निर्माणमा खर्च हुने रकममध्ये एक चौथाइ बजेट अर्थात् १० अर्ब रूपैयाँ अनुत्पादक रक्षा खर्चमा रकमान्तर गरिँदैछ ।

यी सबैको कुल योगबाट नेपाल तीव्र गतिले महामन्दीतर्फ धकेलिँदैछ । यो गति अरू ४-५ महिना यथावत् रह्यो भने देशमा त्यस्तो स्थिति सृजना हुने पक्का छ, जहाँ आफ्ना कर्मचारीहरूलाई तलब खुवाउन, निवृत्त बृद्धहरूलाई पेन्सन दिन र स्कूल, अस्पताल संचालन गर्नसमेत राज्यसित पैसा हुने छैन । नेपाली मुद्राको ज्यादै छिटो, ज्यादै ठूलो अवमूल्यन हुने दिन आउँदैछ, अर्जेन्टिनाको ज्रस्तै ! केवल विदेशमा काम गर्न गएका नेपालीहरूले पठाएको हुण्डीले धानेर राज्यको विदेशी मुद्रा भण्डार कति दिन टिक्छ ? ऋण तिर्नसमेत ऋणै लिनुपर्ने स्थितिमा नेपाल निकै छिटो पुग्दैछ ।

राजनीतिक संकट चाहिँ एकातिर विगत बाह्र बर्षमा संसदीय राज्यव्यवस्थाले बहुसंख्यक जनताको प्रगति र परिवर्तनको माग पूरा गर्न पूर्णतया विफल हुनाले पैदाभएको छ । अर्कोतिर, यो संकट यही विफलताको कारणले सिर्जना भएको माओवादी विद्रोहको कारणले तीव्र भएको छ । देशको आधाभन्दा ज्यादा जिल्लामा सरकारको शासन केवल सदरमुकाम र शहरी क्षेत्र वरपरमात्र सीमित छ । अन्यत्र, विशेषतः ग्रामीण क्षेत्रमा यतिबेला माओवादीको प्रभाव कायम छ ।

देशका बहुसंख्यक गाउँहरूमा यतिबेला कुनै प्रहरी चौकी छैनन् । देशमा यतिखेर स्पष्ट रूपमा द्वैध-सत्ताको स्थिति छ : एउटा सिंहदरवारको सत्ता, अर्को माओवादीको सत्ता । अझ प्रतिगामी शक्तिको समेत हिसाब गर्ने हो भने यसलाई त्रि-सत्ता भन्नु ज्यादा उपयुक्त होला । नेपालको यतिबेलाको अन्तरविरोध र विशिष्ट स्थिति के हो भने न सिंहदरवारको सत्ता माओवादी सत्तालाई पूर्णतया विस्थापित गर्न समर्थ छ, न माओवादीहरू सिंहदरवारको सत्ता हात पार्न नै समर्थ छन्, न प्रतिगामी शक्ति माथिका दुवैलाई विस्थापित गर्न समर्थ छ । तीनवटै शक्तिको सह-अस्तित्वको स्थिति नै नेपालको यतिबेलाको यथार्थ हो । नेपाल यतिबेला विदेशी हस्तक्षेप, प्रतिगमन र आमूल परिवर्तनको तीन दोबाटोमा खडा छ ।

नेपाली कांग्रेस यथास्थितिवादी शक्तिमा बदलिएपछि एमालेले आफूलाई कमभन्दा कम रेडिकल सुधारवादी वा सोसल डेमोक्रेटिक शक्तिको रूपमा मात्र पनि उभ्याउन सकेको भए र खोजेको भए नेपालमा संसदीय राज्यव्यवस्था यतिछिटो यति संकटग्रस्त स्थितिमा पुग्ने थिएन । कांग्रेसको विकल्पमा एमाले देखापर्थ्यो । माओवादी विद्रोहतिर यति धेरै जनआकर्षण हुने थिएन । परन्तु एमाले नेतृत्वले कम्युनिष्ट र वामपन्थीको भूमिका त टाढैको कुरा रह्यो, पूँजीवादी प्रतिपक्षको भूमिका समेत राम्ररी निर्वाह गरेको देखिएन । महाकाली सन्धिदेखि संकटकालको अनुमोदनसम्म एमाले नेतृत्वको भूमिका केवल राज्यसहायकको रह्यो, प्रतिपक्षको रहेन । कांग्रेस र एमाले नेतृत्वमा अन्तर केवल मात्राको देखियो, गुण र चरित्रको देखिएन । एमाले नेतृत्वको आचरण र व्यवहारबाट आम नेपालीलाई के महसूस हुने स्थिति रह्यो भने नेपालको संसदीय राज्यव्यवस्थामा राज्य छ, राज्य सहायक छ, प्रमुख प्रतिपक्ष छैन ।

अहिलेको गृहयुद्ध र संकटकालको अनुमोदनमा एमालेको भूमिका निर्णायक प्रकारको थियो । एमाले नेतृत्वले खोजेको भए संकटकाल नथपिन सक्थ्यो । गृहयुद्ध रोक्न उसले सरकारलाई निर्णायक दवाव दिन सक्थ्यो । संकटकालमात्र नथपिएको भए पनि सुरक्षा निकायबाट भएका ज्यादतीहरू पारदर्शी हुन्थे । निर्दोष, निहत्था सर्वसाधारण जनताको यति धेरै हत्या र दुर्दशा पारदर्शी स्थितिमा हुन गाह्रो हुन्थ्यो । एमालेलाई यतिबेला देशको संकटको मोचनकर्ता हुने, आशाको केन्द्र हुने ठूलो मौका थियो । कुनै पनि पूंजीवादी प्रतिपक्षले समेत यस्तो सुवर्ण अवसर यसरी सितिमिति गुमाउने गर्दैन ।

परन्तु एमालेले भने गुमायो । आफ्नो बहुसंख्यक कार्यकर्ताको विरोधका बावजूद मूलतः दुईवटा कारणले उसले यो मौका जानाजान गुमायो । एउटा, जसरी पनि सिंहदरवारको कुर्सीमा पुग्नुलाई उसले आफ्नो मुख्य उद्देश्य बनायो र यसको

**कसरी रोकिन सक्छ रक्तपात ?**

- डा. देवेन्द्रराज पाण्डे -

**माओवादीहरूलाई सरकारले बाटो दिनुपर्छ**

- खड्ग ओली -

**के संविधान संशोधनले निकास दिन सक्छ ?**

- नवराज सुवेदी -

**एमालेले किन 'संकटकाल'लाई अनुमोदन गऱ्यो ?**

- प्रकाश -

निम्ति जनताको शक्ति र समर्थनलाई होइन, विदेशी शक्ति, दरवार, सेना-प्रहरी-प्रशासनको शक्ति र समर्थनलाई उसले मुख्य आधार बनायो । दोस्रो, उसले माओवादीको राजनीतिको मूलधारमा प्रवेशलाई आफ्नो निम्ति सशक्त सौताको प्रवेशझैं ठान्यो र माओवादीको विनाश कांग्रेस सरकारले गरीदिएमा हाइसंचो हुने महसूस गऱ्यो । यिनै दुई कारणले एमाले नेतृत्वले संकटकाललाई अनुमोदन गर्ने महाभूल गऱ्यो ।

एमालेको निर्णायक भूमिकाको कारणले थप तीन महिनाका लागि संकटकाल जसरी थपियो, त्यस व्यवहारले रक्तपात र संकटकालको कारण उद्योग व्यवसाय डुबेका मध्यम वर्ग, निम्नपूँजीपति वर्ग र कलम र मुखमा भोटेताल्चा लाउन विवश भएका वौद्धिक समुदायको ठूलो तप्कामा ऊप्रति चर्को निराशा र वितृष्णा पैदा गरेको छ । एमालेको भोट बैंकमा यसले उल्लखेनीय नकारात्मक असर पार्ने संभावना टड्कारो छ ।

त्यसमाथि थप, देशमा संकटकाल लागेर बहस-छलफल नै प्रतिबन्धित भएको बेला संविधान संशोधनको प्रस्तावसित संकटकालको अनुमोदन सट्टापट्टा गरेर एमाले नेतृत्व यतिबेला चारैतिर आलोचनाको पात्र बनेको छ । संविधान संशोधन आफैंमा बिल्कुलै अनावश्यक र बेठीक कुरो होइन । परन्तु त्यसलाई संकटकाल अनुमोदनजस्तो जनताका बहुमूल्य प्रजातान्त्रिक हकहरू खोस्ने र उद्यम-व्यवसाय स्वाहा पार्ने जनघातक विषयसित सट्टापट्टा गर्ने वस्तु बनाउनु ठूलो भूल थियो ।

अहिलेको गम्भीर राजनीतिक संकटको समयमा कुन उद्देश्य हासिल गर्नका लागि के के कुरामा संविधान संशोधन गर्न जरूरी छ भन्ने कुराको टुंगो नगरी हचुवामा संविधान संशोधन गर्नुको कुनै तुक छैन । माओवादी विद्रोहले पैदा गरेको चरम राजनीतिक संकट समाधान गर्नको निमित्त नै संविधान संशोधन गरिन लागेको हो भनै एमालेद्वारा प्रस्तावित संविधान संशोधनको प्रस्तावमा त्यो उद्देश्य पूरा गर्ने विषय र आशय हुनुपऱ्यो । र, त्यसमा माओवादीको सहमति र सहभागितासमेत हुनुपऱ्यो । अनि न संकट हल हुन्छ । परन्तु, एमालेको ७ बुँदे संविधान संशोधन प्रस्तावमा त्यस्तो आशय, विषय र उद्देश्य केही भेटिँदैन, न त यसमा माओवादीको सहमति र सहभागिता नै हुन संभव देखिन्छ । यो स्थितिमा कांग्रेस र एमाले मिलेर संविधान संशोधन गर्न खोज्नुको सार्थकता के ?

एमालेको अहिलेको संविधान संशोधनको प्रस्तावले एउटा ज्यादै हानिकारक सन्देश जनतामा संप्रेषित भएको छ, त्यो के हो भने- देश प्रजातान्त्रिक

**संकटकाल थप्नेमा कांग्रेसी सरकार, एमाले र माओवादीको सहमतिले के कस्ता संकेतहरू दिइरहेको छ ?**

हक र जनताको ठूलो नोक्सानीमा समेत कांग्रेस पनि सत्ताका लागि जे पनि गर्ने, एमाले पनि सत्ताको लागि जे पनि गर्ने, यी दुईबीच तात्विक अन्तर नै के रह्यो र ? बुँदा सातवटा भएपनि गुदीमा आखिर सत्तास्वार्थकै निम्ति चुनावी अन्तरिम सरकार गठन गर्ने मुख्य उद्देश्यले मात्र एमालेको संशोधन प्रस्ताव आएको हो । आफूलाई देशको सबैभन्दा ठूलो वामपन्थी पार्टी दावी गर्ने दलको देशको प्रमुख प्रतिपक्षको छवि जनतामा यस्तो बन्नु ज्यादै नोक्सानदायी कुरा हो ।

यसबाट गंभीर संवैधानिक संकट देशमा सृजना भएको छ । नेपाली संसदको दुई तिहाई शक्तिका रूपमा रहेका कांग्रेस र एमाले संविधान संशोधनको बाटोबाट देशमा राजनीतिक-संवैधानिक यथास्थिति थाम्नमात्र खोजिरहेछन् । देशको आधाभन्दा ज्यादा भागमा विशेषतः ग्रामीण क्षेत्रमा, कांग्रेस र एमालेको सत्ता र प्रतिपक्षीयतालाई रिक्त पारिसकेका माओवादीले राजनीतिक-संवैधानिक यथास्थिति पटक्कै नस्वीकार्दै त्यसमा आमूल हेरफेर ल्याउने प्रयत्न गर्दैछन् । अनि नयाँ बहुदलीय संसदीय व्यवस्थामा आफ्नो प्रगति र परिवर्तनको दिन आउला भनेर पर्खंदा पर्खंदा थाकिसकेका बहुसंख्यक आम जनतामा संसदीय राज्यव्यवस्थाका अगुवाहरूप्रति कुनै आशा र भरोसा नै बाँकी नरहेको स्थिति छ । परन्तु उग्र कारवाही गर्ने, जनमतको ख्याल नराख्ने र अमानवीय हुने कारणले माओवादीप्रति पनि उनीहरूको पूरै विश्वास र भरोसा जाग्न सकेको छैन । उता केन्द्रीय राज्यसत्ताले न माओवादी सत्तालाई विस्थापित गर्न सक्ने, न माओवादीले केन्द्रीय राज्यसत्तालाई हासिल गर्न सक्ने स्थिति छ । यस्तो अनौठो राजनीतिक, संवैधानिक अन्तरविरोध देशमा यतिबेला सृजना भएको छ ।

## *विभिन्न पक्षहरूको रबैया*

देश चरम आर्थिक, राजनीतिक, संवैधानिक संकटले गर्दा दुर्दशाग्रस्त भएको र नेतृत्व शून्यताको स्थिति सृजना भएको अहिलेको परिस्थितिमा शून्य स्थानमा आफूलाई स्थापित गर्न विभिन्न राजनीतिक शक्ति र शक्तिकेन्द्रहरूबीच अहिले जोडतोड चलिरहेछ ।

नेपाली कांग्रेसको देउवा सरकार यतिबेला आफ्नो पार्टी र जनताको समर्थनभन्दा ज्यादा पश्चिमेली विदेशी शक्ति, प्रतिपक्ष र दरवारको कृपामा आफूलाई सत्तामा टिकाउन प्रयत्नशील देखिन्छ । ऊ आमूल आर्थिक-राजनीतिक सुधारका आधारमा होइन, वार्ता र शान्तिपूर्ण उपायद्वारा पनि होइन, विदेशी सहायता र सैन्य बलका आधारमा अहिलेको चरम संकट सुल्झाउने ध्याउन्नमा देखिन्छ । कांग्रेसकै संस्थापन पक्ष देउवा सरकारलाई येनकेन प्रकारेण धराशायी बनाउने, भारतीय शासक वर्गबाट असहयोग गराउने, कुनै पनि लोकप्रिय सुधार कार्य गर्न नदिने र सत्ताको रिक्त स्थानमा आफूले कब्जा जमाउने प्रयत्नमा देखिन्छ ।

*माओवादीद्वारा ध्वस्त पारिएको अछामको साँफेबगरस्थित प्रहरी कार्यालय*





# कसरी रोकिन सक्छ रक्तपात ?

डा. देवेन्द्रराज पाण्डे

२०४६ सालको आन्दोलनपछि हामीले बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको आधारमा नेपालमा एउटा समतामूलक समाज र कानूनी राज्यको निर्माण गर्न खोज्यौं । यसैक्रममा हामीले आर्थिक–सामाजिक विकासको प्रक्रियाद्वारा समाजका सबै तप्का, सबै क्षेत्र तथा सबै तहका जनतालाई लाभान्वित गर्ने राष्ट्र निर्माणको सिलसिलाले बल पाउँछ भनी ठानेका थियौं । शान्तिप्रिय नेपाल विकासको पनि एउटा नमुना बन्न सक्ला भन्ने म जस्ताको धोको थियो ।

तर प्रजातन्त्रको पुनर्स्थापना भएको १२ वर्ष पुगिसक्दा पनि नेपालमा आर्थिक विकासले आवश्यक गति लिन सकेन, सामाजिक सुधारका प्रयासहरु व्यापक हुन सकेन र प्रजातान्त्रिक अभ्यास पनि बहुसंख्यक जनताको लागि सार्थक हुन सकेन । देशमा बढिरहेको भ्रष्टाचार, घूसखोरी, जनसंख्या, बिग्रँदो वातावरण, गरीबी र बेरोजगारीले गर्दा देशको सामाजिक तथा आर्थिक अवस्था झन् तहस–नहस हुन थालेको छ । बहुसंख्यक बेरोजगार युवाहरु विदेशमा नोकरी खोज्ने या माओवादी हुने अवस्थामा पुगे । यसरी देशमा बढ्दै गएको अव्यवस्थाले हामीजस्ता सुख शयलमा बस्ने र एक पेट खान पुग्ने प्रजातन्त्रवादीहरुसमेत आहत भएका छौं । अझ विभिन्न प्रकारका भेदभाव, अन्याय–अत्याचार तथा आर्थिक समस्या झेल्दै आएका साधारण जनता कति आहत भएका होलान् ?. माओवादी समस्यालाई सर्वप्रथम यस पृष्ठभूमिमा बुझ्नुपर्छ ।

त्यसमाथि बढ्दो हिंसा र रक्तपातले देशमा ठूलो संकट उत्पन्न गराएको छ । अरु त पाइएन पाइएन, मानिसको बाँच्न पाउने अधिकार पनि हराएजस्तो छ । देशको अवस्थाप्रति आक्रोश जनाउने कुरा एउटा हो, बुद्धि–विवेक प्रयोग गर्नु पर्ने कुरा अर्कै हो । आजको युगमा पनि माओवादीहरु जनयुद्धबाट जनवादी गणतन्त्र ल्याउने कुरामा अडिग भइरहेका छन् । उनीहरु आफ्नो विचारलाई आफ्नो शास्त्रसम्मत र अपरिवर्तनीय ठान्छन् । त्यसो हो भने सबैलाई मान्य हुने किसिमबाट कुरा कहाँबाट शुरु गर्ने र कहाँ अन्त्य गर्ने ?

उता सरकार माओवादीहरुले राखेको राजनैतिक चरित्रको कुनै पनि मागमा विचार गर्ने ठाँउसम्म दिन तयार छैन । ठाउँ दिदो हो त अघिल्लो वार्ता त्यसरी भंग हुँदैनथ्यो होला । माओवादी दबाउने नाममा सरकारले संकटकाल लागु गरेर अब सैनिक परिचालन गरेको छ । ३ महिनाको संकटकालले नपुगेर अर्को ३ महिना संकटकाल थप गरिएको छ । र, मलाई लाग्छ– शायद सरकारलाई पनि थाहा छ, यो बाटोबाट यो समस्या समाधान होलाजस्तो छैन ।

सैनिक परिचालन भएपछि पनि माओवादीहरुको शक्तिमा कुनै कमी आएको देखिँदैन । उनीहरुका गतिविधिहरु यथावत् कायमै छ । अझ केही हप्तायता बालक, शिक्षक तथा अन्य साधारण जनताहरु अनाहकमा मारिइरहेका छन् । हत्याको चरित्र पनि झन् झन् क्रूर हुँदैछ । उता सरकारले पनि माओवादीहरुलाई दबाउने नाममा माओवादीहरुबाट समेत पीडित गाँउ–गाउँमा सर्वसाधारण जनताहरुलाई पक्रने र मार्ने काम पनि गरिरहेको छ । उनीहरुले जति धेरै मान्छे मार्न सक्यो, त्यति नै ठूलो प्रगति भएको भन्ने ठानिरहेको जस्तो छ । यसरी देशमा भएको रक्तपात तथा हिंसाले अर्थतन्त्रमा समेत नराम्रो असर परिरहेछ । राष्ट्रिय सम्पत्ति क्षय हुने, आम्दानी घट्ने, उद्योग व्यवसाय धमाधम बन्द हुने, गरीबीको समस्या बढ्ने क्रमसँगै देशको आर्थिक स्थिति धराशायी हुँदैछ ।

के यो रक्तपातपूर्ण संघर्ष र व्यक्तिहत्या अन्त गरी देशलाई ठीक ठाउँमा ल्याउन र देशको विकास प्रक्रिया अघि बढाउन सकिँदैन त ? ठीक छ, माओवादीहरुको आफ्नै सिद्धान्त छ, दृष्टिकोण छ । १२ वर्ष देखि आफूलाई प्रजातन्त्रवादी, प्रगतिशील भन्ने शक्ति, व्यक्तिहरुको आचरण र अभ्यासले पनि मार्क्सवादी, लेनिनवादी, माओवादी शास्त्रीय सोचलाई नै बल पुऱ्याएको होला । वर्ग–संघर्षकै माध्यमबाट गणतन्त्र ल्याउने उनीहरुको सिद्धान्त छ । तर अहिले भइरहेको कस्तो वर्ग–संघर्ष हो, जुन संघर्षमा प्रहरी, किसान, शिक्षक, सर्वसाधारण जनताहरु अत्यधिक संख्यामा मारिएका छन् ?

मानौं, एकछिनलाई विचार गरौं, मार्क्सवादी सिद्धान्तअनुसार वर्ग–संघर्षकै माध्यमबाट केही उपाय पनि निस्कन्छ होला । र, माओवादीहरुले चाहेको जस्तो सरकार पनि आउँछ होला । तर त्यतिबेला उनीहरुले शासन चैं कसरी चलाउँछन् ? कस्तो विधि र कुन पद्धतिबाट शासन चलाउने हो, जसले जनतालाई राहत दिन्छ र आत्मसम्मान पनि ? हामीले व्यक्तिगत स्वतन्त्रता, राजनीतिक अधिकार उपभोग गर्न पाउँछौं कि पाउँदैनौं ? पाउँछौं भने त्यो कस्तो कम्युनिष्ट गणतन्त्र हो ? अनि नेपाल छुट्टै "टापु" भएर बस्ने हो कि अरु देशहरुसँग पनि क्रिया अन्तर्क्रिया गर्ने हो ? गर्ने हो भने कुन विश्वव्यापी मान्यताका आधारमा नेपालले अन्तर्राष्ट्रिय सम्बन्धहरु स्थापित गर्ने हो ? यी प्रश्नहरु बारे विचार गर्नु परेन र ?

यो १२ वर्षमा हामीले धेरै कुराहरु अनुभव गरिसक्यौं । मुलुक यही हो, हामी यही हौं । ठूला ठूला संघर्षहरु गरेर आएका नेताहरुको चरित्र यही हो । यस स्थितिमा के नेपाल विश्वको एउटा स्वतन्त्र भाग भएर रहन सक्ला ? मुलुकमा बढिरहेको यो संकट बीच नेपालमाथि विदेशीको चाख झन् बढ्न थालेको छ । त्यसै पनि हामीलाई दुई देशबीच आफ्नो अस्मिता जोगाएर बाँच्न गाह्रो परिरहेको छ । भारतले नेपालमा आधारभूत स्वार्थ देखिरहेको छ । चीनको पनि केही स्वार्थ होला नै । अहिले अमेरिका आफूलाई विश्वको एउटा मात्र शक्तिशाली र जे गरे पनि सक्ने राष्ट्र ठान्छ । विश्वको कुनै पनि 'मुलुकमा आतंकवाद खत्तम गर्ने' नाममा हस्तक्षेप गर्न ऊ तयार भएर बसेको छ । आतंकवाद खत्तम गरेर देशमा शान्ति स्थापना गरिदेओस् भन्ने चाहना राख्ने वर्ग वा समूहहरु पनि नेपालमा धेरै छन् । यस्तो स्थितिमा विदेशी हस्तक्षेपको संभावना प्रष्ट रुपले बढेको मैले देखेको छु । यदि विदेशी हस्तक्षेप भयो भने आजको नेपालमा ठूला ठूला सम्पत्तिवालहरु, उद्योगपति, व्यापारीहरुले 'संपत्ति त जोगियो' भनेर त्यसको स्वागत गर्ने स्थिति छ । यस अवस्थामा प्रश्न उठ्छ, यदि राष्ट्र नै रहेन वा नेपालीको अस्मिता नै रहेन भने कहाँ गएर गणतन्त्रको स्थापना गर्ने ? गणतन्त्र भित्रका गण चैं विदेशीको कमारा हुनु पऱ्यो भने के गर्ने ?

यो स्थितिमा माओवादीहरुले ठूलो विचार पुऱ्याउनु पर्ने भएको छ । ठीक छ, मैले अघि पनि भनें, उनीहरुको आफ्नै शास्त्र छ, सिद्धान्त छ र आफ्नै तर्क छ । त्यसकै आधारमा उनीहरुले राजनीति गरिरहेका होलान्, जुन म धेरै बुझ्दा पनि बुझ्दिन । तर यति चैं बुझ्दछु कि उनीहरु अल कायदा वा तालिबान होइनन् । उनीहरुलाई यही मुलुकमा बस्नु छ र हामीले पनि उनीहरुलाई राष्ट्रिय मुलधारमा समावेश भएको हेर्नु छ । गाह्रो के पऱ्यो भने उनीहरुले देशलाई आजको युगमा व्यवहारिक रुपमा कसरी चलाउने र विश्व समुदाय बीच कसरी स्थापित गर्ने भन्ने कुरा विचार गरिरहेका



**यदि राष्ट्र नै रहेन वा नेपालीको अस्मिता नै रहेन भने कहाँ गएर गणतन्त्रको स्थापना गर्ने ? गणतन्त्र भित्रका गण चैं विदेशीको कमारा हुनु पऱ्यो भने के गर्ने ?**

छैनन् । मलाई लाग्छ, उनीहरुले हिंसा र युद्ध गर्दागर्दै त्यो कुराको विचार गर्नसमेत पाएका छैनन् । त्यसैले वार्तामा आएर त्यतातिर विचार गर्न थाल्नु पर्‍यो ।

अहिले देशलाई बचाउने हो, सुव्यवस्था ल्याउने हो र जनकल्याण तर्फ ध्यान दिने हो भने देशमा भइरहेको रक्तपात तुरुन्त रोकेर माओवादी र सरकार दुवैथरी शान्तिवार्तामा आउनुपर्‍यो । त्यो शान्तिवार्ता पक्ष-विपक्षबीच मोलमोलाइ गर्ने खालको राजनीतिक वार्ता मात्र हुनु हुँदैन । यो वार्ता माओवादीको परिकल्पनाको 'गणतन्त्र' को गणलाई केन्द्रविन्दु बनाएर हुनुपर्छ । यस्तो वार्तामा विवेकको प्रयोग बढी हुनुपर्छ । यसलाई अंग्रेजीमा Let us reason together भन्छन्, हो, ठीक त्यसै गरेर । यो वार्ता माओवादी, राज्य, प्रतिपक्ष र नागरिक समाजका प्रतिनिधिहरु सहितको हुनसक्छ । र, सर्वप्रथम वार्ता देशको आर्थिक, राजनैतिक, सामाजिक, सांस्कृतिक समस्यालाई हेरेर त्यसलाई सुल्फाउनेमात्र होइन, भविष्यको प्रक्षेपणमा पनि आधारित हुनुपर्छ । वार्ता भनेको राजनैतिक प्रतिनिधि भएर मात्र होइन, दाजुभाइ-दिदीबहिनी भएर गर्नुपर्छ । नागरिक समाजले पनि अब सहजकर्ता मात्र भएर पुग्दैन । सहजकर्ता त कुनै स्वार्थ नभएको शक्ति र व्यक्तिमात्र हुनसक्छ । देशको शान्ति सुव्यवस्थामा हामी नागरिकको ठूलो स्वार्थ अर्थात् Stake छ । त्यसैले नागरिक समाजले पनि एउटा दृष्टिकोण बनाएर वार्तामा संलग्न हुनु पर्छ ।

देशलाई बचाउने र सुव्यवस्था ल्याउने कुरा देशका नेता र जनताको नैतिक धरातलमा पनि भरपर्छ । आफूले बोलेका कुरामा आफू जिम्मेवार हुनु परेन भने जसले जे गरे पनि हुने हुन्छ । नेपालमा यही कुरा भइरहेको छ । यदि यस्तै भइरहने हो भने संविधान सभा गठन भएर नयाँ संविधान बन्यो र देशमा गणतन्त्र आयो नै भने पनि देश उँभो लाग्न सक्तैन । त्यसैले सर्वप्रथम यहाँ आर्थिक-सामाजिक संरचनामा ठोस परिवर्तन ल्याउन चाहिने आधारभूत पक्षहरु बारे गम्भीर भएर विचार गर्नुपर्छ । परिवर्तन गर्ने उपाय हिंसा होइन, विवेक र संहिष्णुतायुक्त राजनैतिक प्रक्रिया हो । तर यसो भन्दैमा संविधान सभाको कुरा गर्नु हुँदैन वा संविधान संशोधन गर्नु हुँदैन भन्न खोजेको होइन । भन्न खोजेको कुरा यति मात्र हो कि, अहिले उठिरहेको संविधान संशोधन वा संविधान सभाको गठन भन्ने कुरामा हरेक राजनीतिज्ञ तथा नागरिकहरुको बीचमा बहस र छलफल हुनुपर्छ । यो काम दिनदिनै हुनुपर्छ । यस प्रक्रियामा माओवादीहरु पनि सम्मिलित भएमा त्यसबाट केही उपाय निक्लन सक्छ । तर वार्ताका लागि यस्तै संविधान चाहिन्छ भनेर शर्त बनाउने कुरा भने मिल्दैन ।

अर्कोतिर अहिले सरकार र माओवादीहरुबीच वार्ता सजिलै कसरी होला जस्तो लाग्ने कारणहरु पनि छन् । किनभने सरकार माओवादीलाई 'हतियार छाडेर आऊ' भन्छ । माओवादीहरु त्यो मान्दैनन् । संसारको इतिहासमा हतियार छोडेर कोही पनि वार्तामा आएको छैन । अहिले पनि श्रीलंकामा लिट्टे र सरकारबीच वार्ता भइरहेको छ । उनीहरु पनि हतियार छाडेर त वार्तामा गएका छैनन् । त्यसैले वार्ताका लागि माओवादीले हतियार छाड्नु पर्छ भन्ने कुरा मिल्दैन होला । तर वार्ताका निम्ति दुवैले युद्धविराम भने गर्नै पर्छ, मान्छे मार्ने काम तुरुन्त रोक्नुपर्छ र युद्धविरामलाई शक्ति संचयको माध्यम बनाउनु हुँदैन । यही क्रममा सबै पक्षहरुका बीच पहिले अनौपचारिक किसिमको विचार विमर्श, छलफल र वार्ता हुन सक्छ । यही विन्दुबाट वार्ता अघि बढ्ने र शान्ति कायम हुने स्थिति बन्छ कि भन्ने आशा गर्नु पर्छ ।

मुख्य कुरा, माओवादीहरुलाई राजनैतिक मूलधारमा ल्याउने हो र त्यसका लागि माओवादीले हिंसा छोड्नु पर्छ भने अरु राजनैतिक शक्तिहरुले पनि आफू सुध्रन र माओवादीको निम्ति राजनैतिक ठाउँ दिन तयार हुनुपर्छ । गणतन्त्र माग्नेसँग राजा त सशंकित हुने नै भए । संवैधानिक राजतन्त्र मान्ने भन्ने नेपाली कांग्रेसलाई पनि गाह्रो होला । तर मलाई लाग्छ कताकता नेकपा (एमाले) पनि माओवादीहरु राजनैतिक मूलधारमा समाहित भएमा आफ्नो राजनीतिक वर्चस्वमा आघात पर्ने देख्छ कि ? यसरी त कसरी संकटको समाधान हुन्छ र ? ❑

एमालेसित जनव्यापी संगठन छ, संगठन गर्ने शिल्प पनि छ, प्रमुख प्रतिपक्षको हैसियत पनि छ, परन्तु उसको सत्तान्धताको कारणले आफ्नो घोषित आदर्शप्रति निष्ठा र समग्र वामशक्तिको एकताप्रति र जनताको संघर्ष, शक्ति र समर्थनप्रति विश्वास र भरोसा बाँकी रहेको देखिन्न । त्यसैले जसरी पनि राज्यव्यवस्थाको लगाममा आफ्नो कब्जा संभव पार्न ऊ विदेशी शक्तिकेन्द्रहरू र दरवारको, सेना-प्रहरी र प्रशासनको विश्वास जित्ने अभियानमा लागेको छ । ऊ शान्तिपूर्ण वार्ताद्वारा होइन, एकातिर आर्थिक-राजनीतिक सुधारद्वारा, अर्कोतिर नेपाली कांग्रेसको राज्यको हातबाट सैन्य दमनद्वारा माओवादी सिद्धिउन् भन्ने प्रयत्नमा जुटेको छ । हालैको सेना परिचालन र संकटकालको अनुमोदन त्यही प्रयत्नको एउटा महत्वपूर्ण कडी थियो ।

दरवारसित सैन्यशक्ति छ, प्रहरी प्रशासनमा पुरानो पकड पनि बाँकी छ, परन्तु लोकप्रियता र अन्तर्राष्ट्रिय समर्थन छैन । तसर्थ, दरवार यतिबेला हरतरहले लोकप्रिय हुने, आफ्नो तर्फबाट जनताको तत्कालिक सरोकार रहेका पीर मर्काका विषयहरू उठाउने र अन्तर्राष्ट्रिय समर्थन हासिल गर्ने प्रयत्नमा जुटेको छ । हालैको फागुन ७ को वक्तव्य त्यही प्रयत्नको ज्वलन्त उदाहरण हो । दरवार यतिखेर देउवा सरकार र एमालेमात्र होइन, अन्तर्राष्ट्रिय शक्तिकेन्द्रहरूसित पनि संवाद र सुसम्बन्ध कायम गर्ने प्रयत्नमा देखिन्छ र माओवादीसित पनि । लोकप्रिय शक्ति हासिल गर्ने एउटा डिजाइनअन्तर्गत ऊ यतिखेर अत्यन्त क्रियाशील भइरहेको देखिन्छ । ऊ यथास्थितिमा माओवादीविरुद्ध सेना परिचालनको पक्षमा पनि देखिन्छ, माओवादीलाई गणतन्त्रको माग छोडाउन सके वार्ताको र शान्तिपूर्ण उपायको पक्षमा पनि ।

*एमालेसित जनव्यापी संगठन छ, संगठन गर्ने शिल्प पनि छ, प्रमुख प्रतिपक्षको हैसियत पनि छ, परन्तु ...*

माओवादीसित बलवान, समर्पित र लडाकू सैन्यशक्ति छ, देशब्यापी संगठनको जालो पनि छ, प्रहरी-प्रशासन शून्य भएका देशका आधाभन्दा ज्यादा ग्रामीण क्षेत्रमा आफ्नो सत्ता पनि छ । परन्तु यतिखेर ऊसित अन्तर्राष्ट्रिय र राष्ट्रिय जनमत आफ्नो पक्षमा छैन । गएको साउन महिनासम्म उसको पक्षमा देशब्यापी रूपमा प्रचण्ड जनलहर आइरहेको स्थिति थियो, परन्तु जनता र जनमतको ख्यालै नराख्ने उसको सैन्यवादी चिन्तन र व्यवहार, मित्रशक्तिप्रति समेत शत्रुतापूर्ण अन्तरविरोध संचालन गर्ने उसको प्रवृत्ति, नृशंस, अत्यन्त क्रूर र भौतिक कारवाही गर्ने उसको गतिविधि, केन्द्रले एउटा प्रतिज्ञा गर्ने, तलले बारबार त्यसको ठीक उल्टो व्यवहार गर्ने स्थिति, शान्ति वार्तालाई हठात् तोडेर गरिएको दाङको फौजी आक्रमणका कारणले गर्दा हिजो पक्षमा आइसकेको व्यापक जनमत अहिले उसको विपक्षमा गएको छ । ऊप्रति आशावादी भइसकेको शहरिया मध्यमवर्ग, निम्नपूंजीपति वर्ग र श्रमिकवर्गमा समेत चितवनको भण्डारा काण्डजस्तो एक पछि अर्को उसको क्रूर र ज्यादै अमानवीय कारवाहीले गर्दा अहिले ऊप्रति ठूलो शंका र निराशा छाउन थालेको छ ।



फोटो साभार : मानिक पंडित

*अब निर्दोष बच्चाहरू पनि सुरक्षित रहेनन् : माओवादीद्वारा रामेछाप मालपोत कार्यालयमा राखिएको बम अन्जानमा खेलाउँदा पड्कन गई घाइते बनेकी १२ वर्षीया बालिका सुन्तली श्रेष्ठ*



# ठीक दिशामा फर्कन माओवादीहरूलाई सरकारले बाटो दिनुपर्छ

**खड्ग ओली, स्थायी समिति सदस्य, नेकपा (एमाले)**

● **देशमा अहिले चलिरहेको हत्या, हिंसाको श्रृंखलाको अन्त्य कसरी हुनसक्छ ?**

- यो हत्या हिंसाको श्रृंखला धेरै दुःखद् र अनुचित छ । यसर्थ यो अनुचित, असामयिक र अनावश्यक श्रृंखलाको अविलम्ब अन्त्य हुनुपर्छ ।

अहिले माओवादीहरूले बर्बरताको सीमा नाघिरहेका छन् । त्यसैले सर्वप्रथम माओवादीहरूले यो हिंसात्मक बाटोलाई त्याग्नुपर्छ । यो नेकपा (एमाले)ले चाहेको अन्त्य हो ।

अर्को कुरा, माओवादीहरूले हिंसाको बाटो त्यागेपछि सरकारले उनीहरूलाई सुरक्षित बाटो दिनु पर्छ । यसबीच माओवादीहरूले थुप्रै गल्ती गरेका छन् । उनीहरूका गल्तीहरू अपराधको स्तरमा छन् । तर पनि उनीहरूले हिंसात्मक बाटो छोडेपछि ती कुराहरू उठाइनु हुन्न । उनीहरूप्रति राज्य उदार हुनुपर्छ । ठीक दिशामा फर्कन उनीहरूलाई सरकारले बाटो दिनुपर्छ । अन्यथा सशस्त्र गतिविधि गर्न नसक्नेगरी माओवादीहरू परास्त भइसकेपछि एउटा नयाँ स्थिति त बन्ला तर त्यतिबेलासम्म देशले भयानक हिंसात्मक श्रृंखला पार गरिसकेको हुन्छ, जसले राष्ट्रलाई हरेक हिसावले धेरै नै कमजोर बनाइसकेको हुन्छ । त्यसैले त्यो बाटो राज्यले रोज्नु हुन्न ।

● **रक्तपात राज्यको तर्फबाट पनि त त्यस्तै प्रकारले भइरहेको आरोप छ नि ?**

- राज्यले पौने ६ वर्षसम्म माओवादीहरूको गतिविधिको सन्दर्भमा निर्णायिक तवरले कुनै कारवाही गरेन । उसले माओवादीहरूलाई वार्ताको टेबुलमा ल्याएर पनि समस्याको समाधान गर्न खोज्यो । माओवादीहरूले त्यत्रा त्यत्रा घटनाहरू घटाई सकेपछि पनि सरकारले सहिष्णुता देखायो । माओवादीहरूको जस्तो आक्रमकता सरकारको देखिंदैन । त्यसकारण राज्यले पनि त्यही किसिमको रक्तपात गर्‍यो भन्नु ठीक हुँदैन ।

● **वार्तामा माओवादीहरूले राखेको संविधान सभाको प्रश्नमा सरकार निकै नकारात्मक रूपमा प्रस्तुत भएको भन्ने उनीहरूको आरोप छ नि ?**

- माओवादीले उठाएको संविधान सभाको प्रश्न र वार्ताको प्रसंग एउटा हो भने नेकपा (एमाले)ले उठाएको संविधान संशोधनको प्रसंग अर्कै हो ।

संविधान सभाको माग अनुचित, नाजायज र धेरै नै हानिकारक माग हो । वार्तालाई माओवादीले नितान्त एउटा कुटनीतिक चालको रूपमा मात्र लिएको रहेछ भन्ने कुरो बुझियो ।

उनीहरूले संविधान सभाको माग गरे, सरकारले त्यसलाई स्वीकार गरेन । स्वीकार नगरिनुमा सरकारले आफ्नो कारण दियो । तर त्यसको प्रतिउत्तरमा उनीहरूले आफ्ना कारणहरू दिएनन् । अनि संविधान सभाको कुरा सरकारले सुनेन भन्न पाइन्छ ?

● **माओवादी जनयुद्धलाई उनीहरू समाधान भन्छन्, तपाईंलाई कस्तो लाग्छ ?**

- यदि माओवादी *जनयुद्ध* एउटा आन्दोलन हो भनेर मान्ने हो भने त्यो समस्याको रूपमा रहेको हुँदैन । माओवादी *जनयुद्ध* एक समस्या हो । र, आन्दोलनले समाधान दिन्छ, समस्याले फेरि अर्को समस्या निकाल्दछ, समाधान निकाल्दैन । माओवादीहरूको जनयुद्ध तथाकथित आन्दोलन हो । त्यसकारण त्यसले समाधान दिन सक्दैन ।

एउटा अन्यौलग्रस्त राजनीतिक असन्तुष्टिलाई उनीहरूले बलजफ्ती अगाडि बढाएका छन् ।

● **अहिलेको संकटको निकास के हो त ?**

- अहिलेको निकास के हो भने नेपालमा विद्यमान वर्ग संरचनाअनुसार जुन जुन सामाजिक अन्तर्विरोधहरू रहेका छन्, तिनीहरूलाई अगाडि बढाउनु पर्‍यो । माओवादीहरूले नेपाली समाजमा रहेका विभिन्न अन्तर्विरोधहरू जस्तो कि जातीय, क्षेत्रीय, भाषिक, वर्गीय अन्तर्विरोध आदिलाई उपयोग मात्र गरेका छन्, प्रतिनिधित्व गरेका छैनन् । उपयोग गर्नु र प्रतिनिधित्व गर्नु एउटै कुरा होइनन्, अलग अलग कुराहरू हुन् । त्यसैले अहिले साँच्ची नै सम्पूर्ण जनताको प्रतिनिधित्व गरी देशलाई अगाडि बढाउनु छ ।

यसको अर्थ अग्रगामी सुधार हुनु पर्‍यो । त्यसले मात्र समाजलाई अगाडि बढाउँछ । अहिले देशमा कुनै क्रान्ति हुन सक्दैन । अहिलेको वातावरण क्रान्तिको नभई सुधारको हो । त्यसकारण माओवादीले क्रान्ति गर्छु भने पनि क्रान्ति चाहिँ हुँदैन ।

● **संविधानमा संशोधन गरेपछि समस्या सुल्झिन्छ त ?**

- नेकपा (एमाले)को अभिष्ट संविधान संशोधन होइन । अग्रगामी सुधारका लागि उसले संविधान संशोधन चाहेको छ । देशको अहिलेको स्थिति ठीक छैन, यो स्थितिलाई सुधार गर्नका लागि नै संविधानको संशोधन आवश्यक भएको हो । ठूला सुधार आवश्यक भएकोले नै संविधान संशोधनको जरूरी भयो ।

● **संकटकालले माओवादी गतिविधिलाई कम गर्न सकेको देखिंदैन, यसबाट माओवादीहरूभन्दा अन्य विपक्षी राजनीतिक कार्यकर्ता तथा सर्वसाधारण जनताहरू प्रभावित भएको देखिन्छ । तैपनि एमालेले अनुमोदन किन गर्‍यो ?**

- संकटकाल सहज र स्वभाविक स्थिति होइन । तर देशमा उत्पात मच्चिराख्दा त नयाँ नयाँ कदमहरू चालिनु पर्ने हुन्छ नि ! संकटकाल खुशीको कुरा होइन, तर यो संवैधानिक अभ्यास त हो नि !

एमालेले संकटकाल अनुमोदन नगर्दा के माओवादीले गतिविधि छोड्छ ? छोड्दैन । त्यस्तो स्थितिमा एमालेले संकटकाललाई अनुमोदन गरेर के गल्ती गर्‍यो र ? तर एमालेले खुशीले जनताका मौलिक हक-अधिकारहरू निलम्बन गर्न सहमत भएको होइन । □

**संकटकाल खुशीको कुरा होइन, तर यो संवैधानिक अभ्यास त हो नि!**

तर माओवादी नेतृत्वमा भने यतिबेला विजय-उन्मादमा देखिन्छ, विशेषतः दाङ र अछाम कारवाहीको सफलतापछि, तिनका उपलब्धिमा आधारित भएर । आफ्नो सैन्यशक्तिको उत्कृष्टता र फौजी क्षमतामाथि उसमा वास्तविकताभन्दा ज्यादै धेरै आत्मविश्वास पल्हाइरहेको प्रतीत हुन्छ, जुन उसैका लागि धेरै घातक र नोक्सानदायी समेत छ । व्यापक जनसरोकारका लोकप्रिय काम र कारवाहीद्वारा विपक्षमा गएको जनमतलाई अनुकूलतामा बदल्ने र व्यापक जनसमर्थन हासिल गर्ने कुरामा यतिबेला उसको प्राथमिकता, ध्यान र चाख थोरै पनि गएको देखिन्न । राष्ट्रिय-अन्तर्राष्ट्रिय जनमत र प्रेसजगत जत्तिसुकै विपक्षमा भए पनि र गए पनि केवल सैन्यशक्तिका भरमा सैनिक एजेण्डामा आधारित भएर उच्च र झन् झन् दुस्साहसपूर्ण फौजी कारवाही गर्ने र यसैबाट चाँडै निर्णायक विजय हासिल गर्ने सपना उसले देखिरहेको देखिन्छ । यस्तो सैन्यवादी प्रवृत्ति र त्यसमा आधारित ढुक्कपन कुनै पनि हालतमा क्रान्तिकारी प्रवृत्ति होइन ।

सेनाले आफूलाई जित्नै सक्दैन, अमेरिकी सैन्यशक्ति भारतलाई नाघेर नेपालमा आउँदै आउँदैन र भारतीय सेना चाँडै नेपाल पस्न गाह्रो छ- यिनै बालसुलभ सतही विश्लेषणमा आधारित भएर माओवादीले आफ्नो शिघ्र विजयको रंगीन सपना बुनिरहेको प्रतीत हुन्छ । माओवादी नेतृत्वमा उपयोगितावादी प्रवृत्ति चर्को मात्रामा हावी देखिन्छ । शिघ्र विजयको अन्धतापूर्ण धुनमा भारतीय शासकवर्गलाई निर्णायक घडीमा नेपालमा हस्तक्षेप गर्नबाट रोक्न भनेर माओवादी नेतृत्वले उसलाई उपयोग गर्ने ध्येयले ऊसित नाजायज साँठगाँठ गर्न सक्ने संभावना पनि टड्कारो देखिन्छ । यस्तो गर्नु अक्षम्य भूल र राष्ट्रघात हुनेछ । आखिर दक्षिण एशियाको प्रतिक्रियाको केन्द्र भारतीय शासकवर्गले आफ्नो निहित स्वार्थ पूरा हुने निश्चित नभइकन माओवादीजस्तो शक्तिलाई किन सहायता गर्न तत्पर हुन्छ र ?

माओवादी नेतृत्वको यतिबेलाको सकारात्मक पक्ष के हो भने सरकार तैयार भएमा ऊ अहिले पनि जहाँ पनि, जोसित पनि औपचारिक-अनौपचारिक वार्ताको टेबिलमा आउन तैयार छ । उसले जारी गरेको हालैको वक्तव्यअनुसार सरकार युद्धविरामको लागि तयार भएमा ऊ युद्धविराम गर्न तयार छ ।

परन्तु वार्ता र शान्ति दिगो हुने संभावना ज्यादै न्यून छ । युद्ध चर्किने संभावना नै अत्यन्त प्रवल छ । किनकि, सरकार र माओवादी दुबैमा राजनीतिक एजेण्डामा भन्दा निकै ज्यादा समस्याको सैनिक समाधानमा जोड दिने सैन्यवादी प्रवृत्ति हावी छ । सरकारलाई हात-हतियारमा मिल्ने मोटो कमिशनको स्वार्थले तथा संकटकाल र गृहयुद्ध जारी रहँदा धमिलो पानीमा माछा मार्न पाइने प्रतिगामी स्वार्थले युद्धतिरै धकेलिराख्न बल गर्ने संभावना ज्यादा छ । माओवादीको राजनीतिक नेतृत्वलाई सैन्यवादी सोच हावी भएका नेता-कार्यकर्ताको दवावले र शिघ्र विजयको उन्मादले युद्ध चर्काउन बल गर्ने संभावना ज्यादा छ ।

**एमाले, सरकार र माओवादी सबैको संकटकाल थप्नेमा हुनं गएको सहमतिबाट के थाहा हुन्छ भने जनताको दुर्दशा र समस्या प्रतिपक्ष, सरकार र माओवादी कुनैको पनि 'आफ्नो समस्या' हुन सकेको छैन ।**

सरकारको दावी छ- फौजी कारवाहीबाट दिनहुँ १५-२० जना माओवादी मर्दैछन् । अछाम काण्डयता सयौंको संख्यामा माओवादीहरू हताहत भएका छन् । अब सेनाको आक्रमणबाट माओवादीहरू चाँडै सखाप हुनेछन् ।

तर माओवादीको दावी छ- दाङ काण्डयता देशभरि मारिएका माओवादी छापामार कार्यकर्ताहरू जम्मा १०० जनामात्र छन्, बाँकी ३०० सर्वसाधारण जनता मारिएका छन् । माओवादीले सफाया गरेका सुरक्षाकर्मी चाहिँ ४०० जना छन् र १०० जना सुराकीहरू छन् । सेना यतिञ्जेल रक्षात्मक स्थितिमा मात्र प्रस्तुत भएको छ, माओवादी आक्रामक स्थितिमा । सेनाको पहलमा उसको पहिलो आक्रामक कारवाहीबाट अहिलेसम्म एकजना पनि माओवादी मरेको छैन । जति मरेका छन्, माओवादीकै आक्रामक कार्यवाहीका दौरानमा मरेका छन् । र, सेना अहिलेसम्म माओवादीको कुनै पनि आधार इलाकामा प्रवेश गर्न सकेको छैन ।

यी दावीहरू परस्पर बाझिएका छन् । तर कसका कुरा पत्याउने ? समस्या छ । किनकि, संकटकालले गर्दा स्वतन्त्र प्रेस र पर्यवेक्षकहरूलाई युद्धरत क्षेत्रमा जान प्रतिबन्ध छ । परन्तु अछाम काण्ड, सल्यान-शीतलपाटी काण्ड र काभ्रे-भकुण्डेबेसी काण्डले के चाहिँ प्रष्ट पारेको छ भने संकटकाल र सेना परिचालनपछि माओवादीहरू त्यति कमजोर भएका छैनन, जति सरकारको दावी छ । संकटकालले अरू पार्टी र आमजनतालाई मात्र समस्याग्रस्त पारेको छ, माओवादीलाई त्यति धेरै छोएको छैन । संकटकाल संसदले अनुमोदन गर्ने पूर्वसन्ध्यामा भएको अछामको काण्डबाट माओवादीको रबैया संकटकाल अरू ज्यादा थपियोस् भन्नेमा रहेको प्रष्टै देखिन्छ । संभवतः जति ज्यादा संकटकाल थपियो, उति ज्यादा सरकार र जनताबीच अन्तरविरोध बढ्छ, जति अन्तरविरोध बढ्यो, उति आफूलाई फाइदा हुन्छ भन्ने उनीहरूको विश्लेषण हुनसक्छ । एमाले, सरकार र माओवादी सबैको संकटकाल थप्नेमा हुन गएको सहमतिबाट के थाहा हुन्छ भने जनताको दुर्दशा र समस्या प्रतिपक्ष, सरकार र माओवादी कुनैको पनि 'आफ्नो समस्या' हुन सकेको छैन । जनता बेवारिस भएका छन् । जनताको वारिस न सरकार हुन सकेको छ, न प्रमुख प्रतिपक्ष, न माओवादी नै ।

*खुला ठाउँमा प्राप्त बमहरूलाई निष्क्रिय पार्दै सुरक्षाकर्मीहरू*



फोटो सागर : प्रकाश माथेमा

## *अब के होला ?*
## *अब के गर्ने ?*

यतिबेला माओवादीको उन्माद हेर्दा यस्तो भान हुन्छ- सरकारले वार्ता र युद्धविरामको लागि अविलम्ब ठोस पहल गर्दैन भने बढी संभव छ- माओवादीबाट अहिलेसम्म भएभन्दा पनि भीषण र नृशंस फौजी कारवाही हुनेछ । उसमा हावी भइरहेको रंगीन सपनायुक्त मूडको कारणले माओवादीका वार्ताका शर्तहरू अब पहिलेभन्दा झन् झन् कडा हुनसक्छन् । चैतको तेस्रो हप्तामा ५ दिनको 'नेपाल बन्द'को घोषणा भइसकेको छ, अब त्योभन्दा लामो नेपाल बन्दको घोषणा कुनै पनि बेला हुनसक्छ । माओवादी नेतृत्वलाई विपन्न जनताको मर्का र जनमतको पर्वाह ठ्याप्पै देखिँदैन । ५ दिनको नेपाल बन्दले नै दिनहुँ काम गरिखाने श्रमिकवर्ग र निम्नपूँजीपति वर्गका नेपालीहरूलाई


भोकभोकै पार्ने निश्चित छ । यसले माओवादीप्रति थोरै पनि विश्वास र सहानुभूति रहेका मानिसहरूमा ऊप्रति चर्को वितृष्णा पैदा गर्नेछ । अझ त्योभन्दा लामो 'नेपाल बन्द'ले त गरिखाने वर्गका धेरै नेपालीलाई बिल्लीबाठ नै पार्नेछ । यसले आमजनतामा राज्यप्रति पनि चरम असन्तुष्टि र विद्रोह, अनि माओवादीप्रति चरम असंतुष्टि र विद्रोह पैदा गर्नेछ; जुन प्रतिगामी तत्वको उदयको लागि अत्यन्त उर्वर भूमि हो । यही स्थिति प्रतिगामी तत्वले चाहेको छ ।

सरकारसित थोरै पनि समझ छ भने उसले यतिखेर गर्नुपर्ने पहिलो काम माओवादीसित अनौपचारिक भित्री वार्ता हो । दोस्रो काम, संकटकाल र सेना परिचालन फिर्ता गरेर संविधान सभा वा संविधान संशोधनको सवालमा देशव्यापी बहस हो । र, तेस्रो काम आमूल आर्थिक-सामाजिक-राजनीतिक परिवर्तन हो । अब प्रतिक्रान्ति र गृहयुद्धलाई आर्थिक-सामाजिक क्रान्तिले मात्र हल गर्न संभव छ ।

माओवादीसित थोरै पनि बुद्धिमानी छ भने उसले सर्वप्रथम जनता र जनमतको ठ्याप्पै ख्याल नै नराख्ने, केवल सैन्यबलका भरमा जे पनि गर्ने सैन्यवादी सोच त्याग्नु पर्दछ । उसको यो सोच माओको जनदिशाको ठीक विपरीत छ । माओवादीले माओको जनदिशालाई राम्रोसित बुझ्न र कार्यान्वयन गर्नु जरूरी छ । दोस्रो, उसले नृशंस र अमानवीय फौजी कारवाहीहरू पूर्णतया बन्द गर्नुपर्छ । उसले लोकप्रिय जनराहतकारी काम-कारवाहीमा मात्र जोड दिनुपर्दछ । तेस्रो, केवल ध्वंशको एजेण्डा अर्थात् सैनिक एजेण्डामा मात्र माओवादीको ज्यादा जोड भयो, देशको आर्थिक, राजनीतिक, सांस्कृतिक क्रान्तिको एजेण्डा राष्ट्रसमक्ष माओवादीले मूर्त रूपमा बहसका लागि पेश गर्नुपर्‍यो । चौथो, माओवादीले व्यापक सुधार र आमूल परिवर्तनको लागि अनुकूल सबै वर्ग र तप्काका मान्छेलाई संगेटेर लाने शान्तिपूर्ण नीति अख्तियार गर्नुपर्‍यो । संकीर्ण सोच त्याग्नु पर्‍यो ।

नेतृत्व शून्यताको आजको समयमा भरोसा र विश्वास गर्न लायक वैकल्पिक नेतृत्व नपाएर बहुसंख्यक जनताहरू औधी निराशिएर पुनः प्रतिगामी शक्तितिर तेर्सिने खतरा यतिखेर रहेको छ । यस स्थितिमा माओवादीले आज छिटोभन्दा छिटो गर्नुपर्ने अहं काम हो- एकतर्फी रूपमा युद्धविरामको घोषणा र शान्ति वार्ताका लागि गंभीर रूपमा सार्वजनिक पहल । ❑

### *संविधान संशोधन र एमालेको भूमिकाको राजनीतिक विश्लेषण*



# के संविधान संशोधनले निकास दिन सक्छ ?

**- नवराज सुवेदी, *महासचिव, रा.ज.मो.***

संविधान संशोधन यतिबेलाको चर्चित राजनीतिक प्रसङ्ग बनेको छ । देशमा उत्पन्न विभिन्न प्रकारका समस्याहरुको समाधानको उपाय संविधान संशोधनलाई मान्ने कुरा सत्तारुढ दलका सभापति गिरिजाप्रसाद कोइराला र सरकार प्रमुख प्रधानमन्त्री देउवा समेतले संकटकाल अनुमोदन प्रसङ्गको संसदको फागुन ९ गतेको मन्तव्यमा स्वीकार गरिसकेका छन् । प्रमुख प्रतिपक्षी दल ने.क.पा. (एमाले)ले आफ्नो केन्द्रीय कमिटीको गत सालको अठारौं बैठकबाट संविधान संशोधन प्रस्ताव अघिसारेको बताए पनि संकटकालको अनुमोदनमा दुई तिहाइ मत आवश्यक भएको बेला सत्तारुढ दलसँग संकटकाल अनुमोदनको सट्टामा संविधान संशोधन गरी पाउन सट्टा प्रस्ताव (Counter resolution) तेर्साएर यतिबेलै जोडदार रुपले यो कुरा उठाएको छ । त्यसबाहेक अन्य केही दलहरुले पनि संविधान संशोधनको सवाललाई उठाएका छन् ।

संविधानको प्रगतिशील दिशातर्फ हुने संशोधन यदि प्रस्तावित गरिन्छ र पारित गराउने दिशातिर प्रयत्न गरिन्छ भने त्यो नराम्रो कुरा होइन । किनभने संसारमा कुनै पनि भौतिक वस्तुदेखि लिएर समाज, समय, राज्यव्यवस्था सबै परिवर्तनशील नै छन् । त्यसमा पनि जनताको कुनै खास शासन पद्धतिप्रति आफ्नो भावना अभिव्यक्त गर्ने मूल दस्तावेज नै जनताको चाहना र समयको मागअनुसार परिवर्तित हुन सकेन भने त्यसलाई कसैले शिरोपर गरेर बस्दा पनि बस्दैन । त्यसरी बसेको दुनियाँमा कहीं पनि देखिएको छैन । हाम्रै देशमा पनि २०४७ को संविधानको दायराबाहिर कैयौं द्वन्द र संघर्षहरु मुलुकभित्र उपस्थित भएकै छन् ।

देशमा जे-जस्तो परिस्थिति यतिबेला छ, त्यसले संविधान संशोधनलगायत विभिन्न उपायहरुका सम्बन्धमा इमान्दार प्रयत्नको खाँचो महसूस गरेको छ । विगत १२ वर्षमा नेपालमा बहाल संसदीय बहुदलीय व्यवस्था र त्यसअन्तर्गतका सरकारले गरेका अक्षम्य अपराध, राज्यसत्ताको दुरुपयोग, भ्रष्टाचार अनि उत्पन्न महँगी, अभाव र बेरोजगारी एवं राज्य संचालनका विभिन्न अङ्गहरु बीचका विवादास्पद प्रसङ्गहरुलाई हटाउनेदेखि लिएर माओवादी समस्याको निराकरणसम्मका सबै कुरा संविधानका केही धाराहरुमा हुने संशोधनले गरिहाल्ला भन्ने कुरामा कुनै पनि आमूल परिवर्तनकामी पूर्णविश्वस्त हुनसक्दैन, त्यो आफ्नो ठाउँमा छँदैछ । तथापि संविधान संशोधनले यथास्थितिप्रति सामान्य वा आंशिक रुपमा भएपनि प्रहार गर्नसक्यो भने त्यसलाई राम्रै मान्नु पर्नेछ ।

तर बोलीमा जस्तै व्यवहारमा पनि देशको आर्थिक-राजनीतिक संकट टार्न संविधान संशोधनको आवश्यकता देख्ने त्यसका मुख्य हकदार वा कर्ता ठहरिएकाहरु कति उत्प्रेरित छन् त ? यो सवाल पनि उत्तिकै अप्ठेरो छ । संवैधानिक व्यवस्थाअनुसार संविधान संशोधनको प्रस्ताव पेश हुने कुनै सदनको (खास परिस्थितिमा दुवै सदनको) कुल दुई तिहाइ संख्याअन्तर्गत उपस्थितिको दुई तिहाइ मतद्वारा उक्त प्रस्ताव अनुमोदन हुनु पर्नेछ । त्यसरी अंकगणितीय दृष्टिकोणले नेपाली कांग्रेस र एमालेको संलग्नताबिना संविधान संशोधन हुनसक्दैन । यो अहिलेको वास्तविकता हो । ठीक त्यस्तै यथार्थता के हो भने कांग्रेसका नेताहरुले संकटकाल अनुमोदन गराउने क्षणमा जे-जस्ता प्रतिबद्धता व्यक्त गरेका भए पनि संकटकाल अनुमोदनपछिका कांग्रेसी नेताहरुका भनाइहरुलाई हेर्दा संविधान संशोधनका सन्दर्भमा नेपाली कांग्रेसभित्र सहमति हुनेमा शंकै छ । स्वयम् मन्त्रीहरुका परस्पर विवादास्पद भनाइहरुले यो शंकालाई पुष्टि गरेका छन् । त्यतिमात्र नभई कांग्रेसको यथास्थितिवादी र प्रतिक्रियावादी सत्तालोलुप चरित्र पनि यतिबेलै छताछुल्ल भएको पाइन्छ । ने.क.पा.(एमाले) संविधान संशोधन गर्न तयार भएको देखिन्छ । तथापि कुन र के-कस्ता बुँदामा संविधान संशोधन गर्दा देशमा विद्यमान अप्ठेरो परिस्थितिले तुलनात्मक रुपले उचित निकास पाउला भन्नेमा एमाले पनि अस्थिर नै देखापरेको छ । संविधान संशोधनसम्बन्धी उसका बुँदाहरु बारम्बार फेरिँदै छन् । यी सबै कुरालाई तौलेर हेर्दा प्रगतिशील दिशातर्फ संविधान संशोधनको प्रश्नले तत्काल निकास पाउला भनेर यकिन गर्न गाह्रो छ ।

माथि नै उल्लेख गरियो कि वर्तमान संविधान संशोधनको प्रसङ्ग उठानमा शुरुदेखि नै एक प्रकारको प्रश्नचिन्ह लाग्न पुग्यो । मूलतः संसदमा संकटकाल अनुमोदन गरिदिने सट्टामा संशोधन खोज्ने एमालेको रवैयाले नै संविधान संशोधनको पछाडि सफा र स्वच्छभन्दा अवसरवादी नियत रहेको रहस्य उद्घाटित भएको छ । आफ्नो नियत त्यस किसिमको अवसरवादी होइन भनेर एमालेले प्रमाणित गर्न अब धेरै कठिन संघर्ष गर्नु पर्नेछ । संविधान संशोधन मुलुककै हितको निम्ति हो भन्ने विश्वास दिलाउनु पर्नेछ । त्यस बाहेक एमालेलाई कैयौं थप चुनौतीहरु छन् । एकातिर एमालेद्वारा संकटकालको अनुमोदन हुनु, अर्कोतिर सुरक्षाकर्मीहरुद्वारा देशमा विभिन्न प्रकारका ज्यादतीहरु भइरहेको सन्दर्भमा समेत एमालेले त्यसको दोष र कलंक स्वतः बोक्नुपर्ने छ । किनकि फागुन ९ गते यताको संकटकाल एमालेद्वारा लगाइएको संकटकाल बनिसकेको छ । स्थिति के देखिँदैछ भने कांग्रेस एकैसाथ एकातिर संविधान संशोधनलाई पन्छाउने र अर्कोतिर संकटकालको अनुमोदनमा प्रमुख विपक्षी दलसमेत सहमत भएको दलिल दिएर आफ्नो उत्तरदायित्व पनि एमालेमा खन्याउने रणनीति उसले लिइरहेको छ । विगततर्फ फर्कने हो भने पनि २०५० साल भाद्र १ गतेको संझौता, महाकाली सन्धि, केही समय

अघिको १८ बुँदे प्रस्ताव र अहिलेको संकटकाल अनुमोदन प्रकरण सबै एमाले सम्मिलित संभौता सन्धिमा कांग्रेसको सत्तास्वार्थ नै पूरा भएको देखिन्छ । कांग्रेससँग मितेरी लगाउन पुग्दा एमाले सधैँ पछारिन पुगेको छ । त्यति मात्र नभई के संविधानको संशोधनपछि माओवादी शान्तिपूर्ण राजनीतिमा फर्कन्छ त भन्ने प्रश्न पनि कांग्रेसबाटै एमालेतिर फ्याँकिदै छ । यी सबै सन्दर्भहरुले संविधान संशोधनको प्रश्नमा, त्यसमध्ये पनि नेपाली जनताको अहिलेको आकांक्षा प्रतिविम्बित गर्ने प्रकारका संशोधनसम्बन्धी विशिष्ट बुँदाहरुमा अब एमाले अडिँदैन भने एमालेको राजनीतिक भविष्य समाप्त हुन बेर छैन ।

हामीले यी सबै कुराहरु भनिरहँदा संविधान संशोधनको विरोध गरिरहेका छैनौं । बरु संविधान संशोधनसम्बन्धी, खासगरी आर्थिक, सामाजिक, र राजनीतिक मूलभूत बुँदाहरुमा एमालेले स्पष्ट अडान राखोस् भन्ने हाम्रो स्पष्ट चाहना हो । किनकि नेपालको यतिखेरको विशिष्ट स्थितिमा माओवादीहरुको संविधान सभाको माग वस्तुपरक देखिएको छैन । खास गरेर जनसंघर्ष शिथिल भएको र राष्ट्रिय अन्तर्राष्ट्रिय स्थिति पुनरुत्थानवादी एवं साम्राज्यवादीहरुका लागि अपेक्षाकृत अनुकूल रहेको अवस्थामा संविधान सभाको चुनावको माग अवस्तुवादी र जोखिमपूर्ण देखा पर्दछ । माओवादीहरुका अराजक र आतंकपूर्ण कारवाहीहरु निरन्तर जारी रहेको सन्दर्भमा पनि त्यो माग प्रत्युत्पादक देखापर्दछ । र त्यसले गर्दा सीमित संसदीय बहुदलीय प्रणालीअन्तर्गत प्राप्त अधिकार समेत गुम्न बेर छैन ।

यी सबै सन्दर्भहरुमा अन्तर्विरोध र शक्ति सन्तुलनलाई यतिबेला आफ्नो पक्षमा तान्न संविधान संशोधनको कार्यनीति तुलनात्मक रुपले सही ठहर्छ । तर एमालेको विगतको संभौतापरस्त रबैयालाई हेर्दा शक्ति सन्तुलन प्रगतिशील शक्तिहरुको हितमा पर्ने प्रकारको संविधान संशोधनको अडान एमालेले लिइरहला भन्नेमा पनि हामी विश्वस्त हुन सकिरहेका छैनौं । हामी के चाहन्छौं भने संविधान संशोधनको मुद्दा र माग सबै वामपन्थी, प्रगतिशील, देशभक्त शक्तिहरु समेतसँग सरसल्लाह गरेर एमालेले राख्नुपर्दछ, राखोस् र दृढतापूर्वक राखोस् । तर त्यसरी राख्दा सौदावाजीको राजनीतिबाट माथि उठेर राखोस् । किनकि सौदावाजीको राजनीतिले दूरगामी महत्वका कुरालाई सँधैं गौण मात्र पारेको छ । वास्तवमा भन्ने हो भने जनताले एमालेलाई कांग्रेसको विकल्पका रुपमा नलिएका होइनन् । त्यति मात्र होइन, आउँदा वर्षहरुमा एमालेले सरकार सम्हाल्न सक्ने संभावना पनि देखा परेको छ । तर सत्तारुढ हुने नाउँमा एमाले अहिले नै शीघ्र सत्तारोहण गर्ने मोहमा फसेर संविधान संशोधनकै सन्दर्भमा पनि मुख्य बुँदाहरुसम्बन्धी अडानहरु फेर्दै जान्छ र एउटा अवधिका लागि पनि आफ्ना प्रस्तावहरुमा स्थिर हुँदैन भने त्यसले कांग्रेसकै नियति भोग्नुपर्ने कुरा प्रायः निश्चित छ ।

एमालेले वर्तमान संविधानका सन्दर्भमा शुरुमा आलोचनात्मक समर्थन (तत्कालीन माले कालमा) जनाउँदा आर्थिक-सामाजिक परिवर्तनकामी २७ बुँदे असहमति व्यक्त गरेको पाइन्छ । ती सबै पक्षमा अहिले पनि अडिग रहेको कुरा एमालेबाट आएपनि पछि २२ बुँदे कम महत्वका संशोधनका एजेन्डामा ऊ सीमित भएको पाइन्छ । त्यसबाट पनि भन् पछि हटेर फागुन २० गते एमालेको संविधान संशोधन कार्यदलका तर्फबाट सार्वजनिक भएका संशोधनका बुँदाहरुमा मूलभूत आर्थिक-सामाजिक परिवर्तनकारी बुँदाहरुभन्दा पनि सत्तामोहबाट प्रेरित बुँदाहरु मात्र औंल्याइएको छ ।

यसको उदाहरणका लागि स्वच्छ निर्वाचनका लागि सर्वदलीय चुनावी सरकार अनि आर्थिक, राजनैतिक र प्राकृतिक संकटका बेला राष्ट्रिय सरकारको माग एमालेको संविधान संशोधनको मुख्य बुँदाको रुपमा सामेल छन् । त्यस्तै संसद विघटनका सन्दर्भमा प्रधानमन्त्रीको अधिकारको किटानी, मन्त्री परिषदको संख्या कुल सांसद संख्याको दश प्रतिशत मात्र हुनुपर्ने, विकेन्द्रीकरणको प्रभावकारिता, निष्पक्ष प्रशासन यन्त्रको विकास, संवैधानिक अंगका प्रमुखहरुको नियुक्तिका बारे सार्वजनिक सुनुवाइ, अख्तियारको प्रभावकारी व्यवस्था र सम्पत्ति जाँच व्यवस्थाजस्ता एजेन्डाहरु सामेल छन्, जसको देशको आर्थिक-सामाजिक रुपान्तरणमा उल्लेख्य भूमिका नरहने स्पष्ट छ ।

देशको आर्थिक-सामाजिक रुपान्तरणमा महत्वपूर्ण भूमिका नै खेल्ने बुँदाहरुमध्ये सार्वभौमसत्ता कुनै नियन्त्रणविना जनतामा हुने किटानी व्यवस्था, मौलिक हक कुनै पनि बहानामा खोस्न नपाइने, शिक्षा र स्वास्थ्योपचारलाई जनताको अधिकारकै रुपमा किटानी हुनु पर्ने, हिन्दू राष्ट्रको सट्टा धर्म निरपेक्ष राज्य घोषणा हुनुपर्ने, सबै भाषाभाषीहरुलाई राज्यले समान मान्यता र अधिकार दिने , भूमिसुधारको सम्बन्धमा व्यक्तिको जग्गा जफत र अधिग्रहण गर्ने, सेना निर्वाचित सरकारको नियन्त्रणमा रहनु पर्ने, संसदमा पूर्ण वाक एवं टिप्पणीको स्वतन्त्रता मिल्नुपर्ने, राजपरिवारलाई करको दायरामा ल्याउने, दरवार लगायतका मामलामा पनि संसदले नै कानून बनाउन पाउनु पर्ने, राष्ट्रिय गान, र राष्ट्रिय निशान छाप समेत परिवर्तन गर्नुपर्ने, जनजाति, दलित र उपेक्षित वर्गको उत्थानका लागि विशेष व्यवस्था बनाउनु पर्ने र जनविरोधी सबै काला कानून खारेज गर्नुपर्ने लगायतका कुराहरु एमालेको संविधान संशोधनको प्राथमिकतामा देखिएका छैनन् । एमालेले साँच्चै आर्थिक-सामाजिक रुपान्तरण चाहेको हो र त्यसले व्यापक जनतामा भरोसा गरेको हो भने भर्खरै उल्लेखित यस्ता कैयौं विषयहरुलाई संशोधनको एजेन्डामा राख्नु पर्दथ्यो । तर एमालेले त्यसो नगरी 'राष्ट्रिय सरकार' र 'सर्वदलीय सरकार'को एजेन्डामा बढी मोहित बनेको र सत्तामा पुग्नकै लागि देशी-विदेशी प्रतिक्रियावादी शक्तिहरुलाई रिभाउन वा उनीहरुसँग समन्वय कायम गर्नमा नै बढी जोड दिएको पाइन्छ । त्यसरी देशको समग्र स्थितिलाई विचार गरेर यथास्थितिप्रति दह्रो हस्तक्षेप गर्न एमाले जस्तो आफूलाई ठूलो जनआधार भएको दावी गर्ने पार्टीले कडा रुख अपनाउन नसक्नु उसको सैद्धान्तिक-राजनीतिक दृष्टिकोणमै आएको विचलन मान्नु पर्दछ ।

> *हामी के चाहन्छौं भने संविधान संशोधनको मुद्दा र माग सबै वामपन्थी, प्रगतिशील, देशभक्त शक्तिहरू समेतसँग सरसल्लाह गरेर एमालेले राख्नुपर्दछ, राखोस् र दृढतापूर्वक राखोस्*

संसदीय व्यवस्थाको भ्रष्ट चरित्र नेपालमा १२ वर्षमा छताछुल्ल उद्घाटित भएको छ । मूलतः वेष्ट मिनिस्टर मोडलको 'डेमोक्रेसी'को प्राविधिक बहुमतको (१०३ को) खेलका कारण चुनावमा गुण्डागर्दी गरेर वा पैसा छरेर जित्ने, तत्पश्चात् मन्त्री बनेर अकूत भ्रष्टाचार र माफियागिरीद्वारा लगानी फिर्ता गरी व्यक्तिगत स्वार्थ पूरा गर्ने र चरम भ्रष्ट र पदलोलुपताको प्रदर्शन गर्ने कार्यको फलस्वरुप व्यक्त गर्नै नसक्ने हदसम्मको लाजमर्दो पीडा मुलुकले भोग्नु परेको छ । पजेरो काण्ड, रातो पासपोर्ट काण्ड, फोर्टुमकाण्ड लगायतका विकृति एवं संसदमा प्रतिनिधिको खरिद-बिक्रीदेखि लिएर अहिले गिरिजा-देउवाबीच चलेको ५७ को खेलसम्मले शास्त्रीय वेष्टमिनिष्टर मोडलको (पूँजीवादी या विहारी मोडलको) प्रजातन्त्र देशमा असफल भएको स्वतःसिद्ध छ । एकातिर यस किसिमको विकृत एवं भ्रष्ट संसदीय मोडल देशमा असफल भएको छ ।र पुनरुत्थानवादीहरुको मनोबल बढेको छ । अर्कोतिर जनवादी सत्ता स्थापना तत्काल गर्ने पूर्ण आत्मगत अवस्था तयार नभइसकेको स्थिति मुलुकमा छ । यस्तो स्थितिलाई फेरबदल गर्ने कार्यनीति बनाउनु पर्नेमा सबै वामपन्थी, प्रगतिशील र देशभक्त शक्तिहरु गंभीर बन्नु पर्ने देखिन्छ । केवल जनवादी शक्तिहरुले मात्रै होइन, स्वयम् पूँजीवादी शासन व्यवस्थामा विश्वास गर्ने कतिपय व्यक्तिसमेत वर्तमान अवस्थाबाट वाक्क भएर कथित वेष्टमिनिष्टर मोडलको विकल्प खोज्नु पर्दछ भनिरहेका छन् । कांग्रेसका केन्द्रीय सदस्य नरहरि आचार्यले शास्त्रीय संसदीय प्रणालीमा परिवर्तन हुनु पर्ने कुरा बताउँदै आएका छन् । यी सबै सन्दर्भमा वेष्टमिनिष्टर मोडलको पूँजीवादी संसदीय प्रणालीमाथि दह्रो हस्तक्षेप गरेर शक्ति सन्तुलनलाई प्रगतिशील शक्तिको हितमा तान्न समानुपातिक मत प्रणाली वा प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन वा त्यस्तै अन्य तरिकाहरु पनि यतिबेलाको देशको स्थितिमा तुलनात्मक रुपले प्रगतिशील देखा पर्दछन् ।

नरहरि आचार्य जस्ता कांग्रेसका नेताले समेत यो कुरा प्रस्तावित गर्न सक्नु, तर आफूलाई त्योभन्दा धेरै गुना प्रगतिशील र आमूल परिवर्तनकारी दावी गर्ने एमालेले शास्त्रीय वेष्टमिनिष्टर प्रणाली एवं त्यसको नाङ्गो अभ्यासमाथि दह्रो हस्तक्षेप गरेर शक्ति सन्तुलन खल्बल्याउने कुरामा ध्यान दिन नसक्नु र केवल कथित वेष्टमिनिस्टर मोडलभित्र कहिल्यै हुन नसक्ने निष्पक्ष चुनावको मात्रै वकालत गर्नुलाई विडम्बनापूर्ण नै मान्नु पर्दछ । त्यसैले यस्ता प्रश्नहरुका बारेमा पनि एमालेले गंभीरतापूर्वक एवं दूरगामी दृष्टिकोणबाट सोचोस्, छलफल गरोस् भन्ने हाम्रो भनाइ हो ।

संकटकाल अनुमोदन गराउने बेलामा नेपाली कांग्रेस पार्टी एवं सरकार दुवैले संविधान संशोधन र आर्थिक-सामाजिक सुधारका कार्यक्रमसम्बन्धी प्रतिबद्धता संसदमा व्यक्त गरेतापनि कांग्रेसको आन्तरिक कलह एवं बचनलाई व्यवहारमा कहिल्यै पूरा नगर्ने प्रतिक्रियावादी भ्रष्ट चरित्रका कारण संविधान संशोधन गर्ने कुरा अगाडि बढ्न नसकेमा के गर्ने ? यसबारे पनि एमाले लगायत संपूर्ण वामपन्थी, प्रगतिशील, देशभक्त र जनतान्त्रिक शक्तिहरुले गंभीरतापूर्वक सोच्नु पर्दछ । त्यस्तो अवस्थामा एमालेले आफ्नो भूलमा आत्मालोचना गरेर संकटकालको तत्काल अन्त्य एवं संविधानको प्रगतिशील दिशातर्फ संशोधन दुवै कुराको माग गर्दै संसदभित्रको संघर्षका साथै संसद बाहिर राष्ट्रव्यापी संयुक्त संघर्ष गर्न समेत तत्पर रहनु पर्नेछ । अहिलेको देशको स्थितिले यी सबै कुराहरुको संभावनातर्फ स्पष्ट संकेत गर्दछ । ❑

# एमालेले किन 'संकटकाल'लाई अनुमोदन गऱ्यो ?

**– प्रकाश, महासचिव नेकपा (एकताकेन्द्र)**

नेपाली समाजमा वस्तुगत संकट अत्यन्त तीव्र बन्दै गइरहेको परिप्रेक्ष्यमा उक्त संकटलाई फासीवादको प्रक्रियाद्वारा 'हल' गर्ने प्रतिक्रियावादी योजनाको पछिल्लो कडीको रूपमा प्रतिक्रियावादी सत्ताले २०५८ मंसिर ११ गते देशमा 'संकटकालीन अवस्था'को घोषणा गऱ्यो र २०४६ सालको जनआन्दोलनबाट नेपाली जनताले प्राप्त गरेका मौलिक अधिकारहरू औपचारिक रूपमै निलम्बन गऱ्यो । केही समय यतादेखि फासीवाद र बल प्रयोगद्वारा देशलाई गृहयुद्धको प्रक्रियामा धकेल्ने प्रवृत्ति र देशमा देखापरेको संकटको स्वाभाविक र सकारात्मक समाधान भनेको नेपाली समाजको अग्रगामी परिवर्तन हो र गृहयुद्धको प्रक्रियाबाट देशलाई गुज्रन नदिई शान्तिपूर्ण राजनीतिक निकासद्वारा नै त्यस्तो अग्रगामी परिवर्तन गरिनुपर्छ भन्ने प्रवृत्तिका बीचमा तीव्र द्वन्दसंघर्ष भइरहेको थियो । 'संकटकाल'को घोषणापछि तत्कालीन ठोस सन्दर्भमा संकटकालको समर्थन र विरोधमा ती प्रवृत्तिगत संघर्षहरू केन्द्रीभूत हुन पुगे । 'बलप्रयोग'बाट नै संकट समाधान गर्न चाहनेहरू 'संकटकाल'को पक्षमा देखापरे । साम्राज्यवादी तथा विस्तारवादी विदेशी शक्तिहरूले खुलेर 'संकटकाल'को समर्थन गरे । सच्चा वामपन्थी, देशभक्त तथा जनपक्षीय शक्तिहरू, मानवअधिकारवादीहरू र बौद्धिक समूदायले संकटकालको विरोध गरे । र, उनीहरूले छिटोभन्दा छिटो संकटकालको अन्त्य गर्न माग गरे ।

यसैक्रममा २०५८ साल फागुन ९ गते सरकारले प्रतिनिधिसभामा 'संकटकाल' अनुमोदनका लागि प्रस्ताव पेश गऱ्यो । संयुक्त जनमोर्चा, नेपाल, राष्ट्रिय जनमोर्चा र नेपाल मजदूर किसान पार्टीका सांसदहरूले 'संकटकाल'को विरूद्ध मतदान गरे । तर प्रमुख प्रतिपक्षी पार्टी एमालेको समर्थनमा संकटकालको अनुमोदन भयो । र, त्यसको परिणामस्वरूप देशमा अहिले दोस्रो अवधिको तीन महिने संकटकाल लागु भएको छ ।

## *एमालेले घोषणा गरेको 'संकटकाल*

नेपाल अधिराज्यको संविधान २०४७ अनुसार सरकारले लागु गरेको संकटकाल तीन महिनाभित्रमा प्रतिनिधिसभामा उपस्थित सांसदहरूको दुई तिहाइ बहुमतले अनुमोदन नगरेमा तीन महिना सकिनासाथ स्वतः निष्क्रिय हुन्छ । दुई तिहाइ बहुमतले अनुमोदन गरेमा भने संकटकाल अर्को तीन महिनासम्मका लागि लागु हुन सक्दछ । वर्तमान प्रतिनिधिसभाको संरचनामा एमालेका सांसदहरूको समर्थनबिना 'संकटकाल'को अनुमोदन हुन सक्दैन । त्यसैले सरकार र अन्य प्रतिक्रियावादी पार्टीहरूले चाहेर पनि एमालेले नचाहेको खण्डमा 'संकटकाल'को अनुमोदन हुन सक्दैनथ्यो र यो दोस्रो अवधिको 'संकटकाल' नेपाली जनताले बेहोर्नु पर्ने थिएन । त्यसैले वास्तवमा भन्ने हो भने, यो दोस्रो अवधिको 'संकटकाल' नेकपा (एमाले)ले घोषणा गरेको 'संकटकाल' हो । 'संकटकाल' लम्बिनुको सम्पूर्ण जिम्मेवारी एमालेले लिनुपर्दछ ।

संयुक्त जनमोर्चा, नेपाल, राष्ट्रिय जनमोर्चा र नेमकिपाका सांसदहरूले 'संकटकाल'को अनुमोदनलाई रोक्न नसके पनि 'संकटकाल'विरूद्ध मतदान गरेर उनीहरूले नेपाली जनताको अधिकारको पक्षमा आफूलाई दृढतापूर्वक उभ्याए र ऐतिहासिक महत्वको भूमिका निर्वाह गरे । ती सात जना सांसदहरूको यो भूमिकालाई नेपालको राजनैतिक इतिहासमा उच्च मूल्यांकन गरिनेछ ।

## *एमाले नेतृत्वले किन 'संकटकाल'को अनुमोदन गऱ्यो ?*

सामान्यतः पूंजीवादी देशहरूमा पनि बाह्य हस्तक्षेप र आक्रमणको अवस्थामा बाहेक प्रतिपक्षले सरकारले घोषणा गरेको यस्तो 'संकटकाल'को समर्थन गर्ने गर्दैन । छिमेकी मुलुक भारतमा इन्दिरा गान्धीले लागु गरेको संकटकालको त्यहाँका प्रतिपक्षी पार्टीहरूले डटेर विरोध गरेका थिए । फलतः त्यही 'संकटकाल' इन्दिरा गान्धीको पतनको कारण बन्यो । तर यहाँ आफूलाई कम्युनिष्ट र वामपन्थी भन्ने प्रमुख प्रतिपक्षी एमालेले 'संकटकाल'को समर्थन गऱ्यो । शुरूमा नेकपा(एमाले)ले संकटकालको सिधा समर्थन गरेको थिएन । एमाले नेतृत्वले 'संकटकाल'को पक्षमा मतदान गर्नुभन्दा एक घण्टा अघिसम्म पनि सरकारले 'संकटकाल'को औचित्य पुष्टि गर्न सकेन भनिरहेको थियो । एमालेका अधिकांश सांसदहरू 'संकटकाल'को विरोधमा थिए, एमालेका अधिकांश कार्यकर्ताहरू र एमाले समर्थक बौद्धिकहरू पनि 'संकटकाल'लाई अनुमोदन गर्नु हुँदैन भन्ने पक्षमा थिए । तीन महिने 'संकटकाल'ले के कुरा स्पष्ट देखाइसकेको थियो भने 'संकटकाल'ले नागरिकहरूका मौलिक अधिकारहरू अपहरण गर्ने र नागरिक समाज एवं राजनीतिक पार्टीहरूको भूमिका कमजोर पार्ने कार्यमात्र गरिरहेको होइन, यसले देशको अर्थतन्त्रलाई पनि टाट पल्टाउने दिशामा लगिरहेको छ । समग्रतामा नै देशलाई झन्‌झन् बर्बाद र संकटग्रस्त बनाउँदै लगिरहेछ । यसरी अन्य सम्पूर्ण वामपन्थी शक्तिहरूले मात्र होइन, आफ्ना अधिकांश कार्यकर्ताले समेत विरोध गर्दागर्दै र 'संकटकाल'ले देशलाई झन् दुर्गतितिर धकेलिरहेको स्पष्ट देख्दादेख्दै पनि एमाले नेतृत्वले अन्त्यमा गएर एउटा बुर्जुवा प्रतिपक्षलाई पनि नसुहाउने गरी 'संकटकाल'लाई अनुमोदन गर्ने निर्णय गऱ्यो र सांसदहरूलाई उक्त निर्णयमा मतदान गर्न ह्वीप जारी गऱ्यो । आखिर किन एमाले नेतृत्वले यस्तो निर्णय गऱ्यो ? जनताका मौलिक अधिकारहरू अपहरण गर्ने कार्यमा एमाले नेतृत्व किन नाङ्गै उत्रियो ?

एमाले नेतृत्वले संकटकालको अनुमोदन गर्नुको पछाडि चारवटा कारणहरूको चर्चा गर्ने गरेका छन् :

- एक, 'संकटकाल'को अनुमोदन नगरे पनि सेना परिचालनलाई रोक्न सकिंदैनथ्यो । सेना परिचालन रोक्न नसकिएपछि 'संकटकाल'को विरोध गर्नुको कुनै अर्थ थिएन र छैन ।

एमाले महासचिव स्वयंले यस्तो तर्क पेश गर्नुभएको थियो । 'संकटकाल'लाई अनुमोदन गर्नका लागि एमाले नेतृत्वले प्रस्तुत गरेको अत्यन्त घटिया तर्क हो यो । सेना परिचालनलाई रोक्न सकिन्न भने सेनालाई जस्तोसुकै ज्यादती गर्ने

> एमालेको वरिपरि अझै पनि कैयौं प्रगतिशील, देशभक्त र जनपक्षीय बुद्धिजीवीहरू छन् । एमालेका सम्पूर्ण इमान्दार कार्यकर्ता र बुद्धिजीवीहरूले यतिबेला अत्यन्तै गम्भीर भएर सोच्नुपर्ने आवश्यकता छ ।

वैधानिक छुट दिनुपर्दछ र सेना परिचालनलाई रोक्न सकिन्न भने नागरिकहरूको मौलिक अधिकार पनि अपहरण गरिनुपर्दछ भन्ने तर्क कसरी सही हुनसक्छ ? यो तर्क सर्वथा गलत छ भन्ने कुरा स्वतः स्पष्ट छ ।

● दुई, 'माओवादी ज्यादती'ले सीमा नाघ्यो । 'माओवादी'को उत्पीडनको शिकार एमाले कार्यकर्ताहरू पनि भैरहेका छन् । 'संकटकाल' माओवादीविरूद्ध लक्षित छ । त्यसैले 'संकटकाल'लाई एमालेले समर्थन गर्नुपर्दछ ।

'संकटकाल'को अनुमोदनको लागि एमाले नेतृत्वले तेर्स्याएको यो तर्क पनि अत्यन्न गलत छ । 'संकटकाल' 'माओवादी'विरूद्ध मात्र लक्षित छैन, यसले औपचारिक रूपमा नेपाली जनताका मौलिक अधिकारहरू निलम्बन गरेको छ । नेपाली जनतालाई २०४६ सालको ऐतिहासिक जनआन्दोलनबाट प्राप्त भएका जनअधिकारहरूको उपभोगबाट बंचित गरिएको छ । नागरिक समाजको भूमिका कमजोर पारिएको छ । राज्यको चौथो अंगको रूपमा रहेको पत्रकारिता जगतमा अघोषित सेन्सरसीप लागु गरिएको छ । स्वयं एमालेलगायतका राजनैतिक पार्टीहरूका गतिविधिमाथि बन्देज लागेको छ । अझ तुलनात्मक रूपले हेर्ने हो भने वर्तमान संविधानलाई ठाडै अस्वीकार गरी सशक्त गतिविधि गरिरहेका 'माओवादी'लाईभन्दा एमालेलगायत 'माओवादी'इतरका राजनैतिक पार्टीहरूलाई नै 'संकटकाल'ले बढी प्रभावित गरिरहेको छ र गर्नेछ । 'संकटकाल'को भुक्तभोगी देशभरका एमाले कार्यकर्ताहरू नै छन् । त्यसैले एमालेको यो दोस्रो तर्कको पनि कुनै तुक छैन । 'माओवादी ज्यादती'का विरूद्ध संघर्ष भिन्नै प्रकारको हुन्छ । 'माओवादी ज्यादती'का विरूद्ध संघर्ष गर्ने नाममा जनसाधारणको मौलिक अधिकार अपहरण गर्ने र प्रतिक्रियावादी कित्तामा सामेल हुने नीति लिन्छ भने त्यस्तो नीतिले 'माओवादी ज्यादती'विरूद्धको संघर्षमा सहयोग पुऱ्याउने नभई स्वयंलाई 'माओवादी ज्यादती'का निम्ति 'योग्य'मात्र बनाउने छ ।

● तीन, एमाले नेतृत्वले यस सम्बन्धमा अहिले सबभन्दा बढी प्रचार गरेको तर्क के हो भने एमालेले 'संकटकाल'लाई अनुमोदन गरेर नेका पार्टी र सरकारलाई संविधान संशोधनमा सहमत गराएको छ, यो ठूलो उपलब्धि हो ।

यो सौदाबाजीको तर्क एमाले नेतृत्वले आफ्ना कार्यकर्तालाई दिग्भ्रमित पार्न प्रयोग गरेको चालबाजीमात्र हो । पहिलो कुरा, 'संकटकाल'को अनुमोदनसँग जोडिएको सिधा प्रश्न हो, नागरिकहरूका मौलिक हक, अधिकारहरूको अपहरणलाई समर्थन गर्ने कि नगर्ने, साथै प्रतिगामी निरंकुशतावादी शक्तिहरूका लागि अनुकुल हुने वातावरण निर्माण गरिदिने कि नगर्ने ? यो प्रसंग र संविधान संशोधनको प्रसंग बेग्लाबेग्लै हुन् । यसलाई साटफेर गर्ने विषय बनाइनु हुँदैन । दोस्रो कुरा, नागरिकरूको अधिकार हरण गर्ने र प्रतिगामी निरंकुशतावादी शक्तिको माग पूरा गर्ने कार्य गरिदिएर अग्रगामी दिशामा परिवर्तन हुन सक्दैन । अग्रगामी संविधान संशोधन प्रतिक्रियावादी शक्तिलाई रिझाएर र उनीहरूसँग सौदाबाजी गरेर हुन सक्दैन । सशक्त जनसंघर्षको दवाबमा मात्रै त्यस्तो कुनै सार्थक संशोधन हुनसक्छ । तेस्रो कुरा, एमालेले प्रस्तुत गरेको संविधान संशोधनका बुँदाहरू स्वयंले पनि अग्रगामी दिशामा तात्विक परिवर्तनको प्रतिनिधित्व गर्दैन । यसले वर्तमान संकटको समाधान गर्दैन । प्रस्तावित संशोधन मूलतः कुर्सीको स्वार्थमा केन्द्रित छ र यो आजको संकटको समाधान गर्ने सम्भाव्य अग्रगामी परिवर्तनलाई पछाडि धकेल्ने नकारात्मक कोणबाटसमेत उत्प्रेरित छ । त्यसैले यस्तो 'संविधान संशोधन'को उधारो घोषणालाई लिएर 'संकटकाल'लाई अनुमोदन गर्ने तर्कलाई किमार्थ औचित्यपूर्ण भन्न सकिन्न र वास्तवमा यो कारणले एमाले नेतृत्वले 'संकटलाई' अनुमोदन गरेको पनि होइन ।

● चार, एमाले नेतृत्वले चर्कोसाथ भन्ने नगरे पनि सार्वजनिक रूपमा नै व्यक्त गरेको अर्को तर्क यो हो : एमालेसँग दुईवटामात्र विकल्प थिए, २०४६ सालमा सम्झौता गरेका शक्तिहरू राजा र कांग्रेससँग मिलेर राष्ट्रिय सहमति कायम गर्ने कि 'माओवादी'को कित्तामा जाने । अर्थात् एमाले नेतृत्वको भनाइअनुसार 'संकटकाल'को अनुमोदन नगरेको भए एमाले 'माओवादी' कित्तामा उभिन्थ्यो र 'संकटकाल'को अनुमोदन गरेर राजा र कांग्रेसको साथमा उभिएको छ । *(बुधवार साप्ताहिक, १५ फागुन)*

प्रत्यक्षतः एमाले नेतृत्वको यो निष्कर्षको आधा भाग सही छ, आधा गलत । अर्थात् 'संकटकाल' अनुमोदन गरिदिएर एमाले, राजा र कांग्रेसको साथ उभिएको छ भन्ने कुरा सही हो । तर 'संकटकाल' अनुमोदन नगरिदिएको भए एमाले 'माओवादी'कै कित्तामा उभिनुपर्थ्यो भन्ने सही होइन, यो त एमाले नेतृत्वको आत्मसमर्पणवादी मानसिकताको आतंकित अभिव्यक्तिमात्र हो । एमालेको उक्त निष्कर्षलाई शब्दशः लिँदा आधा भागमात्र सही देखिए पनि सारतत्वमा एमाले नेतृत्वको उक्त निष्कर्षमा आफूले 'संकटकाल' अनुमोदन गर्नुको पछाडि रहेको वास्तविक कारण र एमाले नेतृत्वको चरित्र एवं मनोदशाको सही प्रतिविम्ब पाइन्छ । अर्थात् एमाले नेतृत्वको अगाडि दुईमात्र विकल्प रहेको थियो र छ : प्रतिक्रियावादीहरूसँग गठबन्धन गरी प्रतिक्रियावादी कित्तामा सामेल हुने कि जनताको र वामपन्थी शक्तिहरूको कित्तामा सामेल हुने ? एमाले नेतृत्वले प्रतिक्रियावादी शक्तिहरूसमक्ष आत्मसमर्पण गर्ने तथा प्रतिक्रियावादी कित्तामा सामेल हुने र 'वामपन्थी' एवं जनताको कित्ताबाट पर जाने निर्णय लियो र त्यसै कारणले 'संकटकाल'लाई अनुमोदन गऱ्यो ।



*गत फागुन ९ गते संकटकाल अनुमोदन गर्न संसदतिर जाँदै प्रधानमन्त्री देउवा र प्रमुख प्रतिपक्षी नेता माधवकुमार नेपाल*

एमालेको उक्त स्वीकारोक्तिलाई अझै प्रष्ट र ठोस रूपमा अभिव्यक्त गर्ने हो भने एमाले नेतृत्वले निम्न कारणले 'संकटकाल'लाई अनुमोदन गरेको हो । एक, एमालेका सम्पूर्ण नीति-निर्णयहरूको केन्द्रविन्दुमा सरकारको कुर्सीमा पुग्ने अन्ध सत्तालिप्सा रहेको छ । एमाले जसरी हुन्छ त्यसरी सरकारमा पुग्न चाहन्छ । तर एमाले के सोचले ग्रस्त छ भने अमेरिकी साम्राज्यवाद, भारतीय विस्तारवाद र दरवारको आशिर्वाद र समर्थनबिना सरकार टिकाउन सकिन्न । त्यसैले दरवारको निर्देशन र साम्राज्यवादी तथा विस्तारवादी शक्तिहरूको समर्थनमा लागु गरिएको 'संकटकाल'को विरोध गर्ने आँट एमालेले गर्न सकेन । त्यसो गर्नुको अर्थ दरवार एवं साम्राज्यवाद तथा विस्तारवादलाई चिढाउनु हुन्थ्यो, जुन एमालेका लागि संभव भएन । 'वामपन्थी' शिविरबाट अलग रहेको देखाएर देशी तथा विदेशी प्रतिक्रियावादी शक्तिहरूलाई रिझाउनका लागि पनि एमालेले उक्त निर्णय लियो । दुई, जनतामा नेपाली कांग्रेसप्रति रहेको विकर्षणको नकारात्मक भोटको भरेङ्ग चढेर भोलि सरकार चलाउने सपना देखिरहेको एमालेका लागि 'माओवादी जनयुद्ध' ठूलो टाउको दुखाइको विषय बनेको छ । त्यसैले एमाले चाहन्छ, सकेसम्म सेनाले अहिले नै 'माओवादी जनयुद्ध'लाई सखाप पारिदेओस्, ताकि भोलिको एमाले सरकारले 'माओवादी समस्या'लाई यस रूपमा बेहोर्नु नपरोस् । त्यसका लागि सेनालाई रिझाउन सेना र दरवारको चाहनाबमोजिम एमालेले संकटकालको अनुमोदन गरिदियो । यदि 'माओवादी जनयुद्ध' दमन नभइकन नै एमाले सरकारमा पुगेमा एमालेले पनि माओवादीलाई दमन गर्न सेनालाई नै प्रयोग गर्नुपर्ने 'बाध्यता' उसले

देखिरहेको छ । त्यसकारणले पनि दरवार र सेनालाई चिढाउन एमालेले चाहेन । यसरी देश र जनताको हितलाई परित्याग गरी जनतामा भर परेर होइन, देशी तथा विदेशी प्रतिक्रियावादीहरूसँग साँठगाँठ गरेर संसदीय सरकारको कुर्सीमा पुग्ने र टिक्ने एमाले-चाहना नै 'संकटकाल'को अनुमोदनको पछाडि रहेको मुख्य कारण हो । यो निर्णयले उसको आफ्नै खुट्टामा बन्चरो हानेको छ भन्ने कुरा सत्तालिप्सामा अन्ध एमालेले बुझ्न सकेको छैन ।

एमालेले 'संकटकाल'को अनुमोदन गर्नुको पछाडि रहेको उपरोक्त कारणको पनि जरो कारण के हो ? स्पष्ट छ, एमाले नेतृत्वको वर्ग रूपान्तरण र सैद्धान्तिक-राजनैतिक पतनले नै एमालेलाई यो ठाउँमा पुऱ्याएको हो ।



गस्ती गर्दै शाही नेपाली सेनाहरू

## 'संकटकाल'को अनुमोदन र परिणाम

१. यसले जनताका मौलिक अधिकारहरूको अपहरण गऱ्यो र जनता, नागरिक समाज एवं राजनैतिक पार्टीहरूको भूमिकालाई कमजोर पार्ने कार्य गऱ्यो । सुरक्षा निकायको लाचार छायाँमा परिणत भैसकेको नागरिक प्रशासन प्रमुख प्रतिपक्षी पार्टीले समेत अनुमोदन गरेको संकटकालमा झनै निकम्मा हुन पुग्ने स्थिति उत्पन्न भयो ।

२. पहिले तीन महिने 'संकटकाल'ले नै स्पष्ट पारिसकेको थियो कि 'संकटकाल'ले देशमा विद्यमान संकटको समाधान गर्न सक्दैन । सेना परिचालन र सैनिकीकरणलाई केन्द्रमा राखिएको संकटकालले देशको अर्थतन्त्रलाई टाट पल्टाउने र संकट वृद्धि गर्ने काममात्र गर्नेछ । एमालेले संकटकालको अनुमोदन गरेर देशको अर्थतन्त्रलाई ध्वस्त पार्न र संकट वृद्धि गर्न सहयोग पुऱ्यायो ।

३. एमालेको संविधान संशोधनको प्रस्तावले वर्तमान संकटको समाधान गर्न सक्दैन । त्यसका बावजूद इमान्दारीकासाथ अग्रगामी दिशामा संविधान संशोधनको प्रक्रिया अगाडि बढाउन सकिएमा त्यो थोरैमात्र भए पनि सकारात्मक र सहयोगी कदम नै हुने थियो । तर जनताको अधिकार अपहरण गर्ने तथा निरंकुशतन्त्रलाई बढावा दिने 'संकटकाल'सँग संविधान संशोधनको 'सौदाबाजी' गरेर एमालेले आफ्ना संविधान संशोधन र गहन सामाजिक, 'आर्थिक सुधार'को प्रस्तावलाई अत्यन्त हलुको र महत्वहीन बनाउन पुगेको छ ।

४. दरवारको प्रभावमा रहेको सेनालाई निर्विघ्न ढंगले गतिविधि गर्नका लागि सेनाकै शर्तबमोजिम 'संकटकाल' अनुमोदन गरिदिएर एमालेले प्रतिगमनलाई प्रोत्साहित गर्न भूमिका खेल्न पुगेको छ । (पूर्व प्र.म. गिरिजाप्रसाद कोइरालाको भनाइले समेत सेनाको यो शर्तको पुष्टि गरेको छ) 'संकटकाल'लाई अनुमोदन गरेर एमालेले कांग्रेसको विकल्पमा प्रमुख प्रतिपक्षप्रति रहेको जनताको झिनो आशामाथि पनि तुषारापात गरिदिएको छ । जनताको विपक्षमा सत्तापक्षसँग गला मिलाउने कार्य गरेर एमालेले प्रमुख प्रतिपक्षीय भूमिकालाई निकम्मा सावित गरिदिएको छ र प्रतिगामी शक्तिलाई बाटो फराकिलो पारिदिने कार्य गरेको छ । राजनैतिक पार्टीहरूको भूमिका कमजोर पार्ने कार्यबाट पनि पुनरूत्थानवादी प्रतिगमनलाई नै मद्दत पुग्न गएको छ । यसरी 'संकटकाल'को अनुमोदन गर्ने एमालको भूमिकाले प्रतिगमन र अग्रगमनको द्वन्दसंघर्षलाई अझ आमनेसामने ल्याइदिएको छ । एमालेको यो कार्यबाट प्रतिगामी खतराविरूद्धको एमाले आवाजप्रति गम्भीर प्रश्नचिन्ह खडा गरिदिएको छ ।

५. जनता र राजनैतिक पार्टीहरूको भूमिका कमजोर भएमा विदेशी शक्तिहरूले चलखेल र हस्तक्षेप गर्ने खतरा बढेर जान्छ । जनतामा आधारित नहुने निरंकुशतावादी प्रतिगामी शक्तिहरू हावी भएमा पनि विदेशी हस्तक्षेपको खतरा बढेर जान्छ र राष्ट्रियता कमजोर हुनजान्छ । किनकि त्यस्ता निरंकुश प्रतिगामी शक्तिहरूले आफ्नो निहितस्वार्थका निम्ति विदेशी शक्तिहरूसँग आत्मसमर्पण र सौदाबाजी गर्ने गर्छन् । तसर्थ, 'संकटकाल'लाई अनुमोदन गर्ने कार्यले जनता र राजनैतिक पार्टीहरूको भूमिका कमजोर हुने र निरंकुशतावादी प्रतिगामी शक्ति प्रोत्साहित हुने स्थिति उत्पन्न हुन गएबाट विदेशी हस्तक्षेपको खतरा बढ्न गएको छ ।

## कसले कसलाई थाङ्नामा सुतायो ?

नेपाली कांग्रेस र एमालेको बीचमा यसअघि हुने गरेका सम्झौता र सौदाबाजीहरूमा सधैं नेकाले एमालेलाई थाङ्नामा सुताउने गरेको थियो । तर यसपटक भने यो सत्य रहेन । त्यसको मतलब एमालेले नै नेकालाई सुतायो भन्ने त झनै होइन । वास्तविकता के हो भने, यसपटक एमाले नेतृत्वले नेकासँगको 'सम्झौता'लाई आफ्नै कार्यकर्तालाई थाङ्नामा सुताउन प्रयोग गऱ्यो ।

नेका पार्टी र सरकारले 'संविधान संशोधन'को 'वचन' नदिएको भए पनि एमाले नेतृत्वले 'संकटकाल'लाई अनुमोदन गर्ने थियो । यो कुरा सरकारलाई पनि थाहा थियो । दरवारको दवावमा संकटकालको घोषणा गर्ने नेकाको सरकारलाई एमालेले पनि दरवारका सामु आत्मसमर्पण गरिसकेको छ र ऊ पनि संकटकालको अनुमोदन गर्न सहमत भैसकेको छ भन्ने कुरा थाहा नहुने कुरा थिएन । त्यसैले नेका पार्टी र सरकारले संविधान संशोधनको बारेमा एमालेसँग गरेको 'सम्झौता' संकटकाल अनुमोदनका लागि उसको बाध्यताको परिणाम थिएन । त्यो 'सम्झौता'को पछाडि नेकाभित्रको कुर्सीको खेलले केही भूमिका खेलेको थियो भने मूलतः नेकाले 'संविधान संशोधन'को 'प्रतिबद्धता' संसदमा व्यक्त गरिदिएर एमालेलाई सहयोग गरेको थियो । वास्तवमा त्यो कुनै सौदाबाजी वा सम्झौता नभएर नाटक थियो । त्यसमार्फत् नेकाले एमाले नेतृत्वलाई आफ्ना कार्यकर्ताहरूलाई संविधान संशोधन गराउनका लागि 'संकटकाल'को अनुमोदन गरेको भनी भ्रम छर्ने आधार प्रदान गरेर सहयोग गरेको थियो ।

## अझै छ, एमालेमा संभावना !

नेकपा (एमाले)को यसप्रकारको भूमिकाका बावजुद अझै पनि कम्युनिष्ट समर्थक वामपन्थी जनमतको ठूलो हिस्सा यसको प्रभावमा रहिरहेको छ । एमालेमा अझै पनि देश, जनता र परिवर्तनप्रति इमान्दार थुप्रै कार्यकर्ताहरू छन् । एमालेको वरिपरि अझै पनि कैयौं प्रगतिशील, देशभक्त र जनपक्षीय बुद्धिजीवीहरू छन् । एमालेका सम्पूर्ण इमान्दार कार्यकर्ता र बुद्धिजीवीहरूले यतिबेला अत्यन्तै गम्भीर भएर सोच्नुपर्ने आवश्यकता छ । के एमालेलाई यस्तै जनविरोधी, गैरजिम्मेवारी र गलत निर्णयको शिकार हुन दिइराख्ने हो ? एमालेजस्तो शक्तिले अझै पनि देशलाई यो वा त्यो दिशामा लैजानका लागि महत्वपूर्ण भूमिका खेल्न सक्दछ । त्यसैले एमालेको शक्तिलाई देश र जनताको पक्षमा लगाउने थोरै पनि संभावनालाई पक्रने हो भने एमालेमा रहनुभएका सबै इमान्दार मित्रहरूले निर्णायक संघर्ष गर्नुपर्ने आवश्यकता छ । एमाले नेतृत्वले पनि आफ्नो अन्तरकुन्तरमा कहीं कतै अझै देश र जनताप्रति माया छ भने गम्भीर आत्मसमीक्षाका साथ देश र जनताको हितमा कार्य गर्ने तत्परता प्रदर्शन गर्न जरूरी छ, अन्यथा बेला ढल्किसकेको हुनेछ । ❑

**वास्तविकता के हो भने, यसपटक एमाले नेतृत्वले नेकासँगको 'सम्झौता'लाई आफ्नै कार्यकर्तालाई थाङ्नामा सुताउन प्रयोग गऱ्यो ।**

## नेपालसम्बन्धी आधारभूत तथ्यांकहरू

### नेपालको कुल विदेशी ऋण यसरी बढ्दैछ :

| | |
|---|---|
| ०५४/५५ | १६१.२१ |
| ०५५/५६ | १६९.४७ |
| ०५६/५७ | १९०.६९ |
| ०५७/५८ | १९४.३७ |

स्रोत : महालेखा नियन्त्रकको कार्यालय

| आर्थिक वर्ष | वृद्धिदर |
|---|---|
| ०४१/४२ | ९.२० |
| ०४२/४३ | १०.३३ |
| ०४३/४४ | १५.१७ |
| ०४४/४५ | २०.८३ |
| ०४५/४६ | २९.२२ |
| ०४६/४७ | ३६.८० |
| ०४७/४८ | ५९.५० |
| ०४८/४९ | ७०.९२ |
| ०४९/५० | ८७.४२ |
| ०५०/५१ | १०१.९७ |
| ०५१/५२ | ११३.० |
| ०५२/५३ | १२८.०४ |
| ०५३/५४ | १३२.०९ |

- गएको १५ वर्षमा नेपालको विदेशी ऋण २० गुनाले बढेको छ । ४१ सालमा ९ अरब रुपैयाँ रहेको विदेशी ऋण ५६ सालमा १९१ अरब पुगेको छ । र अहिले १९४ अरब रुपैयाँ पुगेको छ ।
- नेपालले वर्ष दिनभरिमा प्राप्त गर्ने विदेशी ऋणको आधाआधी हिस्सा ऋणकै सावाँ ब्याज भुक्तानीमा खर्च भएर सकिन्छ । मुलुकले अहिले वर्ष दिनमा ११ अर्ब ८१ करोड रुपैयाँ विदेशी ऋण प्राप्त गर्छ । र वर्ष दिनमा सावाँ ब्याज भुक्तानीमा ५ अर्ब ३२ करोड रुपैयाँ खर्च हुन्छ । ❑

## आधारभूत परिसूचकहरू

# नेपाली अर्थतन्त्र

- कुल गार्हस्थ्य उत्पादन GDP सन् २०० मा ५.५ अर्ब अमेरिकी डलर
- गार्हस्थ्य उत्पादन बृद्धिदर वार्षिक औसत (सन् १९९०-२०००) ४.८ प्रतिशत
- गार्हस्थ्य उत्पादनको संरचना, सन् २००० मा

| कृषिको योगदान | उद्योगको योगदान | सेवाको योगदान |
|---|---|---|
| ३९ प्रतिशत | २० प्रतिशत | ४१ प्रतिशत |

- अन्तर्राष्ट्रिय ब्यापार, सन् २००० मा करोड अमेरिकी डलरमा

| निर्यात | आयात |
|---|---|
| ७९.५ | १५९.० |

स्रोतहरु : *World Bank, World Development Report, 2002*

- औद्योगिक उत्पादन बृद्धिदर, २०५७/५८ मा- ३.६ प्रतिशत
- कृषि उत्पादन बृद्धिदर, २०५७/५८ मा- ४.० प्रतिशत
- कुल जलविद्युत उत्पादन क्षमता, २०५७/५८ मा- ३७३.२ मेगावाट
- सदरमुकाममा सडक पुगेका जिल्लाहरु, २०५७/५८ मा- ६५ जिल्ला
- कुल सडक लम्बाई, २०५७ मसान्तसम्ममा- १५,४४८ कि.मी.
- राज्यभरि कुल विमानस्थल संख्या- ४४ वटा
- मूल्य बृद्धिदर, २०५७/५८ को पहिलो आठ महिनामा- २.१ प्रतिशत

माथिका तथ्यांकहरुको स्रोत : अर्थ मन्त्रालय, आर्थिक सर्वेक्षण २०५७/५८

- नेपालको कुल विदेशी ऋण, २०५७/५८ सम्ममा- १९४.३७ अर्ब रुपैयाँ
- विदेशी ऋणको सावाँ ब्याज भुक्तानीमा खर्च हुने रकम, २०५७/५८ मा ५.३२ अर्ब रुपैयाँ
- मुलुकले एक वर्षमा प्राप्त गर्ने कुल विदेशी ऋण, २०५७/५८ मा ११.८१ अर्ब रुपैयाँ

स्रोत : महालेखा निरीक्षक, विष्णुबहादुर के.सी.द्वारा संसदको सार्वजनिक लेखा समितिमा मन्तव्य ।




## तामाङ भाषाको छेह्रेङ्गै

*तुलशा वाईवा, कुन्साङ वाईवा, इन्दिरा योञ्जन र भक्त स्याङतनको संयुक्त प्रस्तुतिको रूपमा हालै तामाङ भाषाको 'छेह्रेङ्गै' नामक गीति एल्बम बजारमा आएको छ । तामाङ हवाई उपनामसमेत दिइएको यस गीति एल्बममा साईड 'ए' मा चार र साईड 'बी' मा चार गरी कूल आठवटा गीत रहेका छन् । यसका संगीतकार हुनुहुन्छ- चन्द्रकुमार दोङ । यस एल्बमको शब्द संकलन रहेको छ- चन्द्रकुमार दोङ, रामबहादुर तामाङ्ग र भक्त स्याङतनको । बि.एन.आर. क्यासेट सेन्टरले उत्पादन तथा वितरण गरेको यस गीति एल्बमको साईड 'ए'मा ग्राङबाजा ह्याङ्से (देखेको हामीले पाउदैनौं) भन्ने बोलको दोहोरी गीत रहेको छ । यसैगरी यही साईडको छेह्रेङ्गै ग्याजांगी (भाग्यमानी होस् वा आयु लामो होस्), जत्तिन दुःखरी (जत्ति दुःख गरे पनि) होई साईली (ए साईली) बोलका गीत रहेका छन् । यसैगरी साईड 'बि' तर्फ तोरतोर खावा (तन्देरी हुँदै आउने जीवनलाई) चरम दोङरी (छोरी चेलीको बेदना) ए ठूली र खल्दा सेसे (कसलाई सुनाउँ दुःखीको कुरा) बोलका गीत रहेका छन् । यस गीति एल्बममा समेटिएका गीतहरूमा आफ्नो सुमधुर स्वर दिएर सिंगार्ने गायक/गायिकाहरूमा कुन्साङ वाईवा, तुलशा वाईवा, इन्दिरा योञ्जन, चन्द्रकुमार दोङ इन्दिरा गुरूङ्ग र भक्त स्याङतन रहेका छन् ।*

❑ **सुशील सापकोटा**


# छिट्टै आउँदैछ

साहित्य र संस्कृति निर्माणमा भूमिका खेलिरहेका महत्वपूर्ण माध्यमहरुबारे विशेष सामग्रीहरुसहित

## मूल्याङ्कनको विशेष अंक

### साहित्य/संस्कृति अंक

यसका केही लेखकहरू हुनुहुन्छ :

डा. चैतन्य मिश्र, डा. ध्रुवचन्द्र गौतम, डा. प्रेमबहादुर खत्री, खगेन्द्र संग्रौला, डा. ताराकान्त पाण्डेय, विमल निभा, नारायण ढकाल, मनुजबाबु मिश्र, हरि अधिकारी, शैलेन्द्र साकार आदि ।

**अन्तर्क्रिया प्रकाशन प्रा.लि.**

◀ पाठकको कुरो

## धेरै आनन्द आयो

आवरणकथासहित औसतभैँ ४८ पेजमा 'मूल्यांकन' को पूर्णाङ्क ९५ मा आफ्नो पत्रले स्थान पाएको पाउँदा धेरै आनन्द आयो । आवरणको चिल्लो पानामा किन ढल्यो अर्जेन्टिनाको अर्थतन्त्र ?, अछाममा माओवादीको भीषण आक्रमण र अहिलेको संकटकालको निकास के ? यी तीन विषयलाई केन्द्र बनाई प्रश्नचिन्हहरूले घेरा हालेका थिए । मलाई लाग्छ, ती प्रश्न तथा जिज्ञासाहरू सान्दर्भिक र मननयोग्य छन् ।

लेखहरू सुहाउँदिला र संग्रहयोग्य नै छन् । नरहरि आचार्यको 'निकासको पहिलो पहल माओवादीबाट हुनुपर्छ' भन्ने पक्षमा मेरो पनि सहमति छ । साहित्य/कविता स्तम्भमा स्वनामधन्य आधुनिककालका चर्चित कवि भूपि शेरचनको 'बसन्त' कवितालाई समेट्नुले 'मूल्यांकन'को समग्र गरिमालाई ओजस्वी बनाएको छ ।

*- केशव क्षितिज*
*क्षितिज स्टेशनरी,*
*चन्द्रनिगाहपुर- १, रौतहट ।*

## यस्ता घटनाहरू कहिलेसम्म ?

पूर्णाङ्क ९५ मा 'अछाममा माओवादीको भीषण आक्रमण' शीर्षकको लेख पढ्न पाएँ । त्यसमा यही फागुण ५ गते राति करीव १ बजेतिर सुदूरपश्चिम नेपालको दुर्गम पहाडी जिल्ला अछामको सदरमुकाम र साँफेबगर विमानस्थलमा माओवादी र प्रहरीबीच भएको भिडन्तबारे विश्लेषण गरिएको छ ।

माओवादी र प्रहरीबीच विहानसम्म भएको त्यस दोहोर कहालीलाग्दो भिडन्तमा ४८ सैनिक, ७६ प्रहरी र प्रमुख जिल्ला अधिकारीसहित करिब १२९ जनाको मृत्यु भएको थियो । त्यस भिडन्तमा माओवादीतर्फ पनि धेरैले ज्यान गुमाएको बताइन्छ । मलाई के लाग्छ भने, माओवादी मरे पनि प्रहरी वा सेना मरे पनि ती सबै गरीव नेपालीका छोराछोरीहरू नै हुन् ।

त्यतिकै कमजोर आर्थिक अवस्था भएको देशमा यस्ता हत्याका घटनाहरू झन् झन् बढ्दै जानुले नेपाल र नेपालीहरूलाई कहाँ पुऱ्याउने हो खै ?

*- गान्धी गौतम 'कंगाल', रौतहट*

## आत्मकथा पनि प्रकाशित गर्ने कि ?

मूल्यांकनका गताङ्कहरूमा अन्तर्क्रिया प्रकाशनले हालसालै प्रकाशित गरेका र आगामी दिनमा छिट्टै प्रकाशित गर्ने किताबहरूको उल्लेख गरिएको पाइन्छ । प्रकाशित किताबहरू धेरै राम्रा छन् । र, अब प्रकाशित हुन लाग्दै गरेका किताबहरू पनि अवश्य नै राम्रा होलान् । पत्रिका प्रकाशित गरी विचार अन्तर्क्रियामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको अन्तर्क्रिया प्रकाशनले अब पुस्तकहरू पनि प्रकाशित गरी बिचार निर्माण प्रक्रियामा अर्को महत्वपूर्ण काम गर्न थालेकोमा म त्यस प्रकाशनलाई हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

तर प्रकाशन सूचीमा क. निर्मल लामाको आत्मकथा किन परेन ? यसतर्फ पनि अन्तक्रिया प्रकाशनको ध्यान जाओस् ।

*- हिरालाल डंगोल, ललितपुर*

## जनमत संग्रह किन हुन सक्दैन ?

पूर्णाङ्क ९५ को आवरण कथामा देशमा अहिले चलिरहेको हत्या-हिंसाले ल्याएको संकटको निकास के हुनसक्छ भन्ने प्रश्नमा विभिन्न राजनीतिक नेता तथा व्यक्तिहरूको बिचार प्रस्तुत गरिएको रहेछ । वास्तवमा सिङ्गै देश अहिले यही प्रश्नको हल खोजिरहेछ । यो स्थितिमा निकासका लागि चिन्तन गर्न सहयोग पुग्ने गरी तयार पारिएको त्यस आवरण कथाबाट सबैले लाभ पाएकै होलान् भन्ने लाग्दछ ।

मूल्यांकनको त्यस अंकमा सत्तारूढ पार्टीका केन्द्रीय नेता नरहरि आचार्यले 'निकासका लागि जनमत लिन सकिन्छ' अर्थात् जनमत संग्रह गर्न सकिन्छ भन्ने विचार व्यक्त गर्नुभएको छ । उहाँले व्यक्त गर्नुभएको विचारअनुसार 'संविधानको धारा ११६ ले स्थापित गरेको वृहत् परिधिभित्र रहेरै जतिसुकै कठिन प्रश्नमा पनि नेपाली जनतालाई सोध्न सकिन्छ, जनताको मत बुझ्न सकिन्छ ।'

त्यस्तै गरी सोही अंकमा प्रकाशित नेपाली कांग्रेसका बौद्धिक व्यक्तित्व प्राध्यापक कृष्ण खनालले पनि 'संविधानसभा गर्ने कि नगर्ने भन्ने सवालमा जनमत संग्रहमा जान कुनै अवरोध बाँकी हुनु नपर्ने हो' भन्ने अभिव्यक्ति दिनुभएको छ ।

अर्का बौद्धिक व्यक्तित्व कल्याणदेव भट्टराईको विचार पनि जनमतमा जानुपर्छ भन्ने रहेको पाइयो । त्यस्तैगरी संयुक्त जनमोर्चा नेपालका महासचिव लिलामणि पोखरेलको विचार पनि जनमतमा जानुपर्छ भन्ने रह्यो । मूल्यांकनका प्रधान सम्पादकले पनि निकासको एउटा उपाय जनमत संग्रह हुन सक्ने विचार व्यक्त गर्नुभएको पाइयो । उहाँका अनुसार 'संविधान संशोधन र जनमत संग्रहमार्फत् जनताले चाहेमा कुनै पनि संविधानका व्यवस्थाहरू बदल्न सकिने प्रणाली' हुनुपर्दछ । नेपाल मजदूर किसान पार्टीका सुनील प्रजापति पनि 'जनमत संग्रहको प्रक्रिया अवलम्बन गर्ने अवधारणाको विषयमा' फरक मत राख्नुपर्ने आवश्यकता देख्नुहुन्न ।

तर आश्चर्यको कुरो के रह्यो भने आफूलाई कम्युनिष्ट आन्दोलनको मूल प्रवाह ठान्ने नेकपा (एमाले) ले भने संविधान सभा वा त्यसको लागि जनमत संग्रह गर्ने भन्ने कुराको छेउ पनि सुन्न चाहेको छैन । पूर्णाङ्क ९५ को मूल्यांकनमा एमालेका नेता झलनाथ खनालले संविधान संशोधनभन्दा माथि उठेर बिचार दिन सक्नुभएन । हुन त उहाँले संकटकालको विरोध गर्नुभएको छ । तर एमालेले संसदमा संकटकालको अनुमोदन गरेको छ । यसरी एमालेले सत्तापक्षकै नीति लिएर प्रतिपक्षको भूमिका किन निर्वाह नगरेको हो ? बुझ्न सकिएन ।

*- पद्मबहादुर खत्री*
*हेटौंडा*

◀ घटना र प्रवृत्ति



# काइँला बा अस्वस्थ

नेपाली कम्युनिष्ट आन्दोलनमा विगत ५२ वर्षदेखि अनवरत रूपमा लागिरहनुभएका देवेन्द्रलाल श्रेष्ठ 'काइँलाबा' गंभीर रूपमा अस्वस्थ हुनुभएको छ । नेपाली कम्युनिष्ट आन्दोलनमा इमान्दार, कर्तव्यनिष्ठ, सरल र समर्पित अथक योद्धाका रूपमा चिनिनु हुने उहाँलाई गत फागुन २२ गतेको विहान सबेरै पाटन अस्पतालमा भर्ना गरिएको थियो । एपेण्डिसाइटिक्सको अपरेशनको लगत्तै उहाँमा निमोनिया, दम, ब्रोङकाइटिस र मधुमेहको समस्या एकसाथ चर्को रूपमा बढेकोले उहाँको अवस्था गंभीर भएको थियो । सघन उपचारपश्चात हाल आएर उहाँको स्थिति सुध्रिएको छ ।

चिकित्सकहरूका अनुसार उहाँको मूत्रप्रणालीमा अझै केही समस्या बाँकी रहेको बुझिएको छ ।

वि.सं. १९९७ मा राणाहरूले शुक्रराजशास्त्री, दशरथ चन्द, धर्मभक्त र गंगालाललाई शहीद बनाएपछि त्यसबाट आक्रोशित भई काइँलाबा राणाहरूको विरुद्ध भूमिगत रूपमा राजनीतिमा लाग्नुभएको थियो । त्यसपछि उहाँ विगत ६१ वर्षदेखि राजनीतिक कर्ममा जुटिरहनुभएको देखिन्छ ।

२००६ सालमा नेकपाको स्थापना हुँदा उहाँ भारतमै हुनुहन्थ्यो । र, म्याट्रिक परीक्षाको तयारीको क्रममा भएकोले उहाँ पार्टी स्थापनाको भेलामा प्राविधिक रूपले उपस्थित हुन सक्नु भएन । तर पार्टी स्थापनापूर्व, त्यससम्बन्धी गतिविधिमा उहाँ पनि संलग्न हुनुहुन्थ्यो र पार्टी स्थापनाको लगत्तैदेखि उहाँले पार्टीको काम गर्नुभएको थियो ।

उहाँ अनवरत रूपमा पार्टी काममा लाग्दै आउनुभयो । हाल उहाँ सं.ज.मो. नेपालसँग सम्बन्धित हुनुहुन्छ । हामी उहाँको शीघ्र पूर्ण स्वास्थ्य लाभको कामना गर्दछौं । ❑ **'मूल्यांकन' परिवार**


FEEL THE THRILL
Wherever you are
BY APPOINTMENT TO THE ROYAL DANISH COURT
TUBORG
BEER
professional/GBL-2000


हिमाल स्टील
NS - Quality Award - 2001
द्वारा सम्मानित
NS QUALITY AWARD
विगत ४० वर्ष देखिको तपाईंको विश्वासको प्रतिफल स्वरूप
हिमाल स्टीलको उत्पादन, वितरण र बजार व्यवस्थापनमा
हामीले कायम गर्दै आएको उच्च गुणस्तरको लागि
ISO 9002 प्रमाण पत्र प्राप्त गरेपछि अब हाम्रो मार्क अंकित
Deformed Steel Bars for concrete Reinforcement (8 mm to 32 mm)
फलामे डण्डीको गुणस्तरीय उत्पादनका लागि
NS - Quality Award - 2001
प्राप्त गर्न सफल भएका छौं ।
ज्योति
हिमाल आयरन एण्ड स्टील (प्रा) लि.
ज्योति भवन, कान्तिपथ, पो. ब. १३३, काठमाडौं
फोन: २२५२३०, २२५४९०, फ्याक्स : २२६३१४